# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल भौगोलिक सांस्कृतिक भाषिक र धार्मिक बहुलता भएको मुलुक हो । जनसंख्याको दृष्टिमा विश्वका दुई ठूला मुलुकहरु भारत र चीनको बीचमा रहेकोले अपेक्षाकृत सानो लागे पनि विश्वका अरु देशहरुको तुलनामा क्षेत्रफल र जनसंख्या दुवै आधारमा यो मध्यम स्तरको मुलुक हो । नेपाल अत्यन्त कम विकसित मुलुकहरुको सूचीमा रहेको छ । नेपालको ४२ प्रतिशत जनसंख्या निरपेक्ष गरिबीको रेखामुनी रहेका छन् । सामाजिक विकासका दृष्टिकोणले नेपाल विश्वमा १३७ औं स्थानमा रहेको छ । यसैगरी कुल जनसंख्याको ३४ प्रतिशतले प्रतिदिन १ अमेरिकी डलर भन्दा कम आर्जन गर्ने गरेको पाईन्छ । ( महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, नेपाली बालबालिकाको स्थिति :२०६३:६ )

नेपालको पूर्व पश्चिम र दक्षिणमा भारत र उत्तर तर्फ चिनको स्वशासित क्षेत्र तिब्बत पर्दछ । प्रशासनिक आधारमा नेपाललाई ५ विकास क्षेत्र १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएको छ । २०५८ सालको जनगणनानुसार नेपालको कुल जनसंख्या २,३१,५१,४२३ रहेकोमा पुरुषको संख्या १,१५,६३,९२१ (४९.९४) महिलाको संख्या १,१५,८७,५०२ (५०.०६) रहेको छ भने धार्मिक अवस्थालाई हेर्दा हिन्दू (७९.१७) बौद्ध (१०.५५) र अन्य धर्म मान्ने मानिसहरु १०.२८ नेपालमा बसोबास गर्दछन् । राजनीतिक अवस्थामा राजतन्त्र समाप्त भई गणतन्त्रको स्थापना भएको छ । निर्वाचित राष्ट्रपतिको नियुक्ती समेत भएको छ । यहाँ विभिन्न जात जाति भाषा भाषि तथा विभिन्न सम्प्रदायहरुको विविधता बीच एकता देखिन्छ । देशको सबै भागमा एकै प्रकारका हावा पानी जलवायु वातावरण धरातलिय स्वरुप पाइदैन । गर्मी याममा तराईमा ४० डिग्री से. र पहाडमा २० डिग्री से. तापकम हुने यस देशमा हिमाली प्रदेशमा सधैं जाडो हुने गर्दछ । नेपालमा मानव उत्पत्ति हेर्दा सन् १९८० मा बुटवलको तिनाउ नदीमा प्राप्त धेरै वर्ष पहिलेको पुरानो रामापिथेकसको अवशेष र विभिन्न ठाउँबाट प्राप्त हुदै आएको नवपाषणकालीन सामग्रीहरुले यस क्षेत्रमा ऐतिहासिक काल देखि नै मानव कृयाकलाप अस्तित्वमा आई सकेको प्रमाणित हुन जान्छ । (दाहाल :२०५६ : १३) प्राचिनकाल देखि नै विभिन्न जात जातिको बसोबास प्रारम्भ भईसकेको कुरालाई भरपर्दो र विश्वासिलो मानिन्छ । नेपालको इतिहासमा लिच्छविकाल भन्दा अगाडि जाति जनजातिहरुको संरचनाको विषयमा प्रष्ट हुन नसकेको भए पनि लिच्छवि कालीन समाज जातिय समिश्रणबाट बनेको कुरा तत्कालीन समयका अभिलेखहरुबाट प्रष्ट हुन जान्छ । लिच्छविकाल देखि नै नेपालमा जातिय व्यवस्थाको जग बसिसकेको र समाज हिन्दू वर्णाश्रम व्यवस्थामा आधारित भई संचालित हुदै आएको मानिन्छ ।

नेपालमा बसोबास गर्ने विविध जात जातिहरुमा हिमाली भेगमा शेर्पा, भोटे, थकाली आदि जातिको बसोबास रहेको पाईन्छ भने पहाडी क्षेत्रमा क्षेत्री, ब्रहमण, राई, लिम्बू, तामाङ, नेवार, ठकुरी, दमै, कामी, सार्की, आदिको बसोबास रहेको पाईन्छ । काठमाण्डौ उपत्यकामा भने

नेवार, ब्राहमण, क्षेत्री र तामाङ एवं तराईमा मुसलमान, थारु, राजवंशी, यादव, झा, झाँगड, मुसहर, वाँतर, सतार, राजपुत, तेली, शाहा, आदि जातिको बसोबास गरेको पाईन्छ ।

नेपाल बहुसंस्कृति, बहुजाति, बहुभाषिक मुलुक भएको यर्थाथलाई नेपालको अन्तरिम संविधान २०६३ ले पनि स्वीकारेको छ । नेपालको यही भाषिक, सांस्कृतिक, धार्मिक विविधता विशेषता र मौलिक पहिचान हो । यस देशमा भएका यही जातिय एवं सांस्कृतिक विविधताले गर्दा विश्वका हरेक मानवशास्त्री र समाजशास्त्रीहरुले विविध जातजाति एवं धर्म संस्कृतिको अध्ययनका लागि केन्द्रित भएको पाउँदछौ । सूचना विभागले नेपालमा ५९ वटा जातजातिहरुको नाम प्रकाशित गरेको छ । प्राकृतिक, सामाजिक, सांस्कृतिक विविधताले भरिएको नेपालमा भाषा, धर्म, चाडपर्व रहनसहन र जीवन पद्धतिमा समेत ठुलै विविधता रहेको देखिन्छ ।

हिन्दू समाजमा खास गरी वर्ण व्यवस्थामा ४ वटा वर्णहरु ब्राहमण, क्षेत्री, वैश्य, र शुद्र रहेको छ । तर नेपाली जाति व्यवस्थामा तीन वटा वर्गहरु तागाधारी मतवाली र पानी नचल्ने रहेका छन् । तागाधारीमा जनै लगाउने ब्राहमण र क्षेत्री पर्दछन् । त्यसै गरी मधिरा सेवन गर्ने मतवाली र पानी नचल्ने जात अछुतको रुपमा चिनिन्छन् । प्रयागराज शर्माले डोम, तेली, मुसहर, सुडी, सतार, बातर, कामी, दमाई, सार्की कसाई पाँडे, च्यामे आदिलाई अछुत जातको रुपमा लिएका छन् । ( शर्मा:१९७७.१२ )

दर्जी जातिको जातीय इतिहासलाई हेंदा छैटौ शताब्दीको आसपासमा तिब्बतका घोडापालक कविलाहरुको जमात वर्तमान नेपालमा प्रवेश गरी मध्ये पहाडी तथा हिमाली क्षेत्रमा आवाद भएको पाईन्छ । ऐतिहासिक दस्तावेजहरुमा दर्जी जातिलाई कुनै महत्व नदिएता पनि काठमाण्डौ उपत्यकाको राजनीतिक इतिहास, केही वंशावली तथा तिब्बती श्रोत एवं धार्मिक ग्रन्थहरुको आधारमा नै दर्जी जातिको इतिहास बुझ्नु पर्ने बाध्यता रही आएको छ । ( रुपसिंह चाहार २०६० पृ.१ )

अर्को भनाईमा सन् ६४० मा दक्षिण तिर आक्रमण गरी वर्तमान नेपालको काठमाण्डौ उपत्यका लगायत पहाडी भू भाग ओगटेर बसेका थिए । तिनै दर्जीहरु नेपालको मध्यमाञ्चल क्षेत्रको पहाडी भू भाग रसुवा, धादिङ, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा र पूर्वी पहाडी क्षेत्रका विभिन्न गाउँ हुदै इलाम जिल्लाको इलाम नगरपालीकामा पनि बसोबास गर्दै आएका छन् । दर्जी जातिका संस्कारहरु चाल चलन रीतिस्थिति अन्य जातिको तुलनामा फरक प्रकारको देखिन्छ । तापनि समाजमा सबै जातिसँग मिलेर बसेका कारणले दर्जी जातिका थुप्रै कुराहरु अरु जातिहरुसँग पनि मिलेको पाईन्छ । नेपालमा दर्जी जातिको कुल जनसंख्या २०५८ सालको जनगणना अनुसार १२,८२, ३०४ रहेको छ जस मध्ये पुरुष ६,४१,३६१ तथा महिला ६,४०,९४३ संख्यामा छन् ।

इलाम जिल्ला एक बहुजाति, बहुजाति, बहुभाषी, बहुधार्मिक जनसंख्या बसोबास गर्ने जिल्लाको रुपमा परिचित छ । २०५८ सालको जनगणना अनुसार इलाम जिल्लाको कुल जनसंख्या २,८२,८२२ रहेको र जस मध्ये १,४२,५३५ पुरुष र १,४०,२८७ महिला रहेका छन् । यही जनगणना अनुसार इलाम जिल्लामा दर्जी जाति २,३४८ संख्यामा छन् । यहाँको उच्च

पहाडी बस्तिमा लिम्बू, राई, किराँती, भोटे, शेर्पा, तामाङ र मगर जाति बसोबास गर्दछन् भने होचा पहाडी ग्रामीण बस्तिमा ब्राहमण क्षेत्रीको बाहुल्यता रहेको पाइन्छ । धर्मको आधारमा हिन्दू, बौद्ध, इस्लाम र जैन धर्मावलम्बीहरुको बसोबास भएता पनि हिन्दू र बौद्ध धर्मावलम्बीहरुको बाहुल्यता रहेको देखिन्छ । भाषा अनुसार नेपाली भाषीहरुको संख्या ५८.३७ प्रतिशत रही सबभन्दा बढी भएको पाईएको छ । अन्य भाषीहरुमा राई किराँत १६.५२ प्रतिशत लिम्बू ११.३ प्रतिशत दर्जी ४.३४ प्रतिशत मगर ३.६४ प्रतिशत र अन्य ५.८३ प्रतिशत रहेको पाइन्छ । इलाम नगरपालीका भित्र भने ६७४ घरधुरीमा दर्जी जातिहरुको बसोबास रहेको छ । (जिल्ला पार्श्व चित्र इलाम :२०६० पृ.७ )

दर्जी जातिको संस्कार संस्कृति रहनसहन भेषभूषा लवाई खुवाई फरक किसिमको लैंगिक भूमिका पाईन्छ । महिलाहरुले, कुर्था सुरुवाल, जामा, फरक पटुका बाँधेका हुन्छन् भने पुरुषहरुले पेन्ट सर्ट लगाएको, कसैले दाउरा सुरुवाल कोट टोपी लगाएका हुन्छन् । बुढाबुढीहरु दाउरा सुरुवाल ब्लाउज चोलो, चौबन्दी चोली लगाउँदछन् । महिलको पहिरन बाहुन जातिमा गुन्यु चोलो दिए जस्तै दर्जी संस्कारमा गुन्यु चोलो दिने संस्कार छ । त्यसलाई भात ख्वाउने भन्दछन् । यसरी महिला र पूरुष बीच भेषभूषामा फरक पाईन्छ ।

दर्जी जातिमा मामा चेला फुपु चेली बीच विवाह सम्बन्ध हुन्छ । विवाहमा घरमा बुनेको कपडा लोग्ने स्वास्नी बीच आदान प्रदान हुन्छ । यसबाट सामाजिक सम्बन्धलाई बलियो बनाउन मद्धत गर्दछ । तानबुन्ने, सिलाईकटाई, बुनाई कार्यलाई दर्जी महिलाले लिएका हुन्छन् भने लेखन कार्यमा पुरुष लागेका हुन्छन् । महिलाको तानबुन्ने कार्यले सामाजिक एकता लेनदेन र सहयोगको आदान प्रदान गर्नका साथै वैवाहिक सम्बन्धमा हुने असमानता र अस्थीरतासँग पनि सम्बन्ध राखेका हुन्छन् । त्यसै गरी पुरुषको लेखन कार्यले वंश तथा जातिको स्थीरता र पुरुषको प्रभुत्वलाई जनाउँछ । पुरुषको कलमको महिमा गर्दछ भने महिलाले तानको । यसरी पुरुषको लेखन कार्यले सिलाई बुनाई कार्यले वंशजलाई अगाडि बढाउने कुरालाई जोड दिएको हुन्छ । पुरुषहरुको स्थान उच्च रहेको हुन्छ । यस कामको फरक प्रकृतिले दर्जी समाजमा लैंगिक विभेदको अवस्थालाई देखाएको छ ।

दर्जी जातिको आर्थिक क्षेत्रमा लैंगिक भूमिकालाई हेर्दा घरको सम्पत्तिमा महिलालाई कानूनी अधिकार रहन्छ भने माइती तर्फबाट प्राप्त पेवा सम्पत्तिमा महिलालाई पूर्ण अधिकार रहन्छ । महिलालाई सम्पत्तिमा दोहोरो अधिकार रहने र कुनै कारणले छोरी माइतीमा बसे वा सम्बन्ध विच्छेद भएमा पेवा सम्पत्ति फिर्ता हुने भई आर्थिक रुपमा आत्म निर्भर रहने भएकोले घरायसी निर्णय प्रकृयामा महिलाको भूमिका महत्वपूर्ण रहेको पाइए तापनि दर्जी जातिमा महिला र पुरुष बीचको लैंगिक अवस्था के कस्तो छ भन्ने बारेमा सुक्ष्म रुपमा अध्ययन हुन नसकिरहेको अवस्था, अर्कोतिर वर्तमान सन्दर्भमा महिला हक र अधिकारको बारेमा व्यापक रुपमा उठी रहेको, निर्माणधीन संविधानमा महिलाहरुलाई समान अधिकार दिनु पर्ने र विकासमा पुरुष सरह डोर्याउनु पर्ने भएकोले इलाम नगरपालीकाका दर्जी महिलाहरुको अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन :

नेपालमा अल्प संख्यामा रहेका जातिहरु मध्ये दर्जी जाति पनि एक हो । नेपालको पश्चिम दोलखा जिल्ला सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लाको प्राचीन सांस्कृतिक केन्द्रको रुपमा रहेको दोलखा जिल्लाको सेरोफेरो नै दर्जी जातिको प्रमुख बासस्थान केन्द्र हो । दर्जी जातिको आफनै मातृभाषा नेपाली भाषा लिपि धर्म संस्कृति परम्परा रहेको छ । त्यसो त दर्जी जाति मुलुकका चारैतिर थोर बहुत रुपमा फैलिएर रहेका छन् । इलाम नगरपालीका भित्र पनि दर्जी जातिको बसोबास रहेको पाइन्छ । केही स्वदेशी तथा विदेशी लेखकहरुले दर्जी जातिको बारेमा कलम चलाउनु भएको पाईन्छ । जे जति अध्ययन अनुसन्धान स्वदेशी तथा विदेशी विद्धानहरुबाट भएको छ ती अध्ययन अनुसन्धानहरु कमै मात्रामा भएका त्यसमा पनि दर्जी जातिका महिलाहरुका बारेमा हाल सम्म अध्ययन अनुसन्धान हुन सकेको छैन । इलाम नगरपालीका भित्र रहेका दर्जी महिलाहरुको लैंगिक अवस्था के कस्तो छ ? भनी अध्ययन अनुसन्धान हुन सकेको छैन । यस शोधपत्रमा इलाम नगरपालीकाका दर्जी महिलाहरुको शिक्षामा रोजगारमा, सम्पत्तिमा र निर्णय प्रकृयामा कतिको पहुँच र सहभागिता छ ? उनीहरुको राजनीतिक स्थिति कस्तो छ ? दर्जी महिला दर्जी पुरुषहरु भन्दा पछाडी पर्नुको कारण के हो ? यी सबै प्रश्नहरुलाई समस्याको रुपमा यस शोधपत्रले ध्यान केन्द्रित गरेको छ । यस अध्ययनले निम्न अनुसन्धनात्मक प्रश्नहरुलाई समावेश गरेको छ ।

क. दर्जी जातिका महिलाहरुको लैंगिक अवस्था कस्तो छ ?

ख. दर्जी महिलाहरुको निर्णय प्रकृयामा दर्जी महिलाको सहभागिता कत्तिको छ ?

ग.दर्जी महिलाहरुको आर्थिक, सामाजिक सांस्कृतिक शैक्षिक अवस्था कस्तो छ ?

घ. दर्जी जातिका महिलाको राजनीतिक संलग्नता कस्तो छ ?

## १.३ अध्ययनको उद्धेश्य :

इलाम नगरपालीकाका दर्जी महिलाहरुको लैंगिक अवस्था के कस्तो रहेको छ भन्ने बारेको अध्ययन नै यस शोधपत्रको प्रमुख उद्धेश्य रहने छ । शोधपत्रको निम्न उद्धेश्य पनि रहेका छन् ।

क.दर्जी महिलाहरुको लैगिक अवस्थाको अध्ययन गर्ने ।

ख.इलाम नगरपालीकाका दर्जी महिलाहरुको आर्थिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक र सामाजिक अवस्थाको बारेमा अध्ययन गर्ने ।

ग.दर्जी महिलाहरुको निर्णय क्षमताको बारेमा विश्लेषण गर्ने ।

## १.४. अध्ययनको महत्व :

चार जात छत्तिस वर्णको साझा फूलबारी यो देश नेपालमा दर्जी जाति पनि एक फूल हो । जसले राष्ट्रिय संस्कृतिको मूल प्रवाहलाई मजबूत बनाएको छ । दर्जी संस्कृति परम्परा रहनसहन जीवन शैलीले नेपाली साझा संस्कृतिलाई सुदृढ र सम्बृद्ध बनाएको छ । यो अध्ययनले इलाम नगरपालीका भित्र बसोबास गर्ने दर्जी महिलाहरुको लैंगिक अवस्थाको बारेमा जानकारीको लागि सहयोग पुर्‍याउने छ । साथै यस स्थलगत अध्ययन गर्नुको महत्व निम्न बमोजिम रहने छ ।

क. आर्थिक, राजनीतिक, सांस्कृतिक, र सामाजिक संरचनामा इलाम नगरपालीकाका दर्जी महिलाहरुको लैंगिक अवस्थाका बारेमा जानकारी प्राप्त हुन सक्नेछ ।

ख.आर्थिक सामाजिक संरचनामा जनजाति महिलाहरुको सहभागिता र सशक्तिकरणको प्रश्न उठिरहेको वर्तमान सन्दर्भमा नीति निर्माता, विभिन्न संघ संस्थाहरुलाई नीति निर्माणको लागि र जानकारीको लागि सहयोग पुर्‍याउन सक्नेछ ।

ग.यस विषयमा अध्ययन गरी सकेपछि सामाजिक परिर्वतनको दिशाबोध गराउन सानै भएपनि सहयोग पुर्‍याउन सक्ने छ ।

घ.यस अध्ययन पछि दर्जी महिलाहरुको सामाजिक संगठनहरुमा के कस्तो स्थिति रहेको छ । सो बारेमा जानकारी प्राप्त हुने छ ।

ङ.यस विषयमा जानकारी राख्न चाहने मानिसहरुको लागि एक अध्ययन सामग्रीको रुपमा काम लाग्ने छ ।

च.दर्जी संस्कार संस्कृतिमा पर्दै गएको आधुनिकताको प्रभावको बारेमा सामान्य जानकारी हुनेछ ।

### १.४.१ अध्ययन क्षेत्र छनौंटको औचित्य :

इलाम नगरपालीका नेपालको पूरानो शहर मध्येको एक शहर हो । यहाँ विभिन्न जात जातिका मानिसहरु पहिल्यै देखि बसोबास गर्दै आएका, विभिन्न जात जातिका मानिसहरु बसाई सरी आउने क्रम जारी रहेका, यहाँ परम्परा देखि दर्जीहरु पनि बस्दै आएका र बसाई सरेर दर्जीहरु पनि विभिन्न ठाउँबाट आउने गरेको हुँदा अन्य ठाउँमा भन्दा इलाम नगरपालीकामा दर्जीहरुको जनघनत्व बढी भएकोले यस क्षेत्रका दर्जी महिलाहरुको अध्ययन गर्दा अन्य क्षेत्रको तुलनामा बढी मात्रामा दर्जी महिलाहरुको अध्ययन गर्ने सकिने भएको हुँदा इलाम नगरपालीकालाई अध्ययन क्षेत्रको रुपमा छनौंट गरिएको हो । यसका साथै दर्जी जातिका महिलाहरुको लैंगिक अवस्थाको समाजशास्त्रीय अध्ययन छनौंट गर्नुका कारणहरु निम्न पनि रहेका छन् ।

क.यस इलाम नगरपालीकामा बसोबास गर्ने दर्जी जातिका महिलाहरुको सम्बन्धमा हालसम्म कुनै पनि अध्ययन र अनुसन्धान हुन नसकेको हुनाले ।

ख.अध्ययन कर्ताको रुचि एवं पूर्ण जानकारीको क्षेत्र हुनुका साथै यसै क्षेत्रमा शोधकर्ता बसोबास गर्ने भएकोले दर्जी जातिहरुसँग प्रत्यक्ष परिचित भएकोले वास्तविक तथ्यहरु पत्ता लगाउन सजिलो हुने भएकोले ।

ग.समय र श्रमको बचतको साथ साथै अस्पष्ट भएका कुराहरु स्पष्ट गर्न सजिलो हुने भएको, अवलोकन र अर्न्तवार्ता लिन पनि सजिलो हुने भएकोले ।

घ.दर्जी जातिको महिलाहरुको स्थिति अध्ययन गर्न चाहने व्यत्तिहरुका लागि वास्तविकता थाहा पाउन सजिलोको लागि ।

## १.५.अध्ययनको सीमा :

सम्पूर्ण देश भरिकै दर्जी जातिका महिलाहरुको लैंगिक अवस्थाको अध्ययन र अनुसन्धान गर्न समय र स्रोत साधनले नभ्याउने भएकोले निम्न सीमाहरुमा सीमित रही अध्ययन गरिने छ ।

क. यस अध्ययनको अध्ययन क्षेत्र इलाम जिल्ला इलाम नगरपालीकामा बसोबास गर्ने दर्जी समुदायमा मात्र अध्ययन सीमित रहेको छ ।

ख.यस अध्ययनले दर्जी जातिका महिलाहरुको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, विषयलाई मात्र समेटिएको छ । अन्य किसिमको अध्ययन गरिएको छैन ।

ग.यस अध्ययनमा अवलोकन, अर्न्तवार्ता, प्रश्नावली र वैयत्तिक अध्ययन तथा अन्य दितीय स्रोतहरुको प्रयोग गरिएको छ ।

घ.यस अध्ययनमा इलाम नगरपालीकामा दर्जी जातिका जम्मा घर धुरी संख्या ७४ रहेकोमा त्यस घर धुरी मध्ये २५ घर धुरीलाई मात्र नमूनाको रुपमा लिएको छ । जुन समग्रको ३३.७८ प्रतिशत हुन्छ ।

## १.६.अध्ययनको संगठनात्मक स्वरुप :

यस अध्ययनको शीर्षक नेपालमा दर्जी जातिका महिलाहरुको लैंगिक अवस्था इलाम नगरपालीकाको स्थलगत एक समाजशास्त्रीय अध्ययन रहेको छ । यस शोधपत्रको शीर्षकको औचित्य तथा यसमा उल्लेख गरिएका उद्धेश्यहरु पुरा गर्ने हेतुले प्रस्तूत शोधपत्रमा ६ वटा परिच्छेदहरु समेटिएको छ ।

अध्याय एक : यस अध्यायमा अध्ययनको पृष्ठभूमि, अध्ययनको समस्या कथन, अध्ययनको उद्धेश्य, अध्ययनको महत्व, अध्ययन छनौंटको औचित्य र अध्ययनको संगठनात्मक स्वरुप, अध्ययनको सीमा प्रस्तूत गरिएको छ ।

अध्याय दुई : यस अध्यायमा पूर्व साहित्यको अध्ययन गरिएको छ । यसलाई दुई खण्डमा विभाजन गरी अध्ययन गरिएको छ । पहिलो खण्डमा पूर्व साहित्यको अध्ययन गरिएको छ भने दोश्रो खण्डमा सैद्धान्तिक समीक्षा गरिएको छ ।

अध्याय तीन : यस अध्यायमा अध्ययन गर्नका लागि आवश्यक विधिहरुको बारे चर्चा गरिएको छ । जसमा अनुसन्धान ढाँचा तथ्याङ्कको स्रोत, नमूना छनौट, तथ्याङ्क संकलनका विधिहरु, र तथ्याङ्क प्रस्तुति र विश्लेषणको चर्चा गरिएको छ । तथ्याङ्क संकलनका विधिहरुमा पनि अवलोकन, प्रश्नावली, अर्न्तवार्ता तथा वैयत्तिक अध्ययनका बारेमा विश्लेषण गरिएको छ ।

अध्याय चार : यस अध्यायमा अध्ययन क्षेत्रको परिचय गरिएको छ । यस अर्न्तगत इलाम जिल्ला र इलाम नगरपालीकाको परिचय गराईएको छ ।

अध्याय पाँच : यस अध्यायमा प्राप्त भएका तथ्याङ्कहरुलाई तालिकीकरण गरी यिनीहरुको प्रतिशतमा विभिन्न शीर्षक अनुसार तालिकाबद्ध रुपमा प्रस्तुत गरिएको छ । यस अर्न्तगत प्राप्त भएका तथ्याङ्कहरुको आवश्यक विश्लेषण र व्याख्या तालिकाको माध्यमबाट प्रस्तुत गरिएको छ ।

अध्याय छ : यस अध्ययनमा यस शोत्रपत्रको सारांश र निष्कर्षलाई छोटकरीमा प्रस्तुत गरिएको छ । साथै सुझावहरु पनि प्रस्तुत गरिएको छ । अन्तमा सन्दर्भ सामग्रीहरुको सूची प्रश्नावली तथा उत्तरदाताहरुको नामावली राखिएको छ ।

# अध्याय दुई

## २.१ पूर्व साहित्यको समीक्षा :

### २.१.१ सन्दर्भ सामाग्री सम्बन्धि प्रकाशित लेख रचनाहरुको समीक्षा :

महिला कानुन र विकास मञ्च ( २०६४ फागुन पृष्ठ २ ) को सिमान्तकृत आवाज शीर्षकमा प्रकाशित लेखमा नेपालको सन्दर्भमा सदियौ देखिको पितृसत्तात्मक सोच समाजमा रहेको पुरुष र महिला विचको सामाजिक राजनीतिक विभेदहरुले गर्दा हालसम्म पनि महिलाहरु दोस्रो दर्जाको नागरिकको रुपमा रहेका छन् । हालसम्म पनि राज्यको कानुनी प्रावधानहरुमा थुप्रै विभेदपूर्ण व्यवस्थाहरु कायमै छन् । जनआन्दोलन २ मा महिलाहरुको विशाल सहभागिता र महिला अधिकारको विषयमा आएको राष्ट्रिय चेतनाले पुर्नस्थापित प्रतिनिधि सभाद्धारा मिति २०६३।०२।१६गते संसदबाट पारित संकल्प प्रस्तावले आमाको नामबाट नागरिकता बनाउन पाउने, राज्यको हरेक क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गराउने, महिला विरुद्ध हुने हिंसाको अन्त्य गराउने जस्ता महत्वपूर्ण उपलब्धिले भेदभावपूर्ण अवस्थाको अन्त्य गर्ने आधारहरु स्थापित गरेका छन् भनी उल्लेख गरिएको छ ।

महिला कानुन र विकास मञ्चको ( मिति छैन ) महिला विरुद्ध भेदभावपूर्ण कानुन उपलब्धि र भावि रणनीतिहरु भन्ने शिर्षकमा प्रकाशित लेखमा नेपालमा सामाजिक सांस्कृतिक मूल्य मान्यताबाट मात्र होइन राज्यले निमार्ण गरेको कानुनबाट समेत महिलाहरु माथि भेदभाव भईरहेको पाइन्छ । जनसंख्याको अनुपात पुरुषको भन्दा बढी भए पनि जीवनका हरेक क्षेत्रमा महिलाहरु पछाडि छन् । शिक्षा, रोजगार, आर्थिक श्रोत माथिको पहुँच, राजनीतिक क्षेत्रमा सहभागिता आदि विविध क्षेत्रमा नेपाली महिलाहरु विभेदित रहेका छन् । महिलाहरुको सामाजिक स्थितिका बारेमा गरिएका विभिन्न अध्ययनहरुले महिलाहरु दोस्रो दर्जाको नागरिकको रुपमा रहेको देखाएको छ । विधमान धार्मिक, सामाजिक, सांस्कृतिक मूल्य मान्यताका कारणले महिलाहरु पछाडि परेका मात्र छैनन्, कतिपय अवस्थामा उत्पिडित समेत हुन पुगेका छन् भन्ने कुरा उल्लेख गरिएको छ ।

सम्पत्तिमा महिलाहरुको पूर्ण अधिकार नभएकाले महिलाहरु माथि विभिन्न हिंसाहरु हुने गरेका छन् । आधारभूत आवश्यकताहरु पूरा गर्न आवश्यक श्रोतहरु माथि महिलाको नियन्त्रण नहुनुले उनीहरुको आवश्यकता अनुसार पैसा नपाउने, बाहिरी काम गर्न जान नदिने जस्ता विभिन्न प्रकारले महिला माथि आर्थिक साथै मानसिक शोषण गर्ने गरिएको विभिन्न सर्भेक्षणहरुले पुष्टि गरेका छन् भन्ने उल्लेख गरिएको छ । ( ओरेक २०६१ ) ।

महिला, बाल बालिका तथा समाज कल्याण मन्त्रालय ( २०६४ ) को लैंगिक समताको मूल प्रवाहीकरण शीर्षकमा लैंगिक समानताको दृष्टिकोणले नेपाल निकै पछाडी परेको छ । देशमा विधमान पितृसत्तात्मक सोच, अवधारणा, व्यवहार नीति नियमले महिलाहरुको क्षमता माथि नकारात्मक प्रभाव पार्नुका साथै उनीहरुलाई गरिबीको दुष्चकमा रुमलिन बाध्य बनाएको छ । यसका साथै धर्म, संस्कृति र परम्पराको नाममा सदियौ देखि चली आएको पितृसत्तात्मक मूल्य र

मान्यताले सामाजिक तथा आर्थिक क्षेत्रमा विधमान संरचनात्मक असमानताले गरिबी र हिंसासँगै लैंगिक असमानता र भेदभाव पनि सृजना गरेको छ भन्ने उल्लेख गरिएको छ ।

## २.१.२ पूर्व अध्ययनहरुको समीक्षा :

पितृसत्तात्मक सोच अवधारणा र व्यवहारबाट ग्रसित समाजमा महिलाहरुलाई हरेक क्षेत्रमा विभेद गरेको पाईन्छ । चाहे त्यो पारिवारीक स्तरमा होस वा सामाजिक वा राष्ट्रिय स्तरमा अझ देश व्यापी रुपमा नै किन नहोस महिलाहरुलाई कुनै कुनै रुपमा विभेद गरिएको देखिन्छ । फरक यति मात्र हो कि विभेदका तहहरु फरक फरक रहेका हुन्छन् । हाम्रो नेपाली समाजमा महिला पुरुष बीच गरिने लैंगिक विभेदको शुरुवात जन्म देखि नै हुन्छ । महिलाहरु व्यत्तिले पाउने जन्म सिद्ध अधिकारहरुबाट समेत बन्चीत छन । अझ गरिब र पछाडि पारिएका आदिबासी जनजातिहरुमा त्यसमा पनि महिलाहरुमा त यो विभेदको स्थिति अत्यन्तै विकराल अवस्थामा छ । हाल पनि नेपाली समाजमा अधिकांश महिलाहरु अनौपचारिक, निर्वाहमुखि, घरायसी ज्याला प्राप्त नहुने तथा कम ज्याला प्राप्त हुने कार्यमा संम्लग्न रहेका छन । तीन वर्षे अन्तरीम योजना २०६४ का अनुसार घर बाहिरको आर्थिक कृयाकलापमा महिलाहरुको श्रम योगदान प्रतिहप्ता ३६.३ घण्टा र पुरुषहरुले ४२.२ घण्टा श्रम योगदान पुर्‍याएका छन भने घर भित्रको आर्थिक कृयाकलापमा यस्तो योगदान प्रतिहप्ता क्रमश : ४२.५ र ४६.५ घण्टा रहेको छ । त्यस्तै गरि घर भित्रको गैर आर्थिक कृयाकलापमा महिलाको श्रम सहभागिता २५.१ घण्टा र पुरुषको ९.७ घण्टा रहेको छ । समग्रमा आर्थिक तथा गैर आर्थिक कृयाकलापमा प्रति हप्ता महिला र पुरुषको संम्लग्नता क्रमश : १०३.९ घण्टा र ९८.८ घण्टा रहेको छ । यस आकडाबाट पनि के देखिन्छ भने पुरुषको तुलनामा महिलाहरुको गैर आर्थिक कृयाकलापमा बढि संलग्नता देखिन्छ ।

नेपाली समाजमा विभिन्न जनजातिहरु मध्ये दर्जी जाति पनि एक हो । जुन विकासको मुल प्रवाहमा समेटीन सकेको छैन । त्यसमा पनि यस जातिका महिलाहरुको अवस्था ज्यादै कमजोर देखिन्छ । यसै सन्दर्भमा यस अनुसन्धानको क्रममा केही पूर्व साहित्य पुस्तक शोधहरुका उल्लेख गर्नका सबै त्यसको समिक्षा गरिन्छ ।

Kathryans march (सन् १९८३) को बुनाई कटाई भन्ने आलेखमा दोलखाको उत्तर र पश्चिममा बसोबास गर्ने दर्जी समुदायको बारेमा अध्ययन गरिएको छ । यसमा लेखकले दर्जी समाजमा महिला र पुरुषको भिन्न भिन्न भूमिकाको बारेमा प्रष्ट पारेकी छन । दर्जी महिलाहरु तानबुनाई र खेतीपाती कार्यमा संम्लग्न भएका हुन्छन भने पुरुषहरु पढाईमा सिलाई कटाईमा संम्लग्न भएका हुन्छन । यस कामको फरक फरक प्रकृतिले पनि दर्जी समाजमा लैंगिक विभेदको अवस्था देखाएको छ भने अर्को तिर परम्परागत रुपमा दर्जी समुदायमा रहेको कार्य प्रणालीको तरीका, स्वरुप तथा महिला र पुरुषको भूमिकालाई देखाएको छ, यसले पनि दर्जी समाजमा लैंगिक अवस्थाको बारेमा अध्ययन गर्न सहयोग पुर्‍याएको छ ।

Darji Caste भन्ने पुस्तकमा (२०७०) नेपालको दोलखा जिल्लाबाट उत्तर दक्षिण भागमा अवस्थित दोलखा बजार भन्ने ठाउँमा दर्जी जातिको भौगोलिक अवस्थिति देखि सामाजिक

सांस्कृतिक जीवन गुजारा अर्थव्यवस्थाका सम्पूर्ण पक्षका बारेमा अध्ययन गरिएको छ । लेखक : हरि चाहार ( Darji Caste (२०७०) जसले गर्दा दर्जी जातिको समग्र पक्षको अध्ययनले यस अध्ययनलाई पनि सहयोग पुर्‍याएको छ ।

त्यस्तै गरेर दर्जी संघ (वि.स.२०६५ दोस्रो संस्करण) को दर्जीहरुको अवस्था भन्ने पुस्तकमा दर्जी जातिका बारेमा धेरै कुरा सारांशमा उल्लेख गर्नु भएको छ ।

हर्कमान दर्जी (२०६६ प्रथम संस्करण) को प्रकाशित दर्जी संस्कार र संस्कृति नामक पुस्तकमा दर्जी जातिको संस्कार र संस्कृति देखि हिन्दू र बौद्ध संस्कृति समेतको बारेमा उल्लेख गरिएको छ । जसले यस अध्ययनलाई पनि सहयोग पुर्‍याएको छ ।

कृष्ण बहादुर परियार (२०६१) को दर्जी जाति नामक पुस्तकमा दर्जी जातिको समग्र अध्ययन समेटिएको छ । यसमा दर्जी समाज, संस्कृति, संस्कार र आर्थिक पक्षको बारेमा उल्लेख गर्नुका साथै त्यसको भरपुर विश्लेषण गरिएको छ ।

हरिभक्त पहाडी, हिमाल परियार र सुबोध चाहार (२०६६) को दर्जीहरुको अवस्था नामक पुस्तकमा दोलखा जिल्लामा दर्जीहरुको अध्ययन र खोजका साथै तिनीहरुको अवस्था बारेमा अध्ययन गरिएको छ । यसमा दर्जी पुरोहित (सुनाम) जडिबुटी अध्ययन तथा स्थानीयबासीहरुलाई उल्लेख गरिएको छ । यी माथिका पुस्तकहरुबाट शोधपत्रबाट दर्जी जातिको उत्पत्ति भेषभूषा रहन सहन उपचार पद्धति आदिका बारेमा महत्वपूर्ण जानकारी पाईए पनि दर्जी जातिका महिलाहरुको लैंगिक अवस्थाका बारेमा अध्ययन भएको एउटै मात्र पाइन्छ । त्यसमा हरि चाहारको दर्जी थर भन्ने पुस्तकमा पनि दर्जी महिलाहरुको समग्र पक्षको लैंगिक अवस्थाको बारेमा अध्ययन समेटीन सकेको छ ।

नेपालको दमाईजाति पहाडी क्षेत्रका अति पिछडिएका दलित जातिमा पर्दछ । फैलावटका हिशावले यो जाति नेपालका सबै भूक्षेत्रमा पुगेको जाति पनि हो । परम्परागत हिन्दू जातीय संरचनामा यो जातिलाई शुद्र दर्जा दिईएको छ र थुप्रै शुद्र भन्दा तल राखिएको छ तर हिन्दूहरुका अनेक संस्कार तथा पर्वहरुमा र सिलाइका समेत दमाईजातिको समाजशास्त्रीय अध्ययन ब्राहमण क्षेत्री मूलको आनुवंशिक उत्पत्तिको अध्ययन जस्तै गरी गर्न सकिन्छ । यसको मुख्य आधार त सामाजिक तथा धार्मिक संस्कार, भाषा, चाडपर्व, रीतिरिवाज, थरगोत्र आदि नै हुन् । यही आधारमा दमाईजातिको उत्पत्ति र आनुवंशिक विकासको बारेमा मोटामोटी रुपमा चर्चा गर्ने जमर्को गरिएको छ ।

वर्तमान नेपाली भाषाको उत्पत्तिको थलो कर्णाली क्षेत्रलाई मानिदै आएको छ । यसको इतिहास एघारौ शताब्दी देखि शुरु हुन्छ । नेपालको इतिहासमा यसको महत्वपूर्ण स्थान छ । किनभने नेपालका भाषा, जाति र संस्कृतिको स्रोत नै कर्णाली प्रदेश हो । बाहुनक्षत्रीको बोली नेपाली भाषा भएजस्तै दमाइजातिको बोली पनि नेपाली नै हो । बाहुन क्षेत्रीको भाषा र दमाइजातिको भाषामा कुनै फरक छैन । कर्णाली अञ्चलको नामकरण हुनुमा पनि दमाई जातिले बजाउने करनाल बाजाबाट नै भएको हो भनी इतिहासकारहरुले स्वीकार गरेका छन् । नेपाली

भाषा चौधौ पन्ध्रौ शताब्दीमा सिञ्जाली भाषाबाट छुट्टियो । यसै समयमा खसहरु नुवाकोटतिर बसाइ सरे । दमाईजाति  पनि खस संरचना भित्र कै भएकाले यसै समयतिर उनीहरु जुम्लाबाट यता आएको हुनुपर्छ । यसरी दमाईजातिहरुको उत्पत्ति इतिहास केलाउँदा खसबाहुनकै इतिहास केलाउनु आवश्यक पर्दछ । बाहुनक्षेत्रीको उत्पत्तिलाई भिन्दा भिन्दै रुपमा केलाउने हो भने आफनै शरीरको महत्वपूर्ण अङगलाई बेवास्ता या उपेक्षा गरेको झै हुनेछ । बाहुनक्षेत्रीबाटै दमाईजातिको सृष्टि कसरी भयो तथा बाजा बजाउने काम दमाईजातिमा कसरी भाग लाग्यो भन्ने बारेको एउटा जनश्रुति यस प्रकारको छ :

पहिले गाउँघरमा उत्सवको बेलामा बाजा बजाउने मान्छे कोही थिएनन् । एक दिन एक जना गाउँलेको घरमा उत्सव मनाइने भएको थियो । उसले त्यस बेला बाजा बजाएर रमाइलोसँग उत्सव मनाउने इच्छा गर्‍यो र एउटा तामाको दमाहा बनाउन लगायो । त्यस दमाहा माथि उसले दुईटा गजा (दमाहा बजाउने लट्ठी) पनि राख्यो । त्यसपछि आफना समाजका सबै मान्छेहरुसँग उसले भन्यो हेर जसले पहिलोपल्ट गजाले हान्ला, त्यसले नै हाम्रो समाजमा सधै बाजा बजाउने काम गर्ला ।

उत्सवको दिन उसको घरमा धेरै पाहुनाहरु जम्मा भएका थिए । उसकी छोरी पनि आफनो सानो छोरा लिएर त्यस घरमा आएकी थिई । त्यसै सानो केटोले पहिलो पल्ट आएर त्यो दमाहा बजाएकोले उ दमाई भयो । आमा चाहिले रुदैं गाउँलेहरुसँग भनी, मेरो छोरालाई दमाई नबनाइदेओ । मेरो बिन्ती लागोस् । उसको दाजुले उसलाई सम्झाउँदै भन्यो, पीर नमान बहिनी, तिमीलाई खान पुग्ने धान दिउँला, नयाँ लुगाहरु सिउन लाउँला, बिहे ब्रतबन्धमा अघि लाउँला, म भान्जालाई हलो जोताउन्न, बाउसो खनाउन्न, देवताको पिंढीमा ल्याउँला, राजाको अघि अघि लाउँला । यति भनेर दाजुले बहिनीको चित्त बुझायो ।

काठमाण्डौका बूढा दमाईहरुले पनि बाहुन मामा, दमाई भान्जा भएको लोककथन प्रचलित छ । वास्तवमा जन्म एवं व्यवसायमा आधारित जाति व्यवस्था नेपाल र नेपाल रहेको प्रायद्धीपमा मात्र होइन, प्राचीन समयमा फारस, रोम र जापानमा पनि प्रचलित थियो । तर जस्तो परम्परा हामी कहाँ चल्यो र त्यसको व्यवहारिक रुप प्रयोगमा आयो, त्यस्तो कुरा अन्यत्र दुर्लभ थियो । यस्तै कारणको परिणामस्वरुप प्राचीन जाति व्यवस्था वा वर्ण व्यवस्था जे भनौं हाम्रो प्रायद्धीपमा जस्तो अन्य मुलुकका फस्टाउन सकेन र त्यो समयको प्रवाहमा लुप्त भएर गयो ।

हिन्दूहरुको प्राचीन ग्रन्थ ऋग्वैदिक कालमा पनि आपसमा परस्पर विरोधी दुई दल थिए आर्य र अनार्य । यिनीहरुलाई आपसमा छुट्याउने कुरा छालाको रंग, भाषा र पूजापाठ नै थिए । यसरी प्राचीन कालमा वर्ण शब्दको अर्थ आर्य र अनार्य छुट्याउने कुरा मै सीमित रहयो । ब्रहमण जन्मजात हुदैनथ्यो । एउटै बाबुका दुई छोरा एउटा पुरोहित अर्को राजा भएको उदाहरण हामी ऋग्वेदमा पाउँछौ । ऋग्वेदमा जुन दास जातिको उल्लेख भएको छ । ती आर्यका विरोधी थिए । पछि आर्यहरुबाट विजित भएपछि उनीहरु आर्यका दासमा परिणत भएर यसै जातिलाई शुद्र मानियो ।

तैतरीय सहितामा उल्लेख भएअनुसार प्राचीन समयमै शुद्र पनि समाजको एक अंग नै थियो । ऋग्वेदमा चर्मम्न अर्थात सार्कीको कर्मार अर्थात फलामको काम गर्ने कामी, गन्धर्व अर्थात् गीतगाउने, बजाउने गाइने आदिको उल्लेख पाइन्छ । तर जन्मदेखि शुद्रकोही होइन । कुनै व्यवसायको आधारमा जातिमा परिर्वतन भए, कुनै श्रापबाट शुद्रमा परिर्वतन भए भन्ने ग्रन्थअनुसार राजा हरिश्चन्द्र सन्तानहीन थिए । उनले वरुण देवलाई पुत्र भएमा बलि चढाउँछु भने । छोरा रोहित जन्म्यो । तर राजाले बलि चढाएनन् । वरुणदेवको धम्कीले अजीगर्त नामका ऋषिका माहिला छोरा शुन : शेपलाई एकसय गाई दिएर बलिको लागि खरिद गरे । तर शुनःशेपलाई दाजुभाई मान्न अस्वीकार गरेकाले विश्वामित्रले उनीहरुलाई अन्ध्र, पुण्ड, शवर, पुलिन्द्र, मृतिव जातिमा परिणत हुने श्राप दिए । स्मृतिग्रन्थले यो जातिलाई क्षेत्रिय मान्यो र कालान्तरमा वैदिक संस्कार नभएको कारण तथा ब्रहमणको सम्बन्धबाट अलग रहेको हुँदा शुद्रको श्रेणीमा आए भनिन्छ । अन्त्यमा मनुले चार वर्णका अतिरिक्त अन्य जाति आर्यको भाषा बोलुन् वा नबोलुन् ती सबै शुद्र हुन् भनी पनि भनेका छन् । दमाईहरु तामाङ, राई, लिम्बू र मगर झै छुट्टै जाति मानिएका छैनन् । यिनीहरुलाई बाहुन, क्षेत्री जातिमा राखिन्छन् । त्यसैले दमाईहरुको उत्पत्ति कतै बाहुनक्षत्रीकै संयोगबाट भएको त होइन ? यस प्रसङगमा नगेन्द्र शर्माको भनाई यस्तो छ बाहुनक्षेत्रीलाई कामी, दमाई र सार्कीसँग एकै लडमा राखेकोमा कट्टरपन्थी समाजबाट ठूलो र सानो जातको आधारमा विरोध हुन सक्ने सम्भावना चाहि स्पष्टै छ । तर आजको विश्वमा जातभातका थोत्रा परम्पराका पृष्ठपोषकहरुको विचारलाई मान्यता दिइरहनै पर्छ भन्ने पनि केही छैन । यो बाहेक एकातिर कामीका कतिपय थरहरु ( जस्तै सापकोटा, घिमिरे, अधिकारी र आचार्य ) लाई दृष्टिमा राखेर विवेचना गर्ने हो भने यिनीहरुको पुर्खा बाहुनक्षेत्री नै थिए र तिनले हाडफोरा काम गरेको सजायस्वरुप मात्र पानीबाट हटाएर तिनका सन्तानको उपाधि पनि कामी भएको हो भन्ने हाम्रो दृढ धारणा छ भने अर्कोतिर यस्तै कुनै सामाजिक अपराधको आधारमा दमाहा बजाउने पेशा दिनु परेका दमाई ( दमाही ) हरु र पुर्ख्यौली धर्मआचरणको विरुद्ध गएर अभक्ष्य पदार्थ ( सिनो ) खाएको अपराधको फलस्वरुप पानीबाट हरेर छालाको काम गर्नुपरेका सार्कीहरुका पूर्वज पनि बाहुनक्षेत्री बाहेक अरु कोही थिएनन् होला भन्ने अड्कल पनि छ ।

अर्का नेपाली भाषाशास्त्री महानन्द सापकोटाका अनुसार पनि यस्तो जानकारी पाइन्छ । हाम्रो तथाकथित अछुती जातहरुमा यसो हेर्दा दमाईहरु आनीबानी र बोलीचालीमा अरु तथाकथित अछुतहरुभन्दा तलका मानिन्छन् । हाम्रा अछुत जातहरुको उत्पत्ति कहिले र कसरी भएछ अनि यो भिन्नाभिन्नै तह किन भएछ यी सबै कुरामा राम्रो अनुसन्धान आवश्यक छ । दमाही शब्द फारसी मूलक हो । नगरा तुर्केल भाषाबाट आएको हो र ढोल कताबाट आयो ? स्पष्ट भएको छैन । दमाहीहरुलाईनै चिनाउने शब्दहरु हुन् यी दमाहा बजाउने दमाई, नगरा बजाउने नगर्ची र ढोल बजाउने ढोली । ढोली पश्चिम नेपालमा पाइन्छन् । ढोली शब्द दमाई शब्दभन्दा जेठो हो । यसबाट बाजा बजाउने काम पहिलेबाट थियो र ढोलीहरुले नै दमाहा बजाएर दमाई भएका हुन कि ?

ढोल शब्द अनार्य मानिन्छ । के त्यसो भए नगरा, दमाहा, ढोल बाहिरैबाट आएको हो त ? वा बजाउने पनि बाहिरबाट आए ? बाजामात्र विदेशी हुन् भने यी बजाउने मान्छे ती बाजा

बजाउनाले अछुत भएका हुन् कि अघि नै अछुत थिए ? अघि नै अछुत थिए भने किन र कसरी अछुत भए ? हाम्रो शास्त्रहरुमा चार जातको उल्लेख पाइन्छ, तर छत्तीस वर्णको सुईको सम्म पनि पाइदैन । ती चार जातका पारस्परिक सम्मिश्रणबाट उत्पन्न भएका सङ्कर जातिको अनुसन्धान गर्दा नाम र संख्या दुवैको प्रमाण पाइदैन ।

दमाई जाति सोझा र सरल प्रकृतिका हुन्छन् । यिनीहरुमा पनि संयुक्त परिवारमा बस्ने चलन छ । घरमा लोग्ने मान्छेको प्रभुत्व हुने भएकोले दमाई परिवारलाई पितृसत्तात्मक परिवार भन्न सकिन्छ । दमाई जातिको मुख्य पेशा लुगा सिउने, बाजा बजाउने र कृषि कार्य आदि हुन् । लुगा सिउने काम घरका सबै सदस्यहरुले जानेका हुन्छन्, तर बाजा बजाउने कामचाहि लोग्ने मान्छेहरुले मात्र गर्छन् । दमाईहरुको घर एकतले वा दुईतले, ढुङगा र माटोले बनाएको, खर वा झिंगटिले छाएको छानो भएको हुन्छ । हुनेखानेको खेत र बारी पनि हुन्छ । तर धेरै जसोको धेरथोर बारी चाहि भएकै हुन्छ । लुगा सिउने र बाजा बजाउनु बाहेक कृषि र पशुपालन पनि दमाईजातिको मुख्य पेशा हो । दमाईजाति परिश्रमी र इलमी जाति भएकोले एकछाक खानलाई दुःख हुदैन । वर्षभरि बिष्टहरुकहाँ लुगा सिउने, बाजा बजाउने आदि कार्य गर्ने भएकाले बिष्टहरुबाट बर्षमा एकपटक बालीस्वरुप धान, मकै, गहुँ, कोदो आदि अन्न सङकलन गरी उनीहरु जीवन निर्वाह गर्दछन् । त्यसबाहेक काम गरेको दिनको बिहानको खाना, दिउँसोको खाजा र रातिको खानाको लागि पुन्की सामलको रुपमा पाउँछन् । बिष्टहरुको पास्नी, न्वारान, विवाहमा दमाईहरुले नेगी ( नाइके ) भाग पाउने पनि चलन छ । यस बाहेक प्रत्येक चाडवाडमा दमाईहरु आफनो बिष्टकहाँ भाग माग्न जान्छन् ।

भाषा र लवाईखवाईको दृष्टिकोणबाट पनि दमाई जातिहरु बाहुन क्षेत्री भन्दा भिन्दै देखिन्नन् । यहाँसम्म कि उच्चारण र शाब्दिक अर्थ एउटै हुन्छ । नेपाली भाषा नै दमाईजातिको पहिले देखिको मातृभाषा रहिआएको छ । खानपिनको चर्चा माथि नै उठाइ सकिएको छ । लवाइ अथवा भेषभूषा पनि दमाईहरुको दौरा, सुरुवाल, इष्टकोट, कोट, जुत्ता, गलबन्दी, टोपी, भोटो, कछाड मुख्य रहिआएका छन् । स्वास्नीमान्छेहरु फरिया, चोलो, खास्टो ओढ्छन । उनीहरु सुनको गहना लगाउन पनि रुचाउँछन् । ढुङग्री, फूली, मुन्द्री, बाला, शिरबिन्दू आदि तिनीहरुको प्रिय गहना हुन् ।

## २.२ सैद्धान्तिक समीक्षा :

### २.२.१ संरचनात्मक प्रकार्यात्मक सिद्धान्त :

समाज र संस्कृतिलाई बुझ्ने व्याख्या र विश्लेषण गर्ने विभिन्न सिद्धान्तहरु रहेका छन् । त्यसमा पनि यस अध्ययनमा संरचनात्मक प्रकार्यात्मक सिद्धान्तलाई सैद्धान्तिक सिद्धान्तको रुपमा प्रयोग गरिएको छ । यस सिद्धान्तले यस विषयको अध्ययनको लागि गहिरो ज्ञान दिएको छ । एउटा अनुसन्धान कर्ताले विभिन्न दृष्टिकोणबाट दर्जी महिलाहरुको लैंगिक अवस्थाको बारेमा ज्ञान हासिल गर्न सक्दछ । जसले दर्जी समाजमा महिला र पुरुषको भूमिका के कस्तो रहेको छ भन्ने बारेमा विभिन्न तरीकाले खोजी गर्न सहयोग गर्दछ ।

संरचनात्मक प्रकार्यात्मक सिद्धान्तको समाजलाई एउटा संरचना अर्थात व्यवस्थित संरचना मानी त्यस संरचना भित्र रहेको वा रहने विभिन्न एकाईहरु बीच अन्तर सम्बन्ध रहन्छ भन्ने मान्यता राखेर अनेकौ सामाजिक विषयहरुमा अध्ययन गरिन्छ । त्यसैगरी यस सिद्धान्तले सामाजिक व्यवस्था भित्र रहने विभिन्न संस्थाहरु, आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक संगठन, मूल्य मान्यता परम्परा जस्ता एकाईहरु बीच एक अर्कामा घनिष्ट सम्बन्ध छ । जसबाटै समग्र सामाजिक व्यवस्था संचालन भएको ठानिन्छ । यही प्रकृतिको सम्बन्धलाई बुझ्न यो सिद्धान्तको प्रयोग गरिएको छ । संरचनात्मक प्रकार्यात्मक सिद्धान्तलाई विश्लेषण गर्ने सम्बन्धमा विभिन्न विद्धानहरुले आ आफनो मत राखेका छन । यस सम्बन्धमा Herbert Spencer ले समाजलाई शरीरसँग तुलना गरी जसरी शरीरका अंगहरु बीच बाँच्नका लागि अन्योन्याश्रित सम्बन्ध छ त्यसैगरी सामाजिक व्यवस्थामा पनि विभिन्न एकाइहरु र तिनीहरुको एकीकरणात्मक भूमिका र प्रकार्यले मात्र सामाजिक व्यवस्था अस्थित्वमा रहन सक्छ भन्ने मत उनको रहेको छ ।

Malinowski ले संस्कृतिलाई समाजमा यसको प्रकार्यमा निक्कै ठूलो भूमिका रहने सन्दर्भमा प्रस्तूत गरेका छन् । उनले सामाजिक व्यवस्थामा व्यक्तिको भूमिका र कृयाकलापलाई जोड दिदै समाजमा व्यक्तिले गर्ने जैविकीय तथा सामाजिक कार्यमा व्यक्तिको आवश्यकताको परिपूर्ति प्राथमिक हुन्छ भन्ने तर्क उनको रहेको छ ।

Emile Durkheim ले सामाजिक व्यवस्थालाई त्यस भित्र रहेका विभिन्न एकाईहरुको एकीकृत रुप मान्दछन् । उनको सामाजिक व्यवस्था वा यसले अंगिकार गरेको व्यवहार तथा मान्यताले व्यक्तिमा प्रभाव पार्दछ । समाजमा व्यक्तिका कृयाकलापलाई सामाजिक सांस्कृतिक परिवेशमा सम्बन्धित गराएर विवेचना गर्नु पर्ने धारणा राखेर समाजमा जति पनि व्यवहार र कृयाकलाप हुन्छन् तीनको प्रकार्यात्मक महत्व छ भन्ने उनको निष्कर्ष रहेको छ ।

Redcliff Brown ले समाजलाई बुझ्न समाजको स्वरुप वा यसको गठन प्रकृया र त्यस भित्र रहेका एकाइहरुको अन्योन्याश्रित सम्बन्धलाई खाज्न पर्दछ भन्ने धारणा राखेका छन् । संरचनात्मक प्रकार्यात्मक सिद्धान्त अनुसार व्याख्या र विश्लेषण गर्दा दर्जी जाति भित्र पनि विभिन्न उपजातिहरु जस्तै लावर, शिवा, दर्जी, परियार, तिखत्री, नेपाली, चाहार, पहाडी, रनपहेली, सुनाम, दूधराज, दंगाल, सूजी, दास, दर्नाल, सुन्दास, छन् । यस्ता एकाईहरुको आ आफनै प्रकार्य हुन्छ । यी उपजातिहरु एक अर्का प्रति सम्बन्धित छन् । यिनीहरुले गर्ने प्रकार्यले समग्र दर्जी जातिको अस्तित्व रहेको छ ।

इलाम नगरपालीकाका दर्जी महिलाहरुको संरचनात्मक प्रकार्यात्मक सिद्धान्तको आधारमा हेर्दा प्रत्येक एकाईले समुदायको अस्तित्वको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । कार्य विभाजनबाट कुनै एक कार्य कुनै एक व्यक्ति वा समूहबाट मात्र सम्पन्न हुने हुनाले समयको परिर्वतन सँगै ती कार्यहरुको औचित्य समाप्त हुँदा सम्बन्धित व्यक्ति वा समूहको जीवन निर्वाहमा नै प्रश्न चिन्ह लाग्न सक्छ अझ दर्जी जातिका महिलाहरुलाई घरायसी कार्यमा मात्र सीमित गराउने बाह्रय कार्यमा पुरुषको सहभागिताले दर्जी महिलाहरु पुरुष प्रति आश्रित रहेका छन भने बाह्रय परिस्थितिसँग परिचित हुन नपाउँदा उनीहरुको क्षमता र परिवर्तित समयसँगै

आफुलाई पनि परिर्वतन गर्न सक्षम हुन सक्ने छैनन् । त्यसैले यो संरचनात्मक प्रकार्यात्मक सिद्धान्त भित्र रहेर दर्जी जातिका महिलाहरुको अवस्था हेर्ने हो भने पक्कै पनि त्यस समुदाय भित्र रहेको पितृसत्तात्मक सोच परम्परागत मूल्य मान्यता धार्मिक भावना आदिले नै गर्दा दर्जी महिलाहरुको समग्र लैंगिक अवस्थामा सुधार हुन नसकेको कुरालाई प्रमाणित गर्ने आधारहरु रहेको देखिन्छ ।

## २.२.२ मार्क्सवादी सिद्धान्त :

समाज र संस्कृतिलाई बुझ्ने व्याख्या गर्ने विभिन्न सिद्धान्तहरु मध्ये मार्क्सवादी सिद्धान्त पनि एक हो । यस अध्ययनमा मार्क्सवादी सिद्धान्तलाई पनि सैद्धान्तिक सिद्धान्तको रुपमा प्रयोग गरिएको छ । यस सिद्धान्तले पनि यस विषयको अध्ययनको लागि गहिरो ज्ञान दिएको छ । दर्जी जातिका महिलाहरुको लैंगिक अवस्थाको बारेमा विभिन्न तरीकाले खोजी गर्न सहयोग गर्दछ । यस सिद्धान्तले बहुपक्षीय तत्वहरुको बारेमा ज्ञान र जानकारी दिन्छ ।

मार्क्सवादी सिद्धान्त कार्लमार्क्सको वैचारिक व्याख्यामा आधारित छ । मार्क्सवाद भनेको जर्मन दार्शनिक कार्लमार्क्सबाट प्रतिपादित गरिएको विचार तथा सिद्धान्त हो । मार्क्सवादी सिद्धान्तको विकास फेडरिक एन्जेल्सले प्रकाशित गरेको कृति परिवार निजी सम्पत्ति र राज्यको उत्पत्ति सँगै भएको हो, जुन सन् १८८४ मा प्रकाशित भएको थियो ।

मार्क्सले राज्यको स्वरुप परिर्वतन हुन आर्थिक तत्वलाई जोड दिएका छन् । समाजको व्याख्या गर्ने क्रममा उनले समाजलाई अर्थ व्यवस्थाको निर्धारणको उपज मानेका छन् । उनका अनुसार मानव समाजको इतिहास भनेको वर्ग संघर्षको इतिहास हो र यही संघर्ष नै परिर्वतनको कारक तत्व हो । मार्क्सले आजसम्मको मानव समाजलाई प्राचीन उत्पादन प्रणाली, दास उत्पादन प्रणाली, सामन्तवादी उत्पादन प्रणाली, पूँजीवादी उत्पादन प्रणाली र समाजवादी उत्पादन प्रणाली जस्ता विभिन्न तहहरुमा विभाजन गरी यी तहहरु प्रत्येक समाजले पार गर्दछ भनेका छन् ।

अध्ययनका लागि छनौंट गरिएको इलाम नगरपालिकामा बसोबास गर्ने दर्जी महिलाहरुको लैंगिक अवस्था बारेमा समाजशास्त्रीय अध्ययन गर्नलाई मार्क्सवादी सिद्धान्तबाट बुझ्ने र विश्लेषण गर्ने प्रयास गरिएको छ । यस अध्ययनको विषय मार्क्सवादी सिद्धान्तसँग मूख्य गरी सैद्धान्तिक मेल देखिन्छ । मार्क्सवाद अन्तर्गतको वर्ग दन्द्धका दुईवटा पक्षको सैद्धान्तिक आधारहरुसँग निम्न अनुसारको सामन्जस्यता रहेको देखाउने प्रयास गरिएको छ ।

१.समाजमा सीमित स्रोत तथा अन्य अनेकौ स्वार्थको कारणबाट प्रतिस्पर्धा र संघर्ष चलिरहन्छ ।

२.शोषणबाट वर्गीय चेतना एकीकरण संघर्ष उत्पन्न हुन्छ ।

माथि उल्लेखित मार्क्सवादी विशेषताहरुसँग इलाम नगरपालीकाका दर्जी महिलाहरुको सामाजिक, आर्थिक, तथा शैक्षिक एवं लैंगिक अवस्थाको मेल देखिन्छ । समाजमा साधन र स्रोतको आर्थिक, शैक्षिक र सामाजिक पहुँच भएका जाति, धर्म, समुदाय, परिवार र व्यक्तिले

समाजलाई नियन्त्रणमा राखेको हुन्छ । समाजका अन्य उपल्लो जातजातिहरुबाट तल्ला जाति खासगरी पछौटे रुपमा रहेका जनजाति मध्येको दर्जी जातिको पुरुष जाति भन्दा महिलाहरुको अवस्था कमजोर देखिन्छ । विधमान सामाजिक, धार्मिक, सांस्कृतिक संरचनाले विभेद सृजना गरेको छ । जनजाति बीचको अर्न्तद्वन्द्व दर्जी जाति भित्र पनि देखिएको, धार्मिक आस्था प्रतिको आन्तरिक द्धन्द्व विभिन्न सांस्कृतिक आर्थिक परिवेश बीचमा सृजित अर्न्तकलहले अप्रत्यक्ष रुपमा संघर्ष खडा गरेको छ । स्रोत र साधनको असमान वितरण, सामन्तवादी राज्य सत्ताको कारण दर्जी जाति जस्तै अन्य जनजातिहरुमा पनि आर्थिक र सामाजिक शोषण व्याप्त देखिन्छ । दर्जी महिलाहरु परिश्रमी मेहनती तथा क्षमतावान भए पनि पितृसत्तात्मक सोच अवधारणा व्यवहार नीति नियमले दर्जी महिलाहरुको क्षमता माथि नकरात्मक प्रभाव पारेको छ । यसरी कामको फरक प्रकृतिले दर्जी समाजमा लैंगिक विभेदको अवस्था देखिन्छ ।

## २.२.३ लैंगिक सिद्धान्त :

लैगिक सिद्धान्त समाजमा महिला र पुरुष बीचको विभिन्न तहको सम्बन्धमा आधारित रहेर समग्र समाज र संस्कृतिको अध्ययन गर्ने, व्याख्या र विश्लेषण गर्ने र यसैबाट सामाजिक सत्यताको खोजी गर्न खोज्ने सिद्धान्त हो । प्रत्येक समाजमा पितृसत्ता महिलाहरु जीवनका हरेक क्षेत्रमा पछि परेको पाइएकोले त्यस भित्रका सम्बन्धको अध्ययन गरी समग्र विकास प्रकृयामा महिला र पुरुष दुवैलाई समान सहभागिता गराउने लक्ष्य यो सिद्धान्तले राख्दछ ।

यस सिद्धान्तले समाजमा महिला र पुरुष बीचको सम्बन्धको अध्ययन गर्दछ । विभिन्न जाति र संस्कृतिमा महिला र पुरुष बीचको सम्बन्धको अध्ययन गर्दछ । महिला र पुरुषको भूमिका वा कार्य विभाजनमा धर्म संस्कृति मूल्य, मान्यता, परम्परा आदिको प्रभावको अध्ययन गर्दछ । लैंगिक सामाजिकीकरण तथा उत्पादन प्रकृयामा महिला र पुरुषको के कति पहुँच छ भन्ने बारेमा अध्ययन गर्दछ । स्रोत र साधन अवसर शिक्षा, स्वास्थ्य, राजनीति लगायत हरेक पक्षमा महिला र पुरुष कस्को के कति पहुँच छ ? र किन त्यस्तो भईरहेछ ? भन्ने बारे गहन र विश्लेषणात्मक लैगिक सम्बन्धको अध्ययन यस नमूनाबाट गरिन्छ ।

यस सिद्धान्त अनुसार व्याख्या र विश्लेषण गर्दा हाम्रो जस्तो पुरुष प्रधान समाजमा महिलाहरुलाई दिइएको भूमिका असमान मात्र नभै न्यायोचित पनि छैन । महिलाहरु परिवार देखि समुदाय, समाज, राष्ट्यि स्तर देखि अर्न्तराष्ट्यि स्तरमा समेत शोषित र पिडित भएका छन् । परिवार भित्र सासु ससुरा लोग्ने आदिबाट शोषित छन् । घरायसी कार्यमा पुरुषको दाँजोमा महिलाहरुको योगदान बढी भए तापनि त्यसको मूल्याङकन हालसम्म हुन सकेको छैन बाल बच्चाहरु जन्माउने हुर्काउने देखि घरका सम्पूर्ण काम महिलाले नै गर्दछन् । छोरीलाई चाँडै विवाह गरी दुई जिम्मेवारीबाट पन्छिन खोज्ने र अर्काको घरमा जाने जात भनी हेलाहोचो गर्ने र व्यत्तित्व विकासको प्रत्येक अवसर प्राप्त गर्नबाट बञ्चित गर्ने प्रवृत्ति दर्जी जातिमा पनि पाइन्छ ।

पितृसत्तामा महिलाहरुको बढी शोषण हुन्छ । पुरुषको दाँजोमा महिलालाई पछाडि पारिएको छ । पितृसत्तात्मक सोचको कारणले पुरुषलाई समाजका हरेक क्षेत्रमा प्रमुख ठानिन्छ ।

यसै सन्दर्भमा भारतीय समाजशास्त्री Kamala Bhasin ले महिलाहरुलाई निम्न क्षेत्रहरुमा पितृसत्तात्मक नियन्त्रण गरिएको बताएकी छिन् ।

क.महिलाहरुको उत्पादन र श्रम शक्तिमा ।

ख.महिलाहरुको प्रजनन शक्तिमा ।

ग.महिलाहरुको यौनिकतामा ।

घ.महिलाहरुको गतिसिलतामा ।

ङ. सम्पत्ति तथा अन्य आर्थिक श्रोत सम्बन्धमा ।

इलाम नगरपालीकाका दर्जी महिलाहरुको स्थिति पनि माथि उल्लेखित Kamala Bhasin को भनाईसँग मिल्दो जुल्दो नै देखिन्छ । दर्जी महिलाहरु घरायसी कार्यमा संम्लग्न छन् जसको मूल्याङकन हुन सकेको छैन ।

गाईवस्तु पाल्ने, सुगुर पाल्ने, नगदेवाली जस्तै अदुवा, अलैंची, अकबरे खोसार्नी, आलु आदि उत्पादन कार्यमा संम्लग्न छन् । तर यी सम्पूर्ण बालीको आम्दानीमा भने महिलाको कुनै अधिकार रहदैन । सम्पूर्ण आर्थिक कृयाकलापमा निर्णय गर्ने अधिकार पुरुष दर्जीहरुमा नै रहेको छ । महिलाहरु सिलाई, बुनाई, कटिङ, पेशामा आबद्ध छन् । महिलाहरु विभिन्न पेशामा संम्लग्न रही आयश्रोत जुटाउने कार्यमा लागे पनि खर्च गर्नलाई पुरुष अथवा श्रमिान्को अनुमति लिनु पर्ने बाध्यात्मक अवस्था कायमै छ ।

त्यसैगरी महिला भएको कारणले महिलाहरु जीवनको हरेक अवसरबाट बञ्चित रहेका छन् । महिलाहरुलाई हरेक क्षेत्रमा उपेक्षा गरिन्छ । हाम्रो देशमा ठूलो ओहदामा काम गर्ने महिलाहरु कम देखिन्छन् । यसो हुनुमा महिलाहरु योग्य नभएर होइन महिलालाई कमजोर ठान्ने तथा अवसर नदिने प्रवृत्ति नै प्रमुख कारण हुन् । दर्जी समुदायमा पनि महिलाहरु जीवनको अवसरबाट बञ्चित छन् । सार्वजनिक क्षेत्रमा महिलाहरुलाई अगाडि बढ्न दिएको पाइदैन । उच्च रोजगार व्यवसायमा संम्लग्न हुने अवसरबाट नियन्त्रित गरिएको पाइन्छ । अध्ययनमा पाइए अनुसार १ जना दर्जी महिला मात्र सरकारी जागीरमा संम्लग्न छन् भने अन्य सबै महिलाहरु घरायसी काममा मात्र सीमित छन् । दर्जी समाजमा शिक्षित महिलाहरु भए पनि राज्यको सम्पूर्ण संरचनामा ती महिलाहरुको पहुँच पवुग्न सकेको देखिदैन । यसो हुनुमा पितृसत्तात्मक सोच परम्परागत मान्यताबाट बढी प्रभावित हुनाले पनि हो । यसै गरी पुरुषको यौन व्यवहारलाई स्वतन्त्रता प्रदान गरिएको छ भने महिलाहरुको यौन व्यवहारलाई भने अनुशासन र नियन्त्रणको कडा बन्धन भित्र राखिएको छ ।

# अध्याय तीन

## अनुसन्धान पद्धति

यस अध्ययनको प्रमुख उद्धेश्यलाई प्राप्त गर्न विभिन्न अनुसन्धान पद्धतिहरु अपनाइएको छ । अनुसन्धानमा भावनात्मक तथा गुणात्मक तथ्याङक संकलनका विधिहरु अपनाएर दर्जी जातिको महिलाहरुको लैंगिक अवस्थाको स्थलगत अध्ययन गरी वास्तविकता पत्ता लगाउने कोशिश गरिएको छ । अनुसन्धानका मूख्य पद्धतिहरु निम्न रहेका छन् ।

### ३.१ अनुसन्धान ढाँचा :

यस शोध अध्ययनमा दर्जी जातिका महिलाहरुको लैंगिक अवस्थाको सत्यता र वास्तविकता पत्ता लगाउनको लागि विश्लेषणात्मक र वर्णनात्मक विधि अपनाइएको छ ।

यसमा दर्जी जातिका महिलाहरुको लैंगिक अवस्थाको अध्ययन गर्दा विश्लेषणात्मक पद्धति अपनाइएको छ । भने त्यस्तै प्रकारले वर्णनात्मक अनुसन्धान पद्धतिको माध्यमबाट छनौंट गरिएका विषयहरुको पूर्ण जानकारी प्राप्त गर्ने उद्धेश्य रहेको छ ।

### ३.२ नमूना छनौट विधि :

अनुसन्धान गर्ने कममा समग्रताकै अध्ययन गर्न समय स्रोत र साधनले तथा अन्य विभिन्न कारणहरुले सम्भव हुन नसक्ने हुँदा समग्र एकाइबाट केही प्रतिनिधि मूलक एकाइको छनौंट गरी अनुसन्धान गर्नु पर्ने हुन्छ । नमूना छनौंट विधिमा सानो एकाइले समग्रताको प्रतिनिधित्व गरेको हुन्छ भने मान्यताबाट शोधपत्रमा विभिन्न विधिहरु मध्ये उद्धेश्य मूलक विधिको प्रयोग गरिएको छ ।

यस शोधपत्रमा इलाम नगरपालीकाका दर्जी ( दमाई ) जातिका महिलाहरुको लैंगिक अवस्था अध्ययन गर्ने कममा यस नगरपालीका भित्र ७४ घर धुरी दर्जी जाति रहेका मध्ये ३३.७८ प्रतिशतले हुन आउने २५ घर धुरीका २० वर्ष माथीका महिलालाई छनौंट गरिएको छ ।

### ३.३ तथ्याङकको स्रोत :

सामाजिक अनुसन्धानमा तथ्याङक संकलन चरणलाई महत्वपूर्ण चरणको रुपमा लिइन्छ । तथ्याङक संकलन बिना कुनै पनि अनुसन्धानको निष्कर्ष तथा सत्य तथ्यमा पुग्न सकिदैन । यस अध्ययनको कममा सूचीमा परेका दर्जी महिलाहरुको लैंगिक अवस्थाको बारेमा बढी भन्दा बढी जानकारी लिनको लागि निम्न स्रोत एवं विधि अपनाएको छ ।

### ३.३.१ प्राथमिक तथ्याङ्क :

प्राथमिक अनुसन्धानको रुपमा अध्ययन क्षेत्रमा देखा परेका समसामयिक विविध घटनाहरुलाई समावेश गर्ने गरी अर्न्तवार्ता अनुसूचीको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ ।

### ३.३.२ द्वितीय तथ्याङ्क :

यस अध्ययनमा विषयसँग सम्बन्धित विभिन्न समयमा प्रकाशित लेख, रचना, किताव एवं शोधपत्रहहरु तथा सरकारी गैर सरकारी संस्थाहरुले समय समयमा प्रकाशित गरेका महत्वपूर्ण कुराहरु रिर्पोटहरुलाई यस अध्ययनमा द्वितीय तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलनका विधिहरु :

यस शोधपत्र तयार पार्ने क्रममा समाजशास्त्रीय तथा मानवशास्त्रीय तथ्याङ्क संकलनका पद्धतिहरु अपनाइएको छ । जस मध्ये अवलोकन, प्रश्नावली, अर्न्तवार्ता वैयक्तिक अध्ययन आदि पद्धतिहरु अपनाई छनौंटमा परेका उत्तर दाताहरुसँग सामूहिक छलफलको चरणबाट अघि बढी प्रश्नावली पूरक प्रश्नावली बनाई उत्तरदाताहरुले भनेका कुराहरु लिपिबद्ध गर्दै तथ्याङ्क संकलन कार्य सम्पन्न गरिएको छ ।

### ३.४.१ अवलोकन :

तथ्याङ्क संकलन गर्ने क्रममा अवलोकन विधि अपनाइने छ । जस अर्न्तगत दर्जी महिलाहरुको लैंगिक अवस्था कस्तो छ । निजहरु के कस्तो कार्य गर्दछन् । उनीहरुको आर्थिक, राजनीतिक, धार्मिक, शैक्षिक, सामाजिक, सांस्कृतिक अवस्था कस्तो छ ? भन्ने कुरा प्रत्यक्ष अवलोकन गरी उनीहरुको वास्तविक अवस्था पत्ता लगाइने हेतुले अनेकौ पटक स्थलगत अध्ययन गरी आवश्यक जानकारी र तथ्याङ्कहरुलाई बढी प्रमाणिक र विश्वासनीय बनाउने प्रयत्न गरिएको छ ।

### ३.४.२. प्रश्नावली :

प्रस्तुत स्रोतको सन्दर्भमा प्रश्नावली निर्मित अर्न्तवार्ता अनुसूचीको प्रयोग गरिएको छ । यो निश्चित ठोस र पूर्व निर्धारित गरिएको छ । महिलाहरु सामान्यतया घर भित्रकै काममा संलग्न रहने तथा अध्ययन क्षेत्र बजार क्षेत्र भएकोले घर घरमा गएर प्रश्न सोधिएको छ । अनुसूचीबाट प्राप्त तथ्यहरु ठीक छन् छैनन् भनी जाँच्न तथा उत्तरदाताहरुको गहन अध्ययन गर्न यो विधि प्रयोग गरिएको छ ।

### ३.४.३ अर्न्तवार्ता :

आवश्यक तथ्याङक र सूचनाहरु प्राप्त गर्ने प्रयोजनको लागि यो विधि अपनाइएको छ । प्रश्नावलीले नसमेटेका विषयहरु समेट्ने गरी सम्बन्धित क्षेत्रमा गई दर्जी जातिका महिलाहरुसँग प्रत्यक्ष कुराकानीको माध्यमबाट पनि आवश्यक सूचना तथा तथ्याङक संकलन गरिएको छ ।

### ३.४.४ वैयत्तिक अध्ययन :

वैयत्तिक अध्ययन कुनै एउटा व्यत्तिको मात्र नभएर कुनै पनि व्यक्ति वा घटना प्रकृतिको बारेमा गरिने सम्पूर्ण पक्षको अध्ययन हो । यसमा कुनै पनि अध्ययनको निष्कर्षलाई व्यक्तिगत एकाइ मानी त्यससँग सम्बन्धित सम्पूर्ण पक्षको अध्ययन गरिएको छ ।

यस शोधपत्रमा दर्जी जातिको वैयक्तिक अध्ययन पद्धतिलाई तथ्याङक संकलनको माध्यमको रुपमा अपनाइएको छ । सबै उत्तरदाताहरु मध्येबाट दुईजना उत्तरदाताको वैयक्तिक अध्ययनलाई यस शोधपत्रमा समेटिएको छ ।

## ३.५ तथ्याङक प्रस्तुतीकरण र विश्लेषण :

यसका साथै तथ्याङ्कीय विधि जस्तै प्रतिशत, तालिका, आदिको प्रयोग गरिएको छ । इलाम जिल्ला इलाम नगरपालीकाका दर्जी जातिका महिलाहरुको लैंगिक अवस्थाका बारेमा अध्ययन गर्ने क्रममा विभिन्न विधिहरु अपनाई संकलन गरिएको तथ्याङकलाई फरक फरक किसिमले तालिकीकरण गरिएको छ । यस अध्ययनमा संकलित तथ्यहरुको गुणात्मक तथा परिणात्मक दुवै किसिमको तथ्याङकको विश्लेषण गर्ने क्रममा आवश्यकता अनुसार तालिका प्रस्तुत गरिएको छ । यसरी संकलन गरिएको तथ्याङकहरुलाई अध्ययनको उद्धेश्य अनुरुप विश्लेषण र विवेचना गरिएको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्रको परिचय

### ४.१ इलाम शब्दको उत्पत्ति :

इलाम शब्दको उत्पत्ति परम्परा भनाई अनुसार चारखोल नामले चिनीन्छ । जसमा इलाम जिल्लाको उत्पत्ति लाप्चा र लिम्बु भाषाबाट भएको पाईन्छ । लिम्बु भाषामा चाहिं इ को अर्थ घुमाउरो अर्थात घुमेको र लाम को अर्थ बाटो भन्ने हुन्छ । इलाममा घुमाउरो बाटोहरु प्रशस्त अर्थात धेरै छन् । यसरी इलाम शब्दले घुमाउरो बाटोको अर्थ बोकेको छ । यसै गरी अर्को लाप्चा भाषामा इ को अर्थ पुत्का ( एक किसीमको सानो माहुरी ) र लाम को अर्थ बसेको ठाउँ भन्ने हुन्छ । माई पूर्व पारीको विभिन्न गाउँहरुको जंगलहरुमा अझै पनि पुत्काको मह अर्थात् चाका पाईन्छ । त्यसै गरी इलामको नामाकरणका सम्बन्धमा रहेको अर्को परम्परागत लाकोक्ति अनुसार इलोम शब्दको उपभ्रंश भएरै इलाम हुन गएको हो भन्ने लोकोक्ति पनि लिम्बु र लाप्चा जातिमा रहेको पाईन्छ । ( रन बहादुर कार्की, इलाम दर्शन, प्रथम संस्करण, प्रकाशक डिल्ली कुमारी कार्की, काठमाण्डौ :(२०५८ पृष्ठ ३) ।

इलाम शब्दको उत्पत्तिको नामाकरण कै सिलसिलामा पौराणिक भनाई अनुसार इला नामकी पौराणीक महारानीले मण्डित गरेको हुनाले यस ठाउँको नाम इलाम रहन गएको हो भन्ने पनि केही विद्वानहरुको भनाई रहेकोले यो खोजको विषय छ । ( रन बहादुर कार्की ), पूर्ववत पृ.४ )

### ४.१.१ भौगोलिक स्थिति :

हाम्रो देश नेपालको पूर्वाअञ्चल विकास क्षेत्रको मेची अञ्चलमा पर्ने चार जिल्ला मध्ये इलाम जिल्ला पूर्वी सिमानामा अवस्थित एउटा पहाडी जिल्ला हो । छिमेकी राष्ट्र भारतको महाभारत श्रृंखलाको दक्षिण र सिंहलीलाको काखमा रहेको यस जिल्लाको भू भागलाई अग्लो होचो डाँडाकाँडा साना ठूला बनजंगल नदि नालाहरुले समेटेर राखेका छन् । इलाम जिल्लालाई पहाडकी रानी भन्ने नामले पनि सम्बोधन गरेको पाइन्छ । हरियाली बोकेर बसेको यस जिल्लाको प्राकृतिक सौन्दर्य अति नै रमाइलो छ । पर्यावरण चोखो छ भने वातावरण अनूकुल छ ।

यस इलाम जिल्लाको निरपेक्षित स्थितिमा २६.४० देखि २७.८ सम्म उत्तरी अक्षांशमा र ८७.४० देखि ८८.१० सम्म भू मध्य रेखाको पूर्व देशान्तरमा सापेक्षीत स्थितिमा इलामको उत्तरमा पाँचथर पश्चिममा मोरङ जिल्ला र धनकुटा जिल्ला दक्षिणमा झापा जिल्ला र पूर्वमा भारतको पश्चिम बंगालको दार्जिलिङ जिल्ला पर्दछ । कुलक्षेत्रफल १,७०३, वर्ग माइल भएको यो जिल्ला झण्डै फर्सिको पात जस्तो आकारमा अर्थात बनावटमा रहेको छ । समुद्री सतहबाट करीब करीब २५० मिटर देखि ३,७०० मिटर सम्मको उचाईमा यहाँको सुगम र सरल पहाडहरु रहेका छन । दक्षिण भेगमा चाही भित्री मधेस, खोंच र वेसीहरु पर्दछन । ( रन बहादुर कार्की, पूर्ववत पृ.१ ) ।

### ४.१.२ हावापानी :

इलाम जिल्लाको भौगोलिक विविधता अनुसार हावापानीमा पहाडी भाग तर्फ समशितोष्ण र बेसी भागमा प्रायगरेर उष्ण मनसुनी हावापानी रहेको छ । इलाम जिल्लाको भौगोलिक कारणको अवस्थाले उत्तर पूर्वी क्षेत्रमा बढी वर्षा अर्थात पानी पर्ने गरेको पाइन्छ। यस जिल्लाको औषत अधिकतम् तापक्रम ३१ डि.से. र औषत न्यूनतम तापक्रम १२ डि.से.हुन्छ। यस जिल्लाको औषत वार्षिक १३२९.७ मि.लि.सम्म हुने गरेको पाइएको छ। ( रन बहादुर कार्की, पूर्ववत पृ.७ )

### ४.१.३ प्रमुख नदीहरु तथा पोखरी :

यस इलाम जिल्लामा मुख्य ४ नदीहरु वगेका छन। तिनीहरुलाई क्रमश : माई, जोगमाई, पूवामाई र देउमाई नामले पुकारिन्छ। यस नदीहरु अर्थात खोलाहरुको नाम धार्मिक दृष्टिकोणले राखेको पाइन्छ । मेची काकडभिट्टाको र सिद्धि फिक्कलको खोला बाहेक सबै खोलानालाहरु क्रमश : कन्काईमाई अर्थात झापामा मिसिएका छन । यहाँ यिनै मुख्य चार खोलाहरु भएकोले इलामलाई चारखोला पनि भन्ने गरिएको पाइन्छ । अहिले आएर पनि बुढापाका यसै नामले पुकार्दछन् ।

अर्को तल नौ कुने जसलाई हामी माईपोखरी भनेर सम्बोधन गर्दछौ । पर्यटकीय क्षेत्रमा यो पोखरीले राम्रो नाम राखेको छ । पर्यटकहरु टाढाटाढाबाट दृश्यावलोकन गर्न आउँछन् । यहाँको सुन्दरता देखेर हावापानी चाखेर आनन्दको विश्राम लिने गर्दछन् । माईपोखरी इलाम जिल्लाको महत्वपूर्ण पोखरी हो। इलाम बजारबाट १२ कि.मि. उत्तरमा रहेको यो माईपोखरी अं. ६,००० फीटको उचाईमा अवस्थित छ। १८८ हेक्टर जमीनमा फैलिएर ८,७५० मिटर ब्यास भएको तथा जलमग्न ९ कुना रहेको यो पोखरीको सतहदेखि गहिराई ५ मिटर देखि १० मिटरसम्म रहेको छ। यस पोखरीमा रातो, सेतो, पहेलो, कालो छिरबिरे रंगीचंगी माछाहरु प्रशस्त मात्रामा रहेका छन्। चैत्र बैशाखमा यस पोखरी वरीपरी लालीगुराँस रातो रंगको र सेतो रंगको पाइन्छ । पौष माघ महिनामा यहाँ तुषारो पर्ने हुँदा यहाँको हावापानी असाध्यै चिसो हुन्छ । पौराणिक कथा अनुसार यो पोखरी शिव पार्वतीको क्रिडास्थलको रुपमा रहेको किंवदन्तीमा उल्लेख गरेको पाइन्छ। यस पोखरीको तल्लो भाग दक्षिणतीर कार्तिक महिनाको एकादशीका दिन तीन दिनको मेला लाग्ने गर्दछ । यस मेलामा टाढाटाढाबाट भक्तजनहरु आउने गर्दछन , भने धार्मिक तथा पर्यटकीय दृष्टिकोणले समेत महत्वपूर्ण मानिएको छ। ( रन बहादुर कार्की, पूर्ववत पृष्ठ १२ )।

### ४.१.४ कृषि :

इलाम जिल्लाको कुल क्षेत्रफल ९९,४१४ हेक्टर मध्ये खेती योग्य जमिन जम्मा जम्मी ५७,१०९ हेक्टर छ। जसमध्ये हाल १२,१३९ हेक्टरमा ग्रामिण सिचाई सुविधा रहेको छ। अन्य जातिमा पाखो बन जंगल पर्दछन । यस इलाम जिल्लाको साना तिना खोल्सा खोल्सीबाट प्रसस्त सिचाईका लागि कुलाहरु चलाएका छन । यहाँका जनताहरुको अर्थात मानिसहरुको प्रमुख पेशा

कृषि रहेको छ भने १० वर्ष वा सो भन्दा माथिको आर्थिक दृष्टिले सकृय जनसंख्या जम्मा प्रतिशतमा ५७.१४ रहेको छ ।

महिला प्रतिशत ४९,७७ र पुरुष ६४.४१ प्रतिशत रहेको पाइन्छ । ( केन्द्रीय तथ्याङक विभाग, इलाम जिल्ला : एक चिनारी, थापाथली, काठमाण्डौ : २०६१ असार पृ.१० ) ।

## ४.१.५ पर्यटकीय स्थलहरु :

**सन्तकपूर :**

इलाम जिल्लाको पूर्व दिशामा रहेको पर्यटकिय स्थल हो समुद्री सतहदेखि १२०७२ फिटको उचाईमा रहेको सन्तकपुर ( साधु, सन्त, महन्त जम्मा भएर बस्ने ठाउँ हो । सन्तकपुर डाँडा पवित्र कन्काई माईको उद्‌गम स्थल हो । कञ्चनजंघा कुम्भकर्ण लगायतका हिमश्रृङखलाहरुको साथै भारतको दार्जिलिङ सिक्किम तथा भुटान र हिमाल मधेशका साथै अनेकौ नदी नाला र बन जंगलको दृष्य यहाँबाट हेर्न सकिन्छ । यहाँबाट कार्तिक मंसिर महिनामा सूर्योदय तथा सूर्यास्तको विचित्र दृष्य देख्न सकिन्छ । साथै विश्वको तेस्रो उच्च शिखर कन्चनजंघा हिमालको मनमोहक दृष्य पनि देख्न सकिन्छ । ( रन बहादुर कार्की, इलाम दर्शन, प्रथम संस्करण, प्रकाशक डिल्ली कुमारी कार्की, काठमाण्डौः २०५८ पृ.१० ) ।

**छिन्तापु :**

यो इलाम जिल्लाको सन्तकपुर पछिको दोस्रो अग्लो डाँडो हो । यो समुद्री सतहबाट करीब करीब ११,०००। ( एघार हजार ) फिटको उचाईमा रहेको छ । यो डाँडामा चट्टानी पहरा ओढारहरु रहेको पाइन्छ । यहाँको रमिते डाँडाबाट कन्चनजंघा र विभिन्न मनोरम दृष्यहरु देख्न सकिन्छ । ( रन बहादुर कार्की, पूर्ववत पृ.११ ) ।

**सिद्धिथुम्का :**

इलाम जिल्ला इलाम नगरपालीका वार्ड नं ५ गोलाखर्क भञ्याङबाट पश्चिममा रहेको यो सिद्धिथुम्का डाँडो पनि पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिएको छ । प्रकृतिको संरचनामा यो डाँडा माथि टावर जस्तो एउटा विशाल अग्लो ढुङगो रहेको छ । त्यहाँ चढेर हेर्दा सूर्योदय तथा सूर्यास्तको अत्यन्तै मनमोहक तथा विचित्रको दृश्य देख्न सकिन्छ । सूर्योदय हुने बेलामा टावरको रुपमा रहेको त्यो ढुङगा वरिपरि भँमराहरु आई भुनभुनाउँछन । ( रन बहादुर कार्की, पूर्ववत पृ.११ ) ।

**श्री अन्तु :**

इलाम जिल्लाको पूर्वी सिमानामा रहेको यो डाँडाको उचाई समुद्र सतहदेखि करिब पाँचहजार चारसय ५४०० फिटको उचाईमा रहेको छ । सूर्योदय हेर्नका लागि यस ठाउँमा एउटा टावर बनाइएको छ । यस ठाउँबाट सूर्योदय दृश्य राम्ररी देख्न सकिन्छ । हालसालै नेपाल

सरकारले श्री अन्तु डाँडालाई दिपेन्द्र शिखर नाम राखेको छ । यस पर्यटकीय क्षेत्रमा आश्विन देखि मंसिर सम्म सूर्योदय हेर्न मानिसहरुको भिड लाग्छ । ( रन बहादुर कार्की ) ।

## ४.१.६ राजनीतिक स्थिति :

इलाम जिल्ला मेची अञ्चलको सदरमुकाम पनि हो । यस जिल्लामा जम्मा ४८ वटा गा.वि.स.र तीनका नगरपालीका रहेको छ । यस जिल्लामा ३ वटा संसदीय निर्वाचन क्षेत्र रहेका छन भने इलाका संख्या ११ वटा रहेका छन । राष्ट्रिय जनगणना २०५८ अनुसार यस जिल्लाको कुल जनसंख्या २,८२,८०६ रहेको छ । यहाँको घर परिवार संख्या ५४,५६५ रहेको छ । औषत परिवार सदस्य संख्या ५.१८ जनघनत्व प्रतिवर्ग कि.मी. १६६ जना रहेको छ वार्षिक जनसंख्या वृद्धिदर २.१० प्रतिशत रहेको छ । ( केन्द्रीय तथ्याङ्क विभाग, इलाम जिल्ला : एक चिनारी, थापाथली, काठमाण्डौ : २०६१ असार ) (ब्रोसर ) ।

## ४.१.७ मुख्य जातजातिहरु :

यस इलाम जिल्लाको मुख्य जातिहरुमा बाहुन, क्षेत्री राई, लिम्बु, तामाङ, शेर्पा, मगर, गुरुङ, नेवार, भुजेल, ( खवास ), मारवाडी, सुनुवार ( मुखिया ), पल्मु लाप्चा, कागते, आदि रहेका छन । यहाँ नेपाली भाषा बाहेक लिम्बु, राई, मगर, लेप्चा, शेर्पा र तामाङ भाषाहरु पनि बोलिन्छन । जिल्ला वासीहरुका जातीयताको आधारमा बाहुँन क्षेत्री ५२.९ प्रतिशत, राई १८.१ प्रतिशत, लिम्बु, सुनुवार मगर, गुरुङ, तामाङ आदि १७ प्रतिशत, नेवार ६ प्रतिशत रहेका छन । ( रन बहादुर कार्की , इलाम दर्शन, प्रथम संस्करण, प्रकाशक डिल्ली कुमारी कार्की, काठमाण्डौ : २०५८ पृ.२ ) ।

## ४.१.८ दर्जी जातजातिहरु :

यस इलाम जिल्लामा दर्जी जातिहरु पनि छरिएर रहेका छन् । जसमा दर्जी थरका र विश्वकर्मा थरका रहेका छन । दर्जी थरका उपजातिहरु शिवा, लाबर, परियार, तिखत्री, नेपाली, चाहार, पहाडी (परियार ) रनपहेली, सुनाम ( दमैको पुरेत ) दूधराज (दमै ) दंगाल, सुइनी, दास, सुन्दास, दर्नाल ( दमै) रहेका छन् । अर्का थर विश्वकर्माका पनि उपजातिहरु रहेका छन् । विश्वकर्माका उपजातिहरु लकान्द्री, वराईली, खाती धमला, सुन्चीउरी, लामगादे, कामी, इत्यादी रहेका छन् । दर्जी जातिमा सार्की पनि पर्दछन् । सार्किका पनि उपजातिहरु छन् जसमा सार्की, रम्तेल, संन्जेल इत्यादी छन् । इलाम जिल्लामा दमाई, कामी, सार्की ६ प्रतिशत रहेका छन । ( रन बहादुर कार्की, इलाम दर्शन, प्रथम संस्करण, प्रकाशक, डिल्ली कुमारी कार्की, काठमाण्डौ : २०५८ पृ.२ ) । ( दर्जी जाति स्रोत संकलन केन्द्र काठमाण्डौ २०६५पृ.१८ ) ।

## ४.१.९ धार्मिक स्थलहरु :

**मूख्य देव देवी स्थलहरु :** इलाम जिल्लाको मुख्य देव देवी स्थलहरुमा, माईपोखरी, माईस्थान, नारायण स्थान, सिंहबाहिनी भगवती, पंचकन्या देवी, नयाँ पाथिभरा, सेतीदेवी, सिंहबाहिनी, गजुरमुखी, रामकृष्ण मन्दीर, हनुमान मन्दीर आदि पर्दछन् । माइपोखरी र नयाँ पाथिभरा

मन्दिरमा बढी श्रद्धालु जनहरुको घुईचो लाग्ने गरेको छ भने देश विदेशबाट पनि यी देव देवी स्थलमा धार्मिक पर्यटकहरु आउने गरेका छन् । ( रन बहादुर कार्की, पूर्ववत, पृष्ठ २ ) ।

## ४.२ इलाम नगरपालीकाको परिचय :

इलाम नगरपालीका इलाम जिल्ला निर्वाचन क्षेत्र नं ३ र इलाका क्षेत्र नं १ पहाडी भेगमा पर्दछ । कुल क्षेत्रफलको २७.० वर्ग कि.मि.मा फैलिएको र शहरी क्षेत्र २.७१४ वर्ग कि.मि. ओगटेको यस नगरपालीकाको स्थापना २०१५ सालमा भएको हो । स्वस्थ्य शैक्षिक जागरण र पर्यटनको पूर्वाधार, इलाम नगरपालीकाको संक्षिप्त जानकारी, २०६५ पृ.१)। साथै इलाम नगरपालीकालाई हरित नगरपालीका भनेर घोषणा पनि गरिएको छ ।

इलाम नगरपालीकाको भौगोलिक अवस्थितिलाई हेर्दा २६ डिग्री ४५ मिनेट ० सेकेण्ड उत्तरी अक्षाश र ८६ डि.ग्री.५६मिनेट २५ सेकेण्ड पूर्वी देशान्तर रहेको छ । यस नगरपालीकाको पूर्वमा माईखोला, पश्चिममा पूवाखोला, उत्तरमा सार्की र उजेली खोल्सा र दक्षिणमा पूवामाईखोला संगममा पर्दछ । यहाँको हावा पानी समशितोष्ण मनसुन रहेको छ । यहाँको तापक्रमलाई हेर्दा अधिकतम् ३१.५ डिग्री सेल्सियस र न्यूनतम ५ डिग्री सेल्सियस सम्म पुग्दछ । यस नगरपालीकामा वार्षिक औषत वर्षा १५५.१४ मि.लि.सम्म हुने गर्दछ । उचाईतर्फ हेर्दा सरदर ४१०० फिट रहेको छ । ( इलाम नगरपालीकाको संक्षिप्त जानकारी, २०६५पृ.१ )

यस नगरपालीकाको आर्थिक गतिविधि तर्फ हेर्दा जनसंख्याको ४८ प्रतिशत कृषि पेशामा १४.८ प्रतिशत मजदुरी नोकरीमा १४ प्रतिशत व्यापारमा १२ प्रतिशत उधोग धन्दामा १.७ प्रतिशत र अन्य पेशामा ९.५ प्रतिशत मानिसहरु संलग्न रहेका छन् । इलाम नगरपालीकाको संक्षिप्त जानकारी, २०६५पृ.१ ) ।

इलाम नगरपालीकाको कुल जनसंख्याको ८४.५ प्रतिशत मध्ये नेवारी २.९ प्रतिशत तामाङ ३.७ प्रतिशत, मगर ०.५ प्रतिशत, लिम्बु ३.३ प्रतिशत, राई किराँत ३.७ प्रतिशत माडवारी ०.४ प्रतिशत, मैथिली ०.६ प्रतिशत र अन्य १.४ प्रतिशत मानिसहरु भाषा बोल्दछन । त्यसैगरी यस नगर पालिकाका प्रमुख जात जातिहरुमा क्षेत्री, नेवार, बाहुन, तामाङ, राई, लिम्बु रहेका छन् । ( इलाम नगरपालीकाको संक्षिप्त जानकारी, २०६५ पृ.१ ) ।

## ४.३ इलाम नगरपालिकाका दर्जी जातिको परिचयात्मक विवरण :

नेपालमा थोरै संख्यामा रहेका दर्जी जातिहरु मध्ये दर्जी पनि एक हो । दर्जी जाति काठमाण्डौ उपत्यकालाई घेरेर रहेको नुवाकोट, रसुवा, धादिङ, काभ्रेपलाञ्चोक, सिन्धुली, सिन्धुपाल्चोक, रामेछाप, मकवानपुर र दोलखा रहेतापनि दर्जी जाति मुलुकको चारै तिर थोरबहुतरुपमा फैलिएर रहेका छन् । दर्जी जाति मध्ये अर्को जाति विश्वकर्मा ( कामी ) सार्की पनि पर्न आउदछन् । दर्जी कामी सार्कीका उपजातिहरु पनि छन् । इलाम नगरपालीकामा पनि दर्जी जातिको बसोबास पाइन्छ । दर्जीका साथ साथै विश्वकर्मा ( कामी ) सार्कीको पनि बसोबास रहेको पाइन्छ । इलाम नगरपालीकामा जम्मा ६७४ घरधुरी संख्या दमाई ( दर्जी ) जाति ५४

घरधुरी संख्यामा रहेका छन् । इलाम नगरपालीकाको दर्जी जात जाति मध्ये दमाई ( दर्जी ) जाति पनि एक हो ।

### ४.३.१ दर्जी जातिका थरहरु :

दर्जी जाति भन्नाले दमाई ( दर्जी ), विश्वकर्मा( कामी ) र सार्कीलाई भन्ने गरिन्छ । दर्जी जातिका थरहरु निम्न रहेका छन् । जसमा दर्जी भन्नाले दमाई ( दर्जी ) अर्न्तगत शिवा, लाबर, परियार, तिखत्री, नेपाली, चाहार, पहाडी, (परियार ) रनपहेली, सुनाम, ( दमाईको पुरेत ) दूधराज, दंगाल, सूजी, दर्नाल, दास, सुन्दास पर्दछन् । भने विश्वकर्मा ( कामी ) को थर अर्न्तगत लकान्द्री, वराईली, खाती धमला, घिमीरे, सुन्चीउरी, लामगादे इत्यादी पर्दछन् । माथि लेखिएका जातथरहरुले नेपालका समष्टिगत दर्जी जातजातिहरुलाई जनाउँछ । तर यस इलाम नगरपालीकामा बसोबास गर्दै आएका दर्जीहरुको जात थरहरु माथि उल्लेख गरिसकेको छ । ( स्थानीय दर्जी समुदायमा, २०६६ साल बैशाख महिनामा प्रत्यक्ष अवलोकन निरीक्षण )

### ४.३.२ दर्जी जातिको परिवार :

परिवार समाजको प्रारम्भिक एकाई हो । जसमा कम्तिमा पनि आमा बाबु र तिनका बालबच्चा देखि यो भन्दा बढी संख्यामा अन्य परिवारका सदस्यहरु पनि रहेको हुन्छन् । परिवारका हरेक सदस्यहरु आफनो परिवार प्रति त्यतिकै उत्तरदायी र अधिकारका भागिदार हुने गर्दछन् । सामाजिक तथा व्यक्तिगत दृष्टिकोणले परिवार एउटा मौलिक र आधारभूत एकाई पनि हो । दर्जी समाजमा एकात्मक र संयुक्त दुवै परिवार पाइएको छ । कृषि पेशा अंगालेका तथा अन्य आयश्रोत नभएका परिवारहरुमा भने संयुक्त परिवार पाइन्छ । आधुनिकीकरण र शहरीकरणको प्रभावले गर्दा नवयुवा पिडिहरुमा भने एकात्मक परिवार लोकप्रिय बन्दै गएको छ । यस अध्ययनमा परेका २५ घर परिवारहरुमा एकात्मक र संयुक्त दुवै परिवार पाइयो । परिवार संख्या भने ४ देखि १२ जना सम्मको परिवार पाइएको छ । यहाँ औसत परिवार संख्या ८ जना हुन्छ ।

### ४.३.३ इलाम नगरपालीकाका दर्जी जातिहरुले बोल्ने भाषा :

इलाम नगरपालीकाका दर्जी जातिहरु मध्ये बुढापाका पूराना मानिसहरु आफनो समुदायमा कुरा गर्दा आफनो मातृभाषा नेपाली भाषा नै बोलेको पाइयो । तर आधुनिक दर्जी युवा युवतीहरु भने दर्जी भाषा नजानेको हुँदा यिनीहरु नेपाली भाषा, अंग्रेजी भाषा हिन्दी भाषा बोलिएको पाइएको छ समग्रमा भन्नु पर्दा दर्जीहरु प्रायगरेर नेपाली भाषा बोलेको भेटिएको छ ।

### ४.३.४ घरको बनौंट :

दर्जी जातिको घरको बनौंट हेर्दा धेरै जसो घरहरु आधुनिक ढाँचामा बनेका पाइयो भने केही केही घरहरु भने परम्परागत रुपमा बनेका पाइए पनि पूर्वतिरका घरहरु आर सि.सि. च्यादरको छानो इटा बालुवा सिमेन्टले बनिएको दुईतले सम्मको पक्की घर भेटियो । घरमा बरण्डा भएको घरको झ्यालहरुमा सिसा लगाएको बरण्डामा फूलका गमला राखेको गमलामा

विभिन्न रंगी चंगी फूलहरुले रंगीएको पाइयो । दर्जी जातिहरुको घर भित्र पूजा गर्ने एउटा मण्डप राखिएको हुन्छ । त्यस मण्डपमा प्रत्येक दिन बिहान बेलुका खाना खान भन्दा अगाडि धूपबत्ती बालेर विश्वकर्मा बाबाको पूजा गर्दा रहेछन् । साथै सो मण्डपमा अरु देवताहरु लक्ष्मी, गणेश, शिववीको मूर्ति राखेर पूजा गर्दा रहेछन् ।

## ४.३.५ खानपान र भाँडाकुडा :

हाम्रो देश नेपालको चार जात छत्तिस वर्णको फूलबारी भनिने उक्ति जुन शाहवंशीय राजा पृथ्वी नारायण शाहको दिब्य उपदेश हो । प्राचीन समय देखि नै खानपानमा विविधता पाईन्छ । मौसम अनुसारको खाजीमा मौसम अनुसारको खानेकुराको बन्दोबस्त हुने गरेको पाइन्छ । अनुकुल खानेकुराको खाजिमा नै मानिसहरुले कुनै ठाउँमा स्थायी बसोबास गर्दै आएको कुरालाई नकार्न सकिदैन । दर्जी समुदायहरुमा खास खाधपदार्थहरुमा परम्परागत रुपमा दाल भात, तरकारी, अचार, माछा, मासु नै हुन दर्जी जातिहरु मासु मध्ये सँगुरको वंगुरको मासु साह्रै नै रुचाएर खान्छन् उक्त मासु सँग जाँडरक्सी रम, खान मनपराउँछन् । उनीहरुलाई प्रत्येक छाकमा प्राय : मासु रुचाउने गर्दछन् । पूरानो चलनमा अड्को पड्को पर्दा गाउँको भलाद्मी बसेर दाल भात तरकारी चिया नास्ता राखेर अड्को पड्को फुक्ने गर्दथ्यो भन्नाको मतलव पाहुनालाई अतिथी सत्कार पनि गरिन्थ्यो । जुन सुकै वर्तमा पनि जाँड रक्सी खानामा अनिवार्य समावेश गरेको भेटियो । दर्जी जात जातिहरुमा पाइएसम्म कोदो, मकै, गहूँ र जौ को पीठो प्रयोग गर्न बढी रुचाउँदछन । भैसीको मासु, लसुन पाहा र सिस्नो घर भित्र हुल्दैन तर हाल यो प्रचलन छोडी सकेको अवस्था छ गोमांसमा पनि प्रतिबन्ध छैन ।

यस अध्ययनबाट पनि दर्जी जातिका मानिसहरु खानपानमा माछा मासु र दाल भात नै खाने गर्दछन् । दर्जी जातिहरु प्राचिन समयमा माटाका भाँडाकुडाहरुलाई प्राथमिकता दिन्थे भने अहिले धातुका भाँडाकुडाहरुको अत्यधिक प्रयोग गर्दछन् । उनीहरु करिब एक लिटर तरल पदार्थ अटाउने धातुको बटुको अत्यधिक मन पराउँदछन् । यस्ता बटुका भाँडाहरु प्राय : सबै दर्जीहरुको घरमा पाइएको भेटियो ।

## ४.३.६ मनोरञ्जन

दर्जी जातिहरु अत्यन्त विनोदी हुन्छन् । गाउँघरका दर्जीहरु हातमा डम्फु लिएर विभिन्न पर्वहरुमा नाचगान गर्दछन् । झ्याउँरे गीत लोक गीत उनीहरुको प्रसिद्ध गीत र नाँच हो । कुनै कुनै पर्व मनोरञ्जनमा चुटकिला गीतका साथ कहिले फनफनी घुम्दै, बस्दै, उठ्दै कम्मर मडकाउँदै हुलका हुल बाँधिएर महिला पुरुष सरावरी रुपमा नाँची रमाईलो गर्दछन ।

इलाम नगरपालीकाको दर्जीहरु पनि आफनो चाडपर्व उत्सवहरुमा आफनो जातीय परम्परालाई मनोरञ्जनात्मक शैलीले मनाउँदै आएको पाईन्छ ।

### ४.३.७ गरगहना र भेषभुषा :

अनादी समय देखि नै विभिन्न मानव समुदायले विभिन्न लुगा र गरगहनाहरु लगाउने गर्दथे । दर्जी समुदायहरुले पनि आफनै किसिमको पोषाक लगाउँदछन् । दर्जी महिलाहरुले परम्परागत चौबन्दी चोलो, पटुकी, फरिया, साडी, जामा, कुर्थासुरुवाल इत्यादी लगाउँदछन । भने पुरुष दर्जीहरुले सर्टपेन्ट, टोपी, दाउरा सुरुवाल, कोट, टोपी लगाउँदछन् । ) दर्जी संस्कार र संस्कृति निर्देशिका २०६८, पृ.१० ) ।

नवयुवतिहरु भने शर्ट फर्क पेन्ट कुर्ता सुरुवाल जस्ता आधुनिक लुगाहरुको प्रयोग गर्न थालेका छन् । दर्जी महिलाहरु सिलाई बुनाई कार्यमा संम्लग्न हुन्छन् भने पुरुषहरु लुगा नाप्ने, कटाई गर्ने , सिलाउने कार्यमा लागेका हुन्छन् ।

गरगहनाहरुको रुपमा पुरुषहरु सामान्यतया कानमा कुण्डल लगाएको भेटिन्छ भने महिलाहरुले कर्ण फूल, ढुंग्री र शिरफूल कम्पनीको हारी प्वालाको माला बोटिल ( कुण्डल ) गाहुजन्तर आदि गहनाको रुपमा प्रयोग गर्दछन ।

### ४.३.८ विवाह :

नेपाली समाजमा विवाहलाई सामाजिक संगठनको एक महत्वपूर्ण एकाई मानिन्छ । दर्जी जातिहरुमा विवाहलाई संस्कारको रुपमा हेरिन्छ । दर्जीहरु विवाहलाई अत्यन्त महत्वपूर्ण ठान्दछन् । विवाह कर्मका निमित्त उनीहरु खुल्ला र स्वतन्त्र हुन्छन् । दर्जी जातिमा मागी विवाह, प्रेम विवाह र चोरी विवाह बढी प्रचलनमा छ, तर जबरजस्ती विवाह अन्तरजातीय विवाह जारी विवाह विधवा विवाहहरु परम्परागत रुपमा भए पनि यो कम प्रचलनमा छन् भन्ने कुरा पनि दर्जीहरुले बताउँछन् । दर्जी जातिमा विधवा विवाह तथा भाउजु ल्याउनुलाई जघन्य अपराध ठहरिदैन, तर भाई बुहारी ल्याउनु भने जघन्य अपराध ठानिन्छ । विवाह कार्य गर्दा लमी मार्फत केटीको घरमा विहेको कुराकानी चलाईन्छ । केटी पक्षबाट राजी भएपछि बिहेको कुरा धुमधाम चलाइन्छ । बिहेमा पन्चे बाजा सहित नाँचगान गर्दै जन्तीका साथ बेहुला बेहुलीको घरमा पुग्दछन् । त्यहाँ बेहुली पट्टीका मानिसहरु बेहुलाको प्रतिक्षामा रहेको हुन्छ । विवाहमा स्वयम्बर गरीन्छ सो स्वयम्बरमा दमैको पुरोहित सुनामबाट जग्गेमा धार्मिक मन्त्र उच्चारण गरी बेहुला बेहुलीको शुभकार्य गरीन्छ । उक्तविहेमा बेहुला बेहुलीको हातगोडा धुनेकाम आफना इष्टमित्रहरुबाट हुन्छ । रातभरी नाँचगान गरीन्छ झयाउरे चुट्के गीत बजाएर धुमधाम मनोरञ्जन लिने प्रचलन छ । रातभरी जाँडरक्सी खाएर मातेर उक्त विवाहको कार्य सम्पन्न गरीन्छ । भोली पल्ट विहान सबै इष्टमित्र, नातागोता, छर छिमेक भएर बेहुलीलाई पतिको घरमा जान स्वागत गरेका हुन्छन् । त्यस अवस्थामा आफना आमा बाबु, दाजुभाईहरु बीच रुवाबासी चल्दछ । अनि गाडीमा चढाई बेहुला बेहुलीको विवाह कार्यक्रम सम्पन्न गरिन्छ । यस विवाहमा गड्धुवा, दानभेटी पेवा दिने प्रचलन पनि रहेको छ । विवाहमा केटा पक्षले नै माईति पक्षले माग गरे बमोजिमको रित बुझाउने प्रचलन रहेको छ तर हाल यस्तो प्रचलन हराउँदै गएको कुरा दर्जीहरु बताउँछन् ।

## ४.३.९ नातेदारी :

नातेदारी सामाजिक संगठनको प्रमुख अंग हो । समाजमा जन्म लिए पछि कुनै न कुनै नातासँग सम्बन्धीत हुन्छ । यस्तो सम्बन्धमा मुख्य गरेर रक्त सम्त्रन्ध र विवाहको आधारमा हुने सम्बन्ध नै महत्वपूर्ण छन् ।

दर्जी जातिहरुमा पनि रगतको सम्बन्ध र विवाहको आधारमा हुने सम्बन्ध नै मुख्य नातेदारी सम्बन्ध रहेको छ । रगतको सम्बन्ध भन्ना साथ आफना वंशजहरु भन्ने बुझिन्छ । रगतको सम्बन्ध भित्र विवाह गर्न बञ्चित छ भने मृत्युमा चलन अनुसार जुठो बार्ने प्रचलन छ । दर्जीहरुमा छोरा नभएमा छोरी ज्वाईलाई घरमा नै राखि आफनो सम्पत्तिको उत्तराधिकारी समेत बनाएको पाइन्छ ।

**मितेरी साइनो :**

दर्जी जातिमा मितेरी साइनो लगाउने गरेको पाइन्छ । उनीहरु आफनो जाति बाहिर मित लगाएर साथी बनाउने गर्दछन् । उनीहरुले मितेरी साइनो लगाउँदा मतवाली र दर्जीले दर्जी सँग चाही रक्सीको बोतल राखेर एक अर्कामा ढोग गर्दछन् । अन्यसँग भने इच्छाएको सामान साटासाट गरेर मित लगाउने गर्दछन् । यसरी मित लगाउँदा दुई पक्ष बीच मितेरी साइनो गाँस्ने सहमति भएको हुन्छ । यस साइनोबाट उनीहरुले सामान्य सर सहयोग प्राप्त गरेका हुन्छन् । त्यसैले मितेरी साइनोलाई पवित्र आत्मिय साइनो मानिने कुरा उत्तरदाताहरु बताउँदछन् ।

## ४.४.परिवारमा महिलाको स्थान :

दर्जी जात जातिको परिवारमा महिलाको स्थानलाई हेर्दा अन्य जात जातिको महिलाहरुको भन्दा फरक पाइन्छ । दर्जी परिवारमा महिलाहरुलाई इज्जत मान सम्मानको दृष्टिकोणबाट हेरिन्छ । सामाजिक तथा सांस्कृतिक कार्यहरुमा दर्जी महिलाहरुको भूमिका खुल्ला र स्वतन्त्र पाइन्छ । दर्जी जातिका मानिसहरु अर्थात महिलाहरु दाजुभाईको थर बाहेक अन्य थरका मानिसहरुसँग आफनै लोग्नेको अगाडि हाँसखेल र ठट्टा गर्नुलाई सामान्य मानिन्छ । यस समाजमा विवाह गर्दा महिलाको मञ्जुरी लिनु केटी पक्षलाई केटापक्षबाट धेरै कोसेलीहरु दिनु विवाहमा महिलाहरु जन्ति जानु मानिस मर्दा महिलाहरु पनि मलामी जाने जस्ता तत्वहरुले पनि महिलाहरुको स्थान राम्रै भएको संकेत मान्न सकिन्छ । विवाह गर्दा बढी उमेरकी केटी र कम उमेरको केटासँग पनि विवाह गर्ने चलन रहेको हुनाले पनि लोग्नेको दायित्व समेत आफैले जान्नुपर्ने हुनाले र घरको दायित्वमा महिलाको भूमिका बढी हुने भएकोले पनि यस जातिमा सामाजिक नियन्त्रण कम रहेको पाइन्छ । दर्जी जातिमा आर्थिक दायित्व एवं अधिकारमा महिलाहरुको दोहोरो अधिकार रहेको पाइन्छ । घरको सम्पत्तिमा महिलाको कानुनी अधिकार सुनिश्चित भएको पाइन्छ भने माइतिबाट ल्याएको दाइजोमा पनि पूर्ण अधिकार कायम भएको पाइन्छ । विवाह पछि कुनै कारणबाट सम्बन्ध विच्छेद हुन गएमा माइतिबाट ल्याएको दाइजो वा केटीको नाममा जे जति सम्पत्ति छ । सो सम्पत्ति सबै माईति मार्फत महिलालाई फिर्ता गर्नुपर्छ । यसरी हेर्दा लोग्नेको तर्फबाट प्राप्त अंश र माइतिको दाइजोमा एकलौटी अधिकार हुने हुनाले

आर्थिक रुपमा दर्जी महिलाहरु धेरै आत्म निर्भर भएको पाइन्छ । सम्पत्तिमा दोहोरो अधिकार कायम भएको कारण घरायसी निर्णय प्रकृयामा महिलाहरुको निर्णायक भूमिका रहेको पाइन्छ । तर आर्थिक कृयाकलापको परिचालनमा भने अन्तिम निर्णय गर्ने अधिकार पुरुषमा नै रहेको छ । दर्जी जातिमा घर ज्वाई राख्ने प्रचलन पनि छ । सामान्यतया छोरी मात्र भए घर ज्वाइ राख्ने गरिन्छ । घर ज्वाई बने पनि ससुरालीको सम्पत्तिमा भने श्रीमतीकै अधिकार रहन्छ । घर ज्वाइ बस्ने मानिसले अर्को विवाह गरेमा श्रीमतीको सम्पत्ति माथि दावी गर्न पाउदैन । तर पहिलाकी श्रीमतीबाट छोरा छोरी नभएमा श्रीमतीको सहमतिमा र श्रीमतीको मृत्यु भएमा सासु ससुराको सहमतिमा अर्को विवाह गर्न पाउँछ । दर्जी जाति मंगोलियन नश्ल भएकोले महिलाको मासिक धर्म बार्ने प्रचलन रहेको पाइदैन । रजस्वला हुँदा दर्जी जातिहरुलाई घर भित्र र बाहिर सबै कार्य गर्न सामाजिक तथा सांस्कृतिक रुपमा कुनै बन्देज छैन, हुदैन । पूजा पाठहरुमा पनि रजस्वला भएको महिलाले छुन हुदैन भन्ने मान्यता रहेको पाइदैन । सामान्यतया गुन्यु चोलो दिदा नै अब आफनो छोरी वयश्क हुदै गएको संकेत भएको कारण पनि त्यसपछि हुने रजस्वलाले कुनै महत्व नराखेको पाइन्छ ।

## ४.५ दर्जी महिलाहरुको सामाजिक संरचना :

मानव समाजलाई चिनाउने आधार नै उसले निमार्ण गरेको समाज र संस्कृति नै हो । संस्कृतिको निमार्ण सर्म्वद्धन र पालना व्यवहार र अभ्यासले मानव सभ्यताको विकास हुदै आएको पाइन्छ । संस्कृति वास्तवमा मानवीय आवश्यकताहरुको उपज हो । जसलाई प्राप्त गर्नको लागि वरिपरिको वातावरणसँग संघर्ष हुन्छ । मानवशास्त्री एडवार्ड टेलरको भनाईलाई लिने हो भने संस्कृति त्यो जटिल समग्रता हो, जसमा मानिसले समाजको सदस्यको हैसियतले प्राप्त गरेको ज्ञान, विश्वास, कला, आचरण, नियम, प्रथा, परम्परा चालचलन र अन्य क्षमताहरु सम्मिलित हुन्छन । समूहमा बस्न बढी रुचाउने दर्जी जातिहरुमा भने आधुनिकताको प्रभाव पर्दै गएको पाइन्छ । सरल र मिलनसार स्वभावका दर्जीहरु समाजमा अन्य जातिहरुसँग घुलमिल भई जीवन यापन गर्न बढी रुचाउँछन् । हिन्दू धर्मका अनुयायी दर्जीहरु भएको हुनाले बुद्धका पञ्चसीलका सिद्धान्तको प्रभावले पारिवारिक वा आपसी झै झगडा कम हुने र झै झगडा भै हाले पनि गाउँ घरमै पञ्च भद्र भलादमी राखी आपसी छलफलद्धारा नै समस्याको समाधान गर्ने गर्दछन् । आपसी विवादमा सकेसम्म पुलिस वा न्यायिक प्रशासनमा जान नपरे हुन्थ्यो भन्ने सोचाई उनीहरुमा पाईन्छ ।

## ४.५.१ दर्जी जातिको धर्म :

धेरै जसो दर्जी महिलाहरु हिन्दू धर्मलाई मान्दछन् । केही केहीले इसाई धर्मलाई माने पनि पूर्णरुपमा हिन्दूसंस्कार र संस्कृतलाई भने छोडेका छैनन । हिन्दूधर्म मान्नेहरु भगवान शिव पार्वती, लक्ष्मी सरस्वती, गणेश, नवदुर्गा, भीमसेन, राम, विष्णु कृष्ण, विश्वकर्मा बाबा इन्द्रलाई मान्ने गरेका छन । उत्पत्ति काल देखि मानिदै आएको भगवान शिव वा महेश्वरलाई सृष्टि देवता भनी पूजा आजा गर्दै आएका छन् । हिन्दू धर्मावलम्बीहरुको गाउँमा प्राय : जसो मन्दिर गुठीहरु

हुने गर्दछन् । यस्तो मन्दिरहरुमा विभिन्न देवताहरुलाई पनि प्राचिन विधि अनुसार पूजा गर्दछन् । इसाई धर्म मान्नेहरुले चाहि जीशस क्राइष्टलाई मुख्य देवताको रुपमा मान्दछन् ।

## ४.५.२ विवाह संस्कार :

विवाह सामाजिक सम्बन्ध र जीवनको आधार शिला हो सामान्यतया विवाहबाट नै सामाजिक जिम्मेवारी तथा दायित्व निर्धारण हुन्छ । यही सामाजिक दायित्व र जिम्मेवारी वहन गर्नका लागि विभिन्न दुई परिवार बीच विवाहबाट सम्बन्ध स्थापित हुन्छ । यही भिन्न दुई परिवार बीचको भावनात्मक एकता भित्र नै सामाजिक बन्धन र संगठनमा ऐक्यबद्धता देखिन्छ । जसले समाजलाई निरन्तर एवं अविछिन्न रुपमा एक निश्चीत आधार शिलामा आधारित भएर चलिरहन मद्धत पुर्‍याएको हुन्छ ।

कुनै पनि व्यक्तिको निमित्त विवाह महत्वपूर्ण घटना मानिन्छ । विवाह पछि नै व्यक्ति व्यवहारिक बन्धनमा बाँधिएर आफु समुदाय राष्ट्र तथा विश्व समुदायमा नै समुदायकै निमित्त उपयोगी कार्य गर्न अग्रसर हुन्छ । विवाहलाई दर्जीहरु अत्यन्तै महत्वपूर्ण ठान्दछन् । विवाह कर्मको निमित्त दर्जीहरु खुल्ला र स्वतन्त्र देखिन्छन । दर्जी जातिमा विवाह गर्दा लमीको ( केटी माग्न जाने व्यक्ति ) भूमिका महत्वपूर्ण रहेको हुन्छ ।

यस दर्जी जात जातिहरुमा विवाह गर्दा लमि मार्फत नै हुन्छ । विवाहमा मागि विवाहको बढी प्रचलन रहे पनि प्रेम विवाह चोरी विवाह जबरजस्ती विवाह, जारी विवाह विधवा वा सट्टा विवाह र अर्न्तजातिय विवाह समेत हुने चलन रहेको छ । मागि विवाह बाहेक अन्य विवाह गर्दा पनि मागी विवाह कै मान्यता समाजले दिएको पाइन्छ । यिनीहरुमा मागि विवाहमा अन्य जातिको जस्तै केटा पक्षबाटै केटी माग्न जाने चलन रहेको छ । यसरी केटी माग्न जाँदा केटा पक्षबाट जाँड रक्सी लानु पर्दछ । विवाहको लागि कुरो छिन्ने अधिकार छोरीको आमामा निर्भर रहन्छ । भने विवाहको लागि बेहुला हुने प्रथम आधिकारीक व्यक्ति भने मामाको छोरा हुन्छ । यिनीहरुमा विवाह हुनु भन्दा अघि केटी पक्षले के कति रित लिने हो, सो को मोलमोलाहिजा हुन्छ । सोही बमोजिम रित बुझाउँदछन र विवाहको मिति तय भए पछि चारदाम तथा बागदान गर्दछन् । विवाहको दिन बेहुला लिएर बेहुलीको घरमा जन्ती जान्छन । बेहुलाले दौरा सुरुवाल कोट तथा टाउकामा सेतो फेटा बाँधेको हुन्छ । साथै दोकाधे बनाएर सेतो कपडा लगाएको हुन्छ । बेहुलाले लगाउने विवाहको पहिरन भने बेहुलाको मामाले व्यवस्था गर्नु पर्दछ । यसरी बेहुला भएपछि सोही दोकाधे कपडा च्यात्दै भेटे जति बर पिपल तथा खोला नालामा चढाउदै जान्छन । केटीको घर गाउँमा पुगेपछि गाउँका मानिसहरुले जाँड रक्सी तथा बेहुला आशनको लागि राडि समेत राखेर बाटो छेक्दछन । त्यहाँ जे जति जाँड रक्सी तथा मासु मंशहरु राखेका हुन्छन, त्यसको मोल बेहुला पक्षले तिर्दै जानुपर्दछ । त्यसपछि बेहुला बेहुलीलाई मण्डपमा राखिन्छ र सुनाम (पण्डीत) पढाइ विवाह सम्पन्न गरिन्छ । कतिपयले पण्डित नपढाई पनि विवाह सम्पन्न गर्दछन, त्यस्तो अवस्थामा सुनामको मुख्य भूमिका रहन्छ ।

विवाहमा बेहुला बेहुलीलाई टिका लगाई आफनो हैसियत अनुसारको उपहार दिइन्छ र विवाहमा सुनाम ( पण्डितले ) ले दुलाहा र दुलहीलाई आज देखि पति पत्नी भयौ, भन्दै आशिर्वाद

दिई दुवैको टाउको ठोक्काई बाचा बन्धन गराइन्छ । विवाहको भोज भतेरमा रक्सी समावेश भएकोमा झयाउरे, लोकगीत, चुट्केगीत, पंचेबाजा बजाउँदै रमाइलोसँग नाच गान गर्दछ । विवाहमा १० दिशाकै देवी देवताहरुलाई पुकारेर बेहुलीलाई सिन्दूर पोते लगाई दिए पछि बेहुली अन्माईन्छ । दुलाहाको घरमा दुलहीलाई भित्रयाई सकेपछि मात्र भोज भतेर खाएर मात्र जन्तीहरु आफनो घर घर जान्छन् । तीन दिन पछि बेहुलीलाई माईति घर फर्काइन्छ । यो कार्यलाई बेहुली फर्काउने रीत अर्थात ( दुलन फर्काउने रीत ) भनिन्छ । यसरी नियम र निष्ठा पूर्वक दर्जी जातिको विवाह सम्पन्न गरिन्छ ।

### ४.५.३.जन्म संस्कार :

कुनै पनि मानिसको लागि गरिने प्रथम संस्कार नै जन्म संस्कार हो । दर्जी जातिमा महिलाहरु गर्भधारण भएपछि केही कार्यमा बन्देज लगाएको पाइन्छ जस्तै खोला नाला तरेर जानु नहुने भीरपहरामा जान नहुने, रुख काट्न नहुने,बाँधेर राखेको गाई वस्तुको दाम्लो नाघ्न नहुने, सुनचाँदी गालेको हेर्न नहुने, बाँसको तामा काट्न नहुने हिंसा गरेको हेर्न नहुने, मुर्दा लगेको वा बाँधेको हेर्न नहुने जस्ता मान्यताहरु रहेको छ । यी मान्यताका पछाडि आमालाई र विशेषत शिशुलाई नराम्रो असर पर्दछ भन्ने रहेको पाइन्छ गर्भधारण पछि महिलाहरुलाई रसिलो पोसिलो खाने कुरा दिन र फलफुलहरु नपाकी नटिप्ने गर्दछन् । यस जातिमा आमा र गर्भको बच्चाको स्वास्थ्य र दीर्घायुका लागि सुनाम ( दमैको पण्डित ) द्धारा मन्त्र जप पाठ गर्ने र मन्त्र पाठ गरी सिद्धीकार्य गरीन्छ ।

दर्जी जातिमा छोराको जन्मलाई छोरीको अनुपातमा केही महत्व दिएको पाइन्छ तर छोराको नै जायजन्म होस भनी देवी देवताको पूजा आजा भाकल गर्ने भने गरिदैन । यस दर्जी जातिमा बच्चाको जन्म प्राय घरमा नै गराउँदछन । यस जातिमा प्रसूतिको लागि उपयुक्त र सुरक्षीत ठाउँको व्यवस्था गरिन्छ भने छोरी चेली माईतिमा सुत्केरी हुन लागेको छ भने घर बाहिर गोठमा लगिन्छ । प्रसुतिको बेलामा महिलालाई कष्ट भएमा वा प्रसुति समय लम्बिएमा छिटो बच्चा जन्मियोस भनी गाउँको धामी झाक्री ल्याई पानी र तेललाई मन्त्र फुकेर महिलालाई ख्वाईन्छ । दर्जी जातिमा नवजात शिशुको नाल काट्ने विधि सामान्य हुन्छ । यो काम चाहि घरको सदस्यले गर्दछन् । यस विधिमा सफा हतियारले नाइटो काटी काचो धागोले बाँधिन्छ । बच्चालाई नुवाई धुवाई सेकताप गरि आमाको दुध ख्वाईन्छ । सालनाललाई भने पात वा टपरीमा पोको पारेर घरको कुलेसोमा गाडिन्छ । सुत्केरीलाई नुवाई धुवाई गराएर पूजा गरि सकेपछि चोखो पानीले सुत्केरीलाई र शिशुलाई अभिषेक गर्दछन र सो कामको लागि रक्सीको पनि प्रयोग गर्दछन । बालकलाई डाहा, वायू, भूत प्रेतबाट बचाउन, घाँटी नाडि र गोडामा कालो धागोले बाँधि दिन्छन । चोखो पानी छर्केर आमा बाबु बच्चा तथा घरका कोठाहरुमा शुद्ध पवित्र बनाई यो कर्म गर्दछन् । दर्जी जातिको बच्चाको नामाकरण गर्दा भने छोरा र छोरी बीचमा फरक विधि अपनाएको पाइन्छ । बच्चाको नामाकरण गर्दा छोरा भए ३ दिनमा सुद्याई कार्य गर्दछन् भने छोरी जन्मदा ५ दिनमा गर्दछन । यसरी न्वारान गर्दा सुनाम ( दमैको पुरोहित ) द्धारा पुस्तक पढाई न्वारान गर्दछन । न्वारान गर्दा सेतो दल्छीन ढुंगा पोलेर तिते पातीमा राखि कपडा भिजाएर सो बाट धुवा निकाली त्यही बच्चालाई न्वाईदिने र सोही ठू ( कपडा ) द्धारा चोखिने गर्दछन

चोखि सकेपछि भेला भएका मानिसहरु भोज भतेर खाई रमाईलो गर्दछन् । यस जातिको जन्म संस्कारमा केही परिर्वतन देखा पर्न थालेको छन् । अन्य समाजको प्रभाव परेको क्षेत्रमा छोराको न्वारान ११ दिनमा र छोरीको न्वारान ३, ५ या ७ दिनमा गर्ने चलन छ । नाम राख्दा समेत आधुनिक नाम राख्ने र सुत्केरी गराउन अस्पताल लाने कुरा उत्तरदाताहरु बताउँछन् ।

**भातखुवाई :**

यो कर्म बच्चालाई खाना खुवाउने कर्म हो । अरु कर्मको तुलनामा भात खुवाईको महत्व कम भए पनि सबै परिवारले औपचारिक रुपमा यो कर्म गरेको पाइन्छ । यस कर्ममा सुनाम ( दमैको पण्डित ) नै चाहिन्छ । कसै कसैले सामान्यतया मामा वा घर मुलीले र कतै कतै धामी झाक्रीद्वारा पनि भात खुवाई संस्कार गरेको पाइन्छ । भात खुवाईमा छोरी भए ५ महिना र छोरा भए छ महिनामा गर्ने गरिन्छ ।

भातखुवाईको लागि सुनाम (दमैको पण्डित ) द्धारा जन्म कुण्डली चिनोपात्रो हेरी निस्केको साइतमा मामालाई बोलाएको भए मामाले र नबोलाएको भए घर मूलीले नै भात खुवाउने कार्य गर्दछन तर सुनामले साईत हेर्दा फलानाबाट साईत जुर्छ भनी तोकिएको अवस्थामा तोकिएको व्यक्तिको हातबाट खाना खुवाइन्छ । भात खुवाए पछि अरुले मर्यादानुसार कसैले शिशुलाई भात ख्वाउने गरिन्छ । भात खुवाउनको लागि शिशुलाई पूर्वाभिमूख पारेर सम्भव भए सुनको सिक्का नभए चाँदीको सिक्काको मद्धतले मामा वा घर मूलीले भात खुवाउने कार्य सम्पन्न गर्दछन् । भात खुवाईमा मामा उपस्थीत भए भान्जा भान्जीलाई कपडा गहना र केही रकम दक्षिणा दिनु पर्दछ । अन्य पाहुनाहरुले भने आफनो गक्ष्य अनुसारको दक्षिणा दिने गर्दछन् ।यसको साथै शिशुको दीर्घायुको कामना सहित यश र कृति वृद्धि होस भनेर आशिर्वाद दिन्छन् ।

**नाककान छेड्ने :**

प्रायः दर्जी नश्लको जनजातिमा नाककान छेड्ने प्रचलन रहेको छैन । दर्जीहरुमा बाह्मणमा जस्तै छेड्ने नहुने पनि छैन । जातिय चलन पनि नभएको र बन्देज पनि नभएको भए पनि अधिकांश दर्जी जात जातिहरुले नाक कान छेडेको पाइन्छ । पुरुषहरुले समेत कान छेडि कुण्डल र बोटिल लगाएको पाइन्छ । यस्तो नाक कान छेड्नलाई बार साइत हेर्नु पर्दैन । उत्सवको आवश्यकता पनि पर्दैन । तर दर्जी जात जातिहरुको पाखुरा, चिउडो र पिडौलाको छालामा स्थायी रुपमा रहने गरि टाटु खोप्नको लागि सुनाम ( दर्जीको पण्डित ) द्धारा साइत हेराउने गर्दछन ।

**गुन्यु चोलो :**

दर्जी जात जातिहरुमा आफनो छोरी चेलीलाई गुन्यु चोलो दिने चलन रहेको पाइन्छ । छोरीलाई गुन्यु चोलो दिदा १०। १२ वर्ष देखि १३।१४वर्ष तिर दिन्छ । प्रायः छोरी क्रमश किशोर अवस्थामा पाइला टेक्न थाले पछि आमा बाबुले नै गुन्यु चोलो दिने गर्दछ । सामान्य रुपमा गुन्यु चोलो दिने दिन मामा र टोलका अति निकट सम्बन्ध भएका आफन्तहरुलाई बोलाईन्छ । सो दिन आमा बाबुले छोरीलाई गुन्यु चोली टिका लगाएर आर्शिवाद दिन्छन । गुन्यु चोलोमा परम्परागत

रुपमा घरमा घरबुना वर्तमान अवस्थामा मेसिनद्धारा बुनिएको तर बुट्टेद्धार रंगि चंगि कपडा सहित सेतो कोरा वा नैनसुतको पटुका दिइन्छ । त्यस दिन देखि दर्जी जातिका छोरीले गुन्यु चोलो लगाउने सामाजिक मान्यता र स्वीकृति पाउँदछन ।

**ब्रतबन्ध :**

बालकको पहिलो पटक कपाल काट्ने यो कार्य बालक ३ देखि ७ वर्ष सम्मको हुँदा गरिन्छ । ब्रतबन्ध कार्यमा मावलीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सुनामले ( दर्जीको पण्डित ) ब्रतबन्धको लागि निकाली दिएको साइतमा मावलीहरु चिउरा, रोटी, रक्सी, र कुखुरा लिएर बालक भएको ठाउँमा जान्छन् । यसका साथै कपाल काट्ने कैची, टोपी, सेतो फेटा, केश पोको पार्ने रुमाल, थाल, एकजोर नयाँ कपडा, खड्कुलो, गाग्री र भेटी पैसा जस्ता सामग्रीहरु पनि साथै लिएर मावलीहरु जान्छन् । घरको आँगनमा सम्पादन गरिने यो कार्यमा थालमा टीका मुछिन्छ । पातको ठूलो टपरीमा माना चामल राखी त्यसमाथि दियो बत्ति बालिन्छ । बालकलाई चेलीबेटीले उपहार दिन्छन । रक्सी समावेश भएको भोज भतेरमा डम्फु नाँचले खुबै रमाइलो गर्दछन् ।

## ४.५.४. मृत्यु संस्कार ( दाहसंस्कार ) :

दर्जी जातिमा कसैको मृत्यु भएमा मृत्यु हुने वित्तिकै उसको शरीरको छेउमा दियो बालिन्छ । त्यसपछि लासलाई पलेटी कसाएर राखिन्छ । छोरीले छोरी नभए दिदी बहिनीले लासको मुख धोई दिई सफा गरि दिन्छन । सफागरी सकेपछि सेतो वा पहेलो कपडाले टाउकामा बाँधिन्छ । मृतकको शरीरको आधा भाग घिउ तेल वा पानीले छोपि दिन्छन् । अन्तिम संस्कारका निमित्त सुनाम ( दर्जीको पण्डित ) ले साइत निकाल्छन । ३ दिन सम्म साइत ननिस्कन पनि सक्छ । केही दिन घरमा नै लास राख्नु पर्‍यो भने मृतकलाई जीवित अवस्थामा खाने गरेको भोजन चोखो नितो गरेर दिइन्छ । लास नचलाउन्जेल छर छिमेकीले रुगेर बस्दछन ।

त्यसै गरि लास लाँदा लास राखिएको दुईवटा बाँस खड्कुलो वा भाँडालाई खाटमा बसाएर लगिन्छ । राता पहेला र सेता कपडाको ध्वजाले लास सिंगारिएको हुन्छ । मृतकका सन्तान भएमा सन्तानले काँध लगाएर लास उठाउँछन् । शवयात्रा शुरु हुन्छ । शवयात्रामा सबभन्दा अगाडि भेटी पैसा चामल अविर धान मकै धूप बोक्ने व्यक्ति हुन्छ सो व्यक्ति सँगै शंख बजाउने मानिस हुन्छ । भेटी पैसा छदै शंख बजाउँदै लाश लगिन्छ लाशको पछि पछि धेरै संख्यामा मलामीहरु हुन्छन् ।

यस दर्जी जातिमा मृतकको लाशलाई खोला किनारमा दाउरा मुढाको थाकमा लुगा कपडा खोलेर नाङगै बनाई राखिन्छ र आफन्त नजिकको हकवालाले लाशलाई दागबत्ती दिइन्छ र लाशमा आगो लगाउने काम हुन्छ । सो आगो लागेपछि पण्डितद्धारा मन्त्र उच्चारण गरी मृतकका आफन्त छोराहरुको केश काट्ने शुद्ध कार्य गरीन्छ । सो कार्य सकेपछि चोखो निधो सँग सेतो बर्खी ओढेर चोखो ठाउँमा बसाईन्छ । लाश जल्दै गएपछि तेल घिउ तोरी हाली अझ लाशलाई डढाईन्छ । यो कार्य सिधिए पछि मलामी जनहरुलाई खाजा नास्ता चियापान गराइन्छ र

मलामीहरु घर घर फिर्दछन् । पहिला पहिला मृत शरीरलाई गाडिन्थ्यो भने हाल आएर मृत शरीरलाई खोला किनारमा लगेर जलाइन्छ अर्थात दाहसंस्कार गरिन्छ ।

## ४.५.५ चाडपर्वहरु :

नेपाल मन्दिरै मन्दिरले बनिएको देश हो भनेर पर्यटकहरुले वर्णन गरेका छन् । पौराणिक कालदेखि नै नेपाल पवित्र भूमिको रुपमा चिनिन्छ । प्राचीन ग्रन्थावलीहरुले पनि विभिन्न उत्सव समारोहहरुको उल्लेख गरेका छन् । चाडपर्वहरु बसन्त ऋतु, शरद ऋतुको आगमन, नयाँ वर्ष, विजयोत्सव आदि अवस्थामा विभिन्न समुदायले आ आफनो शैलीमा मनाउने गरेको पाइन्छ । यस्ता राष्ट्रिय तथा जातीय चाड पर्वहरुले सामाजिक रुपले एक अर्को समुदायसँग धार्मिक सहिष्णुता बढाउने, जातीय गौरवलाई टेवा दिदै सिङगो राष्ट्र र राष्ट्रियतालाई मजबुत बनाउँछ । इलाम नगरपालीकाका दर्जीहरुले निम्न प्रकारका चाडपर्वहरु मनाउँदै आएका छन ।

**माघे संक्रान्ति :**

माघ १ गतेका दिन बिहानै उठी नुहाईधुवाई गरी सफा शुद्ध भई बौद्ध मन्दिरमा गई बत्ति बालेर आफु भन्दा ठूला सँग आर्शिवाद लिन जान्छन घरमा चेलीबेटीलाई बोलाई दर्जीहरुले आफन्त इष्टमित्र पाहुनालाई मिठो मसिनो खुवाउँदछन । त्यसदिन पानी रोटी, तितेफापरको रोटी, तरुल बनतरुल, माछा मासु र रक्सी खाने चलन छ । यो दिन १२ वटा जनावरको मूर्ति बनाएर सेलाउने गर्दछन । यस दिन माईखोलाको दोभानमा गई बोका कुखुराकाटी टपरीमा धूप नैवेध दियोबाली पूजागरी खोलामा बगाईन्छ । यो कार्यलाई माघे संक्रान्ति मकर नुहाउने कार्य पनि भनिन्छ ।

**नया वर्ष (नयाँसाल ) ल्होछार :**

ल्होको अर्थ वर्ष र छार भनेको नयाँ हो । त्यसैले ल्होछार भनेको नयाँ वर्ष हो । दर्जी जातिहरु यो पर्वलाई धुमधाम सँग मनाउँदछन् । माघे संक्रान्तिको हाराहारीमा पर्ने यो पर्व तीन देखि पन्ध्र दिन सम्म मनाईन्छ । हिन्दू धर्म अनुसार पर्वको पहिलो दिन बिहानै उठेर चोखो पानी ल्याई पानी, दुध, नैवेध, घर भित्र कोठामा कुललाई चढाउँदछन् । घरको आँगनमा तुलसीको मोठमा पूजा आजा गरि अभिषेक गरिन्छ । परिवारको मूली मान्छेले सबैलाई टिका लगाई आर्शिवाद दिन्छन र स्तर अनुसार ढोक भेट हुन्छ । केटीहरु ( महिलाहरु) रक्सी लगायतका सगुन लिएर माईत जान्छन । मैदाको पीठो चिनीमा पकाएको बाबरे चामलको पिठोबाट तेलमा पकाएको साधा रोटी विभिन्न प्रकारका मासु र रक्सी जस्ता खाध पदार्थ तयार गरेर सबै मिलि भोज भतेर खान्छन । रमाइलो सँग नाचगान गर्छन ।

**चैते दशै :**

रामनवमीका दिन दर्जी जातिहरु चेलीबेटीलाई बोलाएर मिठो खानेकुरा खान्छन् । यस दिन भगवान रामको पूजा गरि भव्य रुपमा चैते दशै मनाउँदछन् । वर्षको एक दिन चैत महिनामा चैते दशै मनाइन्छ । यस दिन घरका पविारहरु भेलाभएर रामको पूजा गरी भव्यरुपमा

मनाउँदछन् । भगवान रामले राक्षसहरुलाई पराजित गरेको हुनाले यस दिन रामनवमी भनी भव्यपूजा आजा गरिन्छ ।

**तिहार :**

यो तिहार पर्व कार्तिक महिनामा मनाईन्छ । यस पर्वमा आफना दाजु भाईले आफना दिदी बहिनीहरुसँग टिकाटाला लगाउँदछन । तिहारको पैलो दिन कागतिहार दोस्रो दिन कुकुर तिहार तेस्रो दिन लक्ष्मी पूजा गोर्वधन पूजा त्यसपछि भाईटिका मनाउँछन । कागतिहारमा कागलाई पूजा गरिन्छ । कुकुर तिहारमा कुकुरलाई माला लगाई कुकुरलाई खाने कुरा दिईन्छ । लक्ष्मी पूजाको दिन देउसी भैलो खेलीन्छ । लक्ष्मी पूजाको दिन माता लक्ष्मीको पूजा आजा गरीन्छ । तिहार पर्वमा सेलरोटी, अनारस रोटी, विभिन्न प्रकारका रोटीहरु पकाईन्छ । देउसी भैली केटा केटीहरु मिली खेलिन्छ । भाईटिका भनेको अन्तिम दिन हो । यस दिनमा आफना चेली बेटीहरुले आफना दाजु भाइलाई टिका टाला लगाइदिन्छन । दाजु भाइले पनि आफना चेली बेटीलाई टिका टाला लगाइदिन्छन । यो पर्वमा आफना दाजु भाईलाई यमराजले नलैजावस भनि पूजा आजा गर्दछन् । यस दिन चेलीलाई आफना दाजु भाईले भेटी चढाउँछन् । यो पर्वमा दर्जी जातिहरुले पनि भव्य साथ मनाउँदछन् ।

**कुलपूजा :**

जेष्ठ, फागुन र मंसिर महिनामा एकल तथा सामुहिक रुपमा पितृको सम्झनामा यो पूजा गरिन्छ । परिवारको मूख्य व्यक्ति, सुनामबाट गराए पनि हुन्छ । इलाम नगरपालीकाका दर्जी थरका दर्जीहरु थालमा भाँति जाँड बोकेर भर्‌याङमा उभिएर घरको छानामा पितृहरुको नाम लिदै पर्सिन्छन् । यो काम घरै पिच्छे घुमेर गरिन्छ । अन्त्यमा उब्रिएको जाँड प्रसाद स्वरुप सबैले बाँडेर खान्छन ।

कुलपूजा भनेको आफनो रीती रिवाज भेषभूषा पूर्खाहरुले मानिएको धर्म हो आफनो कूलको पूजा गर्नु नै कुलपूजा हो । दर्जी जातिहरुले कूलपूजा भव्यरुपले गदै अर्थात मान्दै आएको पाइन्छ ।

पितृहरुले सम्झना गर्दै पूजा आजा गरिन्छ । कुलपूजा गर्दा आफुहरुले मानिदै आएको प्रमुख देवी देवताहरुको पूजा आजा गरिन्छ । कुलपूजा गर्दा दर्जी जातिहरुमा साखा सन्तान भेला भएर आफनो कुल देवताको पूजा आजा गर्दछन् ।

**बुद्ध जयन्ति ( बैशाख पूर्णिमा ) :**

दर्जीहरु औपचारिक रुपमा बुद्ध जयन्ति ( बैशाख पूर्णिमा ) मनाउँदछन् । यस दिन गुम्बामा गई भगवान गौतम बुद्धको प्रतिमामा फुलमाला चढाएर भव्य पूजा गर्दछन् । यो तिथि प्रत्येक सालको बैशाख पूर्णिमाको दिन हुने भएकोले यस दिन विशेष महत्वको साथ हेरिन्छ । गौतम बुद्ध नेपालको लुम्बिनी अञ्चलको कपिल वस्तु भन्ने ठाउँमा जन्मेका हुन् । भगवान

बुद्धलाई एशियाको तारा पनि भनिन्छ । यस दिन विश्वभरी नै बुद्धजयन्ति हर्षो उल्लासका साथ मनाइन्छ ।

**साउने संक्रान्ति :**

यो दिन दर्जी जातिहरु मासु र रक्सी जाँड खाएर रमाइलो गरी मनाउँदछन् । यस दिन साउने संक्रान्तिको बेलुका ढयाङग्रो ठोकी लुतो जति जाईजा पैसा जति आईजा भनि नारा लगाउँदै हर्ष उल्लासका साथ मनाउँछन् । यस दिन तिउरी मेन्दी, लगाउने प्रचलन पनि छ ।

**साउने पूर्णिमा :**

यो पूर्णिमाको दिन दर्जी जातिहरु सामुहिक रुपमा भेला भई मनाउँदछन् । सुनामहरुको नेतृत्वमा डम्फु मादल बजाउँदै नाच्दै जान्छन् । यो पर्वलाई साउने पूर्णिमा भन्दछन् । साउने पूर्णिमामा विशेष प्रकारको रोटी बनाइन्छ । उपस्थित सबैले झिरो रोटीलाई प्रसादको रुपमा खान्छन् र उपस्थित नहुनेलाई उसको भाग घरमै पठाई दिन्छन् । नाँच गान गरेर रमाइलो सँग मनाइने यो पर्व मनाउने जिम्मा बेग्ला बेग्लै परिवारले लिने गर्दछन् ।

**दशै :**

दर्जी जात जातिहरु दशै भव्यरुपले मान्दछन् । इलाम नगरपालीकाका दर्जी जातिहरु भने क्षेत्री बाहुन सरह दशै मनाउँदै आएको पाइन्छ । दशै आउन भन्दा अगाडी नौरथा शुरु हुन्छ त्यसपछि घटस्थापना आउँछ त्यसपछि सप्तमी ( फुलपाती ) अष्टमी नवमी ( बलीचढाइन्छ ) दशमीमा दशैको टिका शुरु हुन्छ । दशै पाँच दिन सम्म चल्दछ । दशैको अन्तिम दिन पाँचौ दिन पूर्णिमा आउँछ पूर्णिमाको दिन दशैको विर्सजन गरीन्छ ।

# अध्याय पाँच

# तथ्याङ्क, विश्लेषण र प्रस्तुतिकरण

## ५.१ दर्जी महिलाहरुको सामाजिक पक्ष :

इलाम नगरपालीकाका दर्जी जातिका महिलाहरुको सामाजिक आर्थिक राजनीतिक अवस्था कमजोर रहेको छ । यस अध्ययन क्षेत्रबाट लिएका महिलाहरुको स्थलगत निरिक्षण अनुसार पितृसत्तात्मक सोच, परम्परागत मूल्य मान्यता धार्मिक तथा सामाजिक मूल्य मान्यताको कारणले पुरुषको दाँजोमा महिलाहरुको अवस्था कमजोर पाईयो । हाम्रो जस्तो सामन्ती संस्कारले जरो गाडेको समाजमा सम्पत्तिलाई उच्च प्राथमिक्ता दिइएको छ । आर्थिक अवस्था हुनु वा नहुनुले व्यक्तिको सामाजिक सांस्कृतिक शैक्षिक कुराहरुमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यहाँका दर्जी महिलाहरु प्राय भूमिहिन अवस्थामा तथा पेशा व्यवसाय विहिन अवस्थामा छन् । शैक्षिक क्षेत्रमा त्यति पहुँच पुर्याउँन नसकेको कारणले यिनीहरुको शैक्षिक स्तर अपेक्षित रुपमा कमजोर नै छ । यही कुरालाई औल्याउने क्रममा दर्जी महिलाहरुको सामाजिक जीवनको बारेमा स्थलगत निरीक्षण अनुसार विस्तृत विश्लेषण गर्न खोजिएको छ ।

### ५.१.१. थरको आधारमा उत्तरदाताहरुको अध्ययन :

नेपाल बहुजाति र संरचना भएको राष्ट्र हो । यहाँ बसोबास गर्ने विभिन्न जाति र जनजातिहरु मध्ये दर्जी जाति पनि एक हो । दर्जी जाति भित्र पनि विभिन्न उपजातिहरु पर्दछन् अध्ययन क्षेत्रमा सबै भन्दा बढी थर भएका उपजातिहरु देखिएको कुरा तलको तालिकाबाट अझ विस्तृत रुपमा केलाईएको छ ।

**तालिका नं १**

थरको आधारमा उत्तरदाताहरुको विवरण

| क्र.स. | थर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिवा | २ | ८ |
| २ | दर्जी | १ | ४ |
| ३ | परियार | २ | ८ |
| ४ | तिखत्री | ५ | २० |
| ५ | नेपाली | १ | ४ |
| ६ | चाहार | ५ | २० |
| ७ | पहाडी | २ | ८ |
| ८ | सनपहेली | ३ | १२ |
| ९ | सुनाम | २ | ८ |
| १० | दूधराज | २ | ८ |
| जम्मा | | २५ | १०० |

श्रोत: स्थलगत सर्भेक्षण २०७०

माथिको तालिका अनुसार २५ जना उत्तरदाताहरु मध्ये १० थरी महिला उत्तरदाताहरुसँग प्रत्यक्ष कुराकानी गरियो । जसमा शिवा २, दर्जी, १, परियार २, तिखत्री ५, नेपाली १, चाहार ५, पहाडी २, रनपहेली ३, सुनाम २, दूधराज २, रहेका छन् । दर्जी जाति भित्र विभिन्न थरहरु रहेको कुरा यस तालिकाबाट प्रष्ट भएको छ । यस तथ्याङकको दृष्टिले अध्ययन गर्दा दर्जी जाति भित्र विभिन्न थरहरुले आ आफनो भूमिका निर्वाह गरेको हुनाले नै दर्जी जातिको अस्तीत्व कायम गरेको पाइन्छ ।

## ५.१.२. दर्जी महिलाहरुको धर्म सम्बन्धी विवरण :

नेपाली समाजमा बहुजातीय अस्तीत्व भए झै बहुधार्मीक अस्तीत्व पनि छ । दर्जी जातिमा परापूर्व कालदेखि मान्दै आएको धार्मिक कृयाकलापहरु आज सम्म पनि कायमै रहेको र उनीहरु त्यहि धर्मलाई नै अनुसरण गरी आफनो क्षेत्रबाट सामाजिक संरचनालाई सुव्यवस्थीत गर्दै आएका छन । दर्जी जातिहरुमा हालसम्म पनि सम्पूर्ण उत्तर दाताहरुले बौद्धधर्म प्रतिको आस्थालाई नै अनुसरण गर्दै आएका छन भन्ने कुरा तलको तालिकाबाट प्रष्ट हुन्छ ।

तालिका नं २

दर्जी महिलाहरुको धर्म सम्बन्धी विवरण

| क.स. | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बौद्ध | २४ | ९६ |
| २ | हिन्दु | १ | ४ |
| जम्मा | | २५ | १००.०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार २५ जना उत्तरदाताहरु मध्ये बौद्ध धर्मावलम्बीहरु २४ जना र हिन्दू धर्मावलम्बीहरु १ जना पाईयो । यस तथ्याङकबाट पनि दर्जी जातिमा बौद्ध धर्मावलम्बीहरुकै बाहुल्यता रहेको कुरा देख्न सकिन्छ ।

## ५.१.३ दर्जी महिलाहरुको परिवार सम्बन्धी अध्ययन :

दर्जी समाजमा एकात्मक र संयुक्त परिवार दुवै पाईन्छ । समाजमा पुरुष वर्गकै प्रधानता रहेपनि दर्जी समाजमा महिलाहरुको अस्तीत्व र सम्मानलाई स्वीकार गरेको पाईन्छ । यस समाजमा नव युवा पिडिहरु भने एकात्मक परिवारमा आकर्षित हुदै गएको पाइन्छ ।

तालिका नं ३

दर्जी महिलाहरुको परिवार सम्बन्धी विवरण

| क.स. | परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक | १५ | ६० |
| २ | संयूक्त | १० | ४० |
| | जम्मा | २५ | १००.०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार दर्जी परिवारमा एकात्मक परिवार संख्या १५ अर्थात ६० प्रतिशत र संयुक्त परिवार संख्या १० अर्थात ४० प्रतिशत पाईयो । यस तथ्याङकले के देखाउँछ भने दर्जी समुदायमा एकात्मक परिवार प्रतिको आकर्षण बढि रहेको पाईयो ।

## ५.१.४ दर्जी महिलाहरुको उमेर सम्बन्धी अध्ययन :

अध्ययन क्षेत्रका २५ जना महिलाहरुसँग छलफल प्रश्नावली तथा भेटवार्ता गरी उनीहरुको पारिवारिक आर्थिक शैक्षिक विवरण आदि प्राप्त गरिएको छ । उनीहरुको प्राप्त उमेर समुह यस प्रकार रहेको छ ।

तालिका नं ४

दर्जी महिलाहरुको उमेर सम्बन्धी विवरण :

| क.स. | उमेर समुह वर्षमा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २० – २९ | ५ | ८ |
| २ | ३० – ३९ | १२ | ४ |
| ३ | ४० – ४९ | ५ | ८ |
| ४ | ५० – ५९ | ३ | २० |
| जम्मा | | २५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिकाबाट पाईएको तथ्याङक अनुसार २५ दर्जी महिलाहरु मध्ये २० देखि २९ वर्ष सम्मका ५जना अर्थात २० प्रतिशत, ३० देखि ३९ वर्ष सम्मका १२ जना अर्थात ४८ प्रतिशत, ४० देखि ४९ वर्ष सम्मका ५ जना अर्थात २० प्रतिशत र ५० वर्ष देखि ५९ वर्ष सम्मका ३ जना अर्थात १२ प्रतिशत महिलाहरु पाईयो । यस तालिकाबाट पनि के स्पष्ट हुन्छ भने उत्पादन जनशक्तिको संख्या अधिक र अनुत्पादक शक्तिको संख्या कम देखिन्छ । आर्थिक दृष्टिले यो तथ्याङक उत्साहजनक देखिए पनि रोजगारीका अवसरहरुको अभावको कारणले यसलाई उत्साहजनक मान्न नसकिने अवस्था रहेको छ ।

## ५.१.५ दर्जी महिलाहरुको श्रम विविधता सम्बन्धि अध्ययन :

मानिसहरु आफनो जीविको पार्जनका लागि विभिन्न पेशाहरु अपनाएका हुन्छन । दर्जी जातिका महिलाहरुले पनि जीविको पार्जनका लागि विभिन्न पेशा अपनाएका छन । जो निम्नानुसार छन ।

तालिका नं ५

दर्जी महिलाहरुको श्रम विविधता सम्बन्धि विवरण:

| क.स. | श्रमको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ज्याला मजदुरी | ६ | २४ |
| २ | पशुपालन | ५ | २० |
| ३ | व्यापार व्यवसाय( जाँड,रक्सी) सिलाइबुनाई | ८ | ३२ |
| ४ | कृषि | ५ | २० |
| ५ | नोकरी | १ | ४ |
| जम्मा | | २५ | १०० |

श्रोत: स्थलगत सर्वेक्षण, २०७०

माथिका तथ्याङकहरु अनुसार अध्ययन क्षेत्रमा पाईएका महिलाहरु मध्ये ज्याला मजदुरीमा ६ जना अर्थात २४ प्रतिशत पशुपालनमा ५ जना अर्थात २० प्रतिशत व्यापार व्यवसायमा ८जना अर्थात ३२ प्रतिशत कृषिमा ५ जना अर्थात २० प्रतिशत र नोकरीमा १ जना अर्थात ४ प्रतिशत रहेको पाईयो । यस तथ्याङक अनुसार दर्जी महिलाहरुको जाँड रक्सी व्यापार व्यवसाय, ज्याला मजदुरी र पशुपालनमा श्रम गर्नेको संख्या अधिक देखिन्छ भने नोकरीमा श्रम गर्नेको संख्या एकदमै कम देखिन्छ यसले पनि के देखाउँछ भने दर्जी महिलाहरु नोकरी गर्न भन्दा पनि परम्परागत पेशा जाँड रक्सी व्यवसायमा आकर्षित भएको पाइयो भने बढि आर्कषित सिलाई बुनाई कटिङमा भएको पाईयो ।

## ५.२ दर्जी महिलाहरुको राजनीतिक स्थिति सम्बन्धि अध्ययन :

अध्ययनमा परेका दर्जी महिलाहरु राजनीति प्रति खासै चासो राखेको पाईएन । देशको वर्तमान राजनैतिक व्यवस्था भन्दा पनि आफनै घरायसी कामकाजलाई नै बढि महत्व दिइएको पाइयो । तै पनि भर्खरै सम्पन्न भएको संविधान सभाको राष्ट्रिय निर्वाचनमा भने भोट हाल्न उत्सुक्तापूर्वक भाग लिएको पाईयो । भोट कसलाई दिने भन्ने सम्बन्धमा कतिपय महिलाहरुले घरमुली पूरुषमा नै आधारित भएको पाईयो भने कतिपयले आफुले राजेको र छानेको पाटी र उम्मेदवारलाई मतदान गरेको पाईयो । अध्ययन क्षेत्रका महिलाहरुले कुनै पनि राजनीतिक दलको सदस्यता नलिएको र चुनावको बेलामा मात्र सामूहिक रुपमा भेला भएका सामूहिक छलफलगरेर राम्रो व्यक्ति र पार्टीलाई जिताउनु पर्दछ भन्ने चेतनाको विकास भएको पाईयो । उनीहरु हालको देशको बदलिंदो राजनीतिक अवस्था प्रति भने आशावादी रहेका छन ।

## ५.३. दर्जी महिलाहरुको स्वास्थ्य सम्बन्धी चेतनाको अध्ययन :

दर्जी जातिका महिलाहरुमा आफनो र आफनो परिवार प्रति स्वास्थ्य सम्बन्धि सचेत रहेको पाईयो । आफनो सिंगो परिवारको सुखको लागि धेरै सन्तान जन्माउने भन्दा थोरै सन्तान जन्माई तिनीहरुलाई नै योग्य र सक्षम बनाउने चेतना रहेको पाईयो ।

### ५.३.१ परिवार नियोजनका साधनको प्रयोग :

तालिका नं ६

दर्जी महिलाहरुको स्वास्थ्य सम्बन्धी चेतनाको विवरण :

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पिल्सचक्की | ७ | २८ |
| २ | डि.पो.प्रोभेरा | १० | ४० |
| ३ | स्थायी बन्ध्याकरण | ५ | २० |
| ४ | केही प्रयोग नगर्नेहरु | ३ | १२ |
| जम्मा | | २५ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

माथिका तालिका अनुसार उत्तरदाताहरु मध्येबाट परिवार नियोजनका साधनहरु मध्ये पिल्स चक्की प्रयोग गर्ने ७ जना अर्थात २८ प्रतिशत डि.पो.प्रो.भेरा प्रयोग गर्ने १० जना अर्थात ४० प्रतिशत स्थायी बन्ध्याकरण गर्ने ५ अर्थात २० प्रतिशत र केही प्रयोग नगर्नेहरु ३ जना अर्थात १२ प्रतिशत रहेको पाईयो । यस तथ्याङकलाई हेर्दा युवा महिलाहरु पिल्स चककी र डि.पो.प्रो.भेराको प्रयोग बढि गरेको पाईयो भने धेरै छोराहरु भएका महिलाहरुले स्थायी बन्ध्याकरण गरेको पाइन्छ र उमेर पुगेका महिलाहरुले केही प्रयोग गरेको पाइएन ।

### ५.३.२ फोहोर मैला व्यवस्थापन सम्बन्धि जानकारी :

यस क्षेत्रमा पाईएका दर्जी महिलाहरुको शिक्षा र चेतनाको कारणले घर आँगन चुलोबाट निस्कने फोहोर मैला व्यवस्थापन गर्ने र त्यस्ता फोहो मैलाहरुलाई खेतबारीमा प्रयोग गर्ने गरेको पाईयो । यस सम्बन्धमा तलको तालिकाबाट प्रष्ट हुन्छ ।

तालिका नं ७

फोहोर मैला व्यवस्थापन सम्बन्धी विवरण

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खाल्डोमा हाल्ने | १५ | ६० |
| २ | खेतबारीमा हाल्ने | ७ | २८ |
| ३ | त्यत्तिकै फाल्ने | ३ | १२ |
| जम्मा | | २५ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार खाल्डोमा फोहोर मैला फाल्ने १५ परिवार संख्या अर्थात ६० प्रतिशत खेतबारीमा त्यसै फयाल्ने ७ अर्थात २८ प्रतिशत र त्यतिकै फाल्नेमा ३ अर्थात १२ प्रतिशत रहेको पाईयो ।

## ५.४ पारिवारिक निर्णय प्रकियामा उत्तरदाताहरुको सहभागिता :

दर्जी जातिका महिलाहरुको अवस्था अन्य क्षेत्री ब्राहमण महिलाहरुको भन्दा तुलनात्मक रुपले आफनो परिवारमा केही राम्रो रहेको पाइयो । यिनीहरुको परिवार पितृसत्तात्मक रहेतापनि परिवारमा महिलाहरु प्रतिको दृष्टिकोण भने सकारात्मक नै रहेको पाइन्छ । कतिपय परिवारमा खासगरी घरमूली महिलाहरुको नै मुख्य भूमिका देखिन्छ भने कतिपय विषयहरुमा पुरुषको सर्वोपरि भूमिका पनि रहेको पाइन्छ ।

यस सम्बन्धमा अध्ययन क्षेत्रका २५ जना उत्तरदाता दर्जी महिलाहरुसँग सोधिएको प्रश्नको उत्तरमा २० जनाले वस्तु विकीबाट हुने आय महिलाको हुने बताए भने ५ जना उत्तरदाताले सो आयमा पूरुषको प्रभाव हुने बताए । यसै गरी घर पालुवा वस्तु सुगुर कुखुरा, बाख्रा आदि जीव जन्तु तथा पंक्षिको बेच बिखनमा कस्को कस्तो भूमिका हुन्छ भनी सोधिएको प्रश्नमा १८ जना उत्तरदाताहरुले घरमूली महिलाको हुने भनी उत्तर दिए भने बाँकी ७ जनाले भने पुरुषको हुने बताए । यस्तै घरेलु प्रयोजनका खाद्य वस्तु लत्ता कपडा आदिको खरीदमा कस्को भूमिका हुन्छ भनी सोधिएको प्रश्नको उत्तरमा १५ जनाले महिलाहरुको भूमिका हुन्छ भन्ने उत्तर दिए भने बाँकी १० जनाले पुरुषको नै हुन्छ भन्ने उत्तर दिए । यी तथ्याङकको आधारमा विश्लेषण गर्दा दर्जी महिलाहरुको पारिवारिक निर्णय प्रक्रियामा राम्रो सहभागिता हुन सकेको देखिन्छ ।

## ५.५ दर्जी महिलाहरुको शैक्षिक अवस्था सम्बन्धी अध्ययन :

देशको चौतर्फी विकासको लागि शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षाकै माध्यमबाट विकासका अन्य सम्भावनाहरु खोज्न सकिन्छ । शिक्षा मानिसहरुको नैसर्गिक अधिकार पनि हो । देश विकासको कममा आई पर्ने विभिन्न चुनौतिहरुको सामना शिक्षाकै माध्यमबाट गर्न सकिन्छ । शिक्षित जनशक्ति देश विकासको मूल आधार पनि हो । सचेत सक्षम सुसूचित नागरिकहरु सामाजिक तथा आर्थिक विकासको आधारसिला हुन् भने शिक्षा यी सबै पक्षहरुको प्रमुख कारक हो । शिक्षाको विकास र अवसर नै सामाजिक असमानता हटाउन सक्ने प्रबल साधन पनि हो । शिक्षित र सीपयुक्त नागरिकहरुबाट जीवन स्तरमा उल्लेखीय उपलब्धि हुने हुँदा यी पक्षहरुको नजिक विकासको प्रमुख सूचकको रुपमा लिइन्छ ।

यस अध्ययनमा २५ जना उत्तरदाताहरुको शैक्षिक अवस्था राम्रो रहेको देखिन्छ । यसलाई तलको तालिकाबाट अरु बढी प्रष्ट हुन्छ ।

तालिका नं ८

दर्जी महिलाहरुको शैक्षिक अवस्था सम्बन्धि विवरण

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्ण निरक्षक | ३ | १२ |
| २ | साक्षर | १५ | ६० |
| ३ | एस.एल.सी उर्तिण | ५ | २० |
| ४ | उच्च शिक्षा | २ | ८ |
| जम्मा | | २५ | १००.०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथि उल्लेखित तालिका अनुसार पूर्ण निरक्षर ३ जना अर्थात १२ प्रतिशत साक्षर १५ जना अर्थात ६० प्रतिशत एस.एल.सी. उत्तीर्ण गरेका ५ जना अर्थात २० प्रतिशत र उच्च शिक्षा हासिल गर्ने २ जना अर्थात ८ प्रतिशत रहेको पाइयो । माथिको तथ्याङकलाई हेर्दा पनि इलाम नगरपालीकाका दर्जी महिलाहरुको शैक्षिक अवस्था अपेक्षीत रुपमा राम्रो देखिन्छ ।

## ५.६ दर्जी महिलाहरुको आर्थिक पक्षको अध्ययन :

राष्ट्रको मेरुदण्ड भन्नु नै त्यो देशको अर्थ व्यवस्था हो । कृषि प्रधान देश नेपालमा करिब ८१ प्रतिशत जनताहरु कृषि पेशामा संम्लग्न रहेको देखिन्छ । नेपालको अर्थ व्यवस्था कृषिमा आधारित छ । ग्रामिण क्षेत्रको आर्थिक विकास मुख्यत : त्यस गाउँका कृषि उत्पादन वितरण स्वास्थ्य शिक्षा संचार एवं अन्य सेवा सुविधाहरुमा निर्भर रहेको हुन्छ । मानवीय कृयाकलापको विभिन्न पक्षहरुमा प्रभाव पार्ने आर्थिक पक्ष समाजको सांस्कृतिक रीतिरिवाज चालचलन जीवन शैलि आदिमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । समाजको सम्पूर्ण पक्षलाई आर्थिक पक्षले नै निर्देशित गरेको हुन्छ । उन्नत आर्थिक अवस्था बिना कुनै पनि विकासका कार्यहरु सफल हुन सक्दैनन् । उत्पादनको श्रोत र साधनमा मानिसको पहुँच पनि पुग्न सक्दैन । यही कुराको तथ्याङकको विश्लेषण गरी विस्तृत रुपमा अध्ययन गरिएको छ ।

### ५.६.१ दर्जी जातिका महिलाहरुको आर्थिक स्थिति :

दर्जी जातिका महिलाहरुको आर्थिक स्थिति तुलनात्मक रुपमा राम्रो नै देखिन्छ । इलाम नगरपालीकाका दर्जी महिलाहरु कुनै न कुनै पेशामा संलग्न भएका, जाँगरिला भएका र इलाम नगरपालीकामा काम गरी खानका लागि अवसरहरु प्राप्त गर्न सकिने ठाउँ भएको र दर्जी महिलाहरुको जग्गा जमीन समेत भएको कारणले आर्थिक अवस्था सबल देखिन्छ ।

तालिका नं ९

दर्जी महिलाहरुको आर्थिक स्थितिको विवरण

| क्र.स. | खान पुग्ने महिला | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ महिना सम्म खान पुग्ने | २ | ८ |
| २ | ६ महिना सम्म खान पुग्ने | ३ | १२ |
| ३ | ९ महिना सम्म खान पुग्ने | ४ | १६ |
| ४ | वर्ष दिन सम्म खान पुग्ने | १६ | ६४ |
| जम्मा | | २५ | १००.०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार ३ महिना सम्म खान पुग्नेहरुको संख्या २ अर्थात ८ प्रतिशत ६ महिना सम्म खान पुग्नेको संख्या ३ अर्थात १२ प्रतिशत ९ महिना सम्म खान पुग्नेको संख्या ४ अर्थात १६ प्रतिशत र वर्ष दिन भरी खान पुग्नेको संख्या १६ अर्थात ६४ प्रतिशत रहेको छ । यस तथ्याङकले के देखाउँछ भने दर्जी जातिका महिलाहरुको आर्थिक स्थिति राम्रो देखिन्छ ।

## ५.६.२ दर्जी महिलाहरुको भू स्वामित्व स्थिति सम्बन्धि अध्ययन :

इलाम नगरपालीकाका दर्जी महिलाहरुको भू स्वामित्वको स्थिति अध्ययन गर्दा दर्जी महिलाहरुको स्वामित्वमा केही जग्गा जमीन देखिएको र बढी जग्गा जमीन परिवारका पुरुषको स्वामित्वमा रहेको पाइयो । भू स्वामित्वको स्थितिलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं १०

दर्जी महिलाहरुको भू स्वामित्व स्थिति सम्बन्धिको विवरण

| क्र.स. | जमिनको परिणाम | महिला संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भूमिहिन | २ | ८ |
| २ | १ आना देखि १ रोपनी सम्म | १५ | ६० |
| ३ | १ रोपनी देखि ५ रोपनी सम्म | ५ | २० |
| ४ | ५ रोपनी देखि माथि | ३ | १२ |
| जम्मा | | २५ | १००.०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार २५ जना उत्तरदाता मध्ये भूमीहीन २ जना अर्थात ८ प्रतिशत १ आना देखि १ रोपनी सम्म जग्गा हुने १५ जना अर्थात ६० प्रतिशत र १ रोपनी देखि माथि ५ रोपनी सम्म जग्गा हुने ५ जना अर्थात २० प्रतिशत र ५ रोपनी देखि माथि हुने ३ जना अर्थात १२ प्रतिशत रहेको पाइयो ।

## ५.६.३ दर्जी महिलाहरुको आयश्रोत सम्बन्धि अध्ययन :

मानिसहरुले आफनो जीवन यापनको लागि विभिन्न पेशाहरु अपनाएका हुन्छन् । त्यही पेशाको आय स्रोतबाट आफनो जीविको पार्जन गरेका हुन्छन् । दर्जी महिलाहरु पनि आफनो आय वृद्धि गर्न र सामान्य घर व्यवहार चलाउन विभिन्न पेशा व्यवसायहरु संचालन गरेका छन् । दर्जी महिलाहरुको आयस्रोत सम्बन्धी विवरण तलको तालिकाबाट प्रष्ट हुन्छ ।

तालिका नं ११

दर्जी महिलाहरुको आयस्रोत सम्बन्धि विवरण

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पशुपंक्षी पालन | ७ | २८ |
| २ | ज्याला मजदुरी | ३ | १२ |
| ३ | सिलाई कटाई | २ | ८ |
| ४ | जाँडरक्सी | ७ | २८ |
| ५ | सरकारी नोकरी | १ | ४ |
| ६ | नगदे खेति | ५ | २० |
| जम्मा | | २५ | १००.०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार कुल २५ जना दर्जी महिलाहरु मध्ये पशुपंक्षि पालनमा ७ जना अर्थात् २८ प्रतिशत ज्याला मजदुरीमा ३ जना अर्थात १२ प्रतिशत सिलाई कटाईमा २ जना

अर्थात् ८ प्रतिशत जाँडरक्सी व्यापारमा ७ जना अर्थात् २८ प्रतिशत सरकारी नोकरीमा १ जना अर्थात ४ प्रतिशत नगदे खेतीमा ५ जना अर्थात २० प्रतिशत संलग्न भएको पाइयो ।

### ५.६.४ दर्जी महिलाहरुको पारिवारिक खर्च सम्बन्धी अध्ययन :

आफनो पारिवारिक जीवन निर्वाहको क्रममा दैनिक कार्य संचालनको लागि आ आफनो क्षमता अनुसारको आय आर्जनमा सक्रिय रहेका छन् । यसरी आय आर्जनमा सक्रिय रहेता पनि उनीहरुले दैनिक आवश्यकीय पारिवारिक खर्च गर्नलाई को कस्को अनुमति लिन पर्छ वा पर्दैन भन्ने कुराको अध्ययन तलको तालिकाबाट केलाइएको छ ।

तालिका नं १२

दर्जी महिलाहरुको पारिवारिक खर्च सम्बन्धी विवरण

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | श्रीमानको अनुमति लिनु पर्ने | ७ | २८ |
| २ | श्रीमानको अनुमति लिने नपर्ने | १० | ४० |
| ३ | सासु ससुराको अनुमति लिनु पर्ने | ५ | २० |
| ४ | अन्य | ३ | १२ |
| जम्मा | | २५ | १००.०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिकामा पाइएको तथ्याङक अनुसार पारिवारिक खर्चमा श्रीमान्को अनुमति लिनु पर्दछ भन्ने १७ जना अर्थात् ६८ प्रतिशत श्रीमान्को अनुमति लिनु पर्दैन भन्नेमा ५ जना अर्थात २० प्रतिशत सासु ससुराको अनुमति लिनु पर्दछ भन्नेमा २ जना अर्थात ८ प्रतिशत र अन्यमा १ जना अर्थात ४ प्रतिशत रहेको छ । यस तथ्याङक अनुसार के देखिन्छ भने महिलाहरु आफनो क्षमता अनुसार विभिन्न पेशामा संलग्न रही आय आर्जन गरेता पनि खर्च गर्नलाई भने श्रीमान् कै अनुमति लिनु पर्ने अथवा भर पर्नु पर्ने अवस्था देखिन्छ । यसबाट पनि के देखिन्छ भने महिलाहरुको पारिवारिक आर्थिक जीवन पुरुषद्धारा नियन्त्रण रहेको छ । उनीहरु आर्थिक स्रोत जुटाउने कार्यमा सक्रिय रहे पनि त्यसको परिचालनमा भने पुरुष परजीवी देखिन्छन् ।

## ५.७ उत्तरदाताहरुको अवस्था कमजोर हुनाका कारणहरु :

अध्ययन क्षेत्रका दर्जी महिलाहरुको अवस्था कमजोर देखिन्छ । माथि प्रस्तुत गरिएका विभिन्न तथ्याङकहरुको आधारमा हेर्दा दर्जी महिलाहरु आर्थिक, सामाजिक, राजनीतिक र निर्णय प्रकृया आदिमा कमजोर देखिएका छन् । पुरुषको तुलनामा पछाडि परेका छन् । यसका प्रमुख कारणहरु यस प्रकार रहेका छन् ।

### ५.७.१ पितृसत्तात्मक सोच :

दर्जी समाजमा रहेको पितृसत्तात्मक सोच रहेको अवधारणाले दर्जी महिलाहरुको अवस्था कमजोर रहेको छ । यस जातिमा पनि महिलालाई दोश्रो दर्जाको नागरिकको रुपमा हेरिन्छ । महिलाहरु विवाह गरेर लोग्नेको घरमा जानु पर्ने, श्रीमती र आमा बनेर आफनै घरेलु संरचनागत

भूमिका निर्वाह गर्नु पर्ने, र महिलाहरु कै घर भित्र कै कार्यमा संम्लग्न रहनु पर्ने मान्यता पाइन्छ । महिलाहरुको यौवन व्यवहार र कृयाकलापमा कडा नियन्त्रण गरिएको छ । महिलाहरु बढि भन्दा बढि समय घरायसी, अनुत्पादक कार्यमा नै संम्लग्न रहेकाले पुरुषहरु प्रति बढि आश्रीत रहेका छन् । महिलाहरु साक्षर रहेता पनि उनीहरुलाई सार्वजनिक क्षेत्र वा रोजगारीको क्षेत्रमा संम्लग्न हुने अवसरलाई नियन्त्रण गरिनुले पनि दर्जी महिलाहरुको अवस्था कमजोर देखिन्छ ।

### ५.७.२ सामाजिक तथा सांस्कृतिक मूल्य मान्यता :

दर्जी समाजमा सामाजिक तथा सांस्कृतिक मूल्य मान्यताले गर्दा पनि दर्जी मलिाहरुको अवस्था कमजोर देखिन्छ । यस समाजमा सांस्कृतिक मूल्य मान्यताले पुरुषलाई लेख्ने पढ्ने ज्ञानी हुने र सुनाम बन्न ( दर्जीको पण्डित ) प्रेरित गरेको छ भने महिलाहरुलाई घरायसी प्रयोजनमा प्रयोग हुने अनुत्पादक कार्यमा संलग्न हुन बाध्य बनाएको छ । यस समाजमा सुनामको स्थान महत्वपूर्ण हुने र पुरुषहरु सुनाम बन्न तिर लाग्ने हुनाले पनि पुरुषको स्थान महिलाहरुको भन्दा उच्च रहेको पाइन्छ ।

### ५.७.३ व्यवसायिक सीपको अभाव :

यस जातिका मानिसहरुमा समय सापेक्षानुसारको व्यवसायीक शीपको अभाव देखिन्छ । परम्परागत कृषि कार्य, घरायसी काम, व्यापार व्यवसाय ( जाँड रक्सी ) ज्याला मजदूरी बाहेक अन्य अवसर प्राप्त नभएको हुनाले नै यिनीहरु पछाडि परेका छन ।

### ५.७.४ आर्थिक परनिर्भरता :

सम्पत्तिमा महिलाहरुको दोहोरो अधिकार रहे पनि आर्थिक कृयाकलापमा अन्तीम निर्णय गर्ने अधिकार दर्जी पुरुषहरुमा नै रहेको छ । दर्जी महिलाहरुको नाममा सम्पत्ति राखिएको भए पनि त्यसको बेचबिखन र परिचालनमा पुरुषको अनुमति लिनु पर्ने हुँदा आर्थिक कृयाकलापमा पनि महिलाहरु पुरुषको परजीवी बनेका छन् । त्यसै गरी पारिवारिक खर्चमा भने श्रीमान्कै अनुमति लिनु पर्ने हुनाले पनि महिलाहरुको आर्थिक कृयाकलाप परिचालनमा पुरुष प्रति निर्भर रहेका छन् ।

### ५.७.५ अवसरको कमी :

दर्जी महिलाहरुको साक्षरता दर राम्रै रहे पनि ति महिलाहरुले शैक्षिक योग्यतानुसारको सार्वजनिक क्षेत्रमा अथवा रोजगारीको क्षेत्रमा संम्लग्न भई कार्य गर्ने अवसर पाएका छैनन । हुन त दर्जी पुरुषहरुले पनि योग्यतानुसारको कम अवसर पाएका छन् । त्यसमा पनि महिलाहरुको संम्लग्नता भने ज्यादै न्यून छ । यसले पनि महिलाहरुको कमजोर अवस्थालाई देखाउछ ।

## ५.८ वैयक्तिक अध्ययन :

वैयक्तिक अध्ययन कुनै पनि एउटा प्रकृतिको बारेमा गरिने सम्पूर्ण पक्षको अध्ययन हो । यसले घटना प्रकृतिलाई जान्न अध्ययनको सत्यतालाई पत्ता लगाउन तथा प्रष्ट पार्नको लागि ठूलो भूमिका खेल्दछ । तसर्थ यस अध्ययनमा पनि वैयक्तिक अध्ययनको प्रकृयालाई अपनाइएको

छ । यस अध्ययनमा २५ जना उत्तरदाता मध्येबाट २ जना उत्तरदाताको वैयक्तिक अध्ययनलाई यहाँ उल्लेख गरिएको छ ।

**क. रत्ना परियार :**

रत्ना परियार बाबु हिरा परियार र आमा इन्द्र परियार की सुपुत्री हुन् । उनको जन्म इलाम जिल्ला इलाम नगरपालीका वडा नं २ मा वि.स. २०३८ साल पौष १० गते भएको हो । आमा बाबु अनपढ भए पनि उनले नजिकैको भगवती स्कुलमा कक्षा ८ सम्म पढेकी छिन । करिब ११ वर्ष पहिले इलाम नगरपालीका वडा नं ३ मा बसोबास गर्ने श्री हर्क बहादुर परियार सँग विवाह गरिन् । उनको श्रीमान पनि एस.एल.सी. सम्म पढेका छन् । सन्तानमा एक छोरा वर्ष ७ कोर एक छोरी ४ वर्षकी छिन् । छोरा छोरीहरु दुवै नजिकै को सरकारी स्कुलमा अध्ययन गर्दछन् । पढ्नमा दुवै छोरा छोरी राम्रो र सुसिल भएकोमा उनी खुसी छिन् । उनको छोरा कक्षा २ मा पढ्छ भने छोरीलाई पढाउन स्कुल भर्ना गरेको छैन तर राम्रो बोडिङ स्कुलमा पढाउन नसकेकोमा भने उनीलाई निकै दुःख लागेको छ ।

रत्ना परियारको नाममा कुनै जग्गा जमिन छैन । नत उनको पतिको नाममा नै छ । अर्काको जमिन ठेककामा लिएर उनीहरुले मौसम अनुसारको बाली नाली लगाई जिविको पार्जन गर्दे आएका छन् । इलाममा नगदेबाली ज्यादै फस्टाउने हुँदा उनीहरु अदुवा लगाउने खोर्सानी लगाउने काम गर्दछन् । यसको साथै उनीहरुले एक माउँ गाई पनि पालेका छन । गाईले दिनको ५ लिटर दूध दिन्छ उनीहरुले दिनको ४ लिटर दूध नजिकैको डेरीमा बिकी गर्छन । त्यस दुध बिकीबाट दैनिक १००। आम्दानी हुन्छ । यही आम्दानी र सिजन अनुसारको नगदे बालीबाट उनीहरुको जीविको पार्जन हुदै आएको छ । गाईले दुध दिंदा भने खानलगाउन राम्रै सँग पुग्दछ तर गाई थाकेको बेलामा भने जीविको पार्जन गर्न साह्रै कठिन हुने कुरा उनी बताउँछिन । उनको श्रीमानले उनलाई घरको काम देखि लिएर अन्य सबै काममा सहयोग पुर्‍याउँछन । पारिवारिक जीवन राम्रो छ भनेर बताउने रत्ना श्रीमानले कहिले काही जाँड रक्सी खाएर घर आउँदा भने नराम्रो लाग्ने बताउँछिन । जाड रक्सी नखादा भने श्रीमान्ले सिलाई बुनाई कटाईबाट रुपैया कमाएर घरमा ल्याउने गर्नु हुन्छ भन्छिन् । रत्नालाई राजनीति प्रति कुनै चासो छैन तर आफुलाई मनपरेको पार्टीलाई उम्मेदवार भोट दिएको बताउँछिन । तपाईले यसपालीको संविधान सभाको चुनावमा कुन पार्टी र कुन उम्मेदवारलाई भोट हाल्नु भयो त भनी सोध्दा नाम र पार्टी त भन्नु मिल्दैन फेरी भोट नदिएको पार्टीले थाहा पायो भने मार्छ भनेर हास्छीन् । यसपालीको संविधान सभाको चुनावमा कसरी भोट हाल्ने भनी विभिन्न संस्था पार्टीहरुले जानकारी गराउँदा पनि पहिला भोट हाल्दा भन्दा यसपाली भोट हाल्दा अपठ्यारो भएको बताउँछिन ।

रत्ना परियारलाई परिवार नियोजनको बारेमा थाहा छ उनको छोरी जन्मिए पछि अन्य परिवार नियोजन भन्दा बन्ध्याकरण भरपर्दो भएकोले बन्ध्याकरण गरेको छु भन्छिन । दुईवटा मात्र सन्तान जन्माउनु भएको ? भन्दा धेरै जन्माएर मात्र के गर्नु तिनीहरुलाई खान लाउन पनि दिनु पर्छ यति थोरै आय श्रोतले पुग्दैन भनी बताउने गायत्री परिवार नियोजन संस्थाको कार्यक्रममा गए पछि परिवार नियोजनको बारेमा थाहा भएको बताउँछिन ।

महिलाहरुको हक र अधिकारको बारेमा के थाहा छ ? भन्ने बारेमा थाहा नभएको बताउने रत्ना दर्जीको हक अधिकारको बारेमा भने थाहा भएको बताउँछिन तपाईले दर्जीको हक

अधिकारको बारेमा कसरी थाहा पाउनु भयो भन्दा अहिले विभिन्न जनजातिहरुले आफनो हक र अधिकारको लागी गाडी बन्द गराउँदा तथा जनजातिहरुको विभिन्न कार्यक्रमहरुबाट थाहा पाएको बताउँछिन अन्य जाति भन्दा हामी दर्जीहरुलाई सरकार लगायत सबैले पहिला देखि नै हेला होचो गर्ने भएकोले अहिलेको संविधानमा हामी दर्जीलाई हेलाहोचो नगरी दर्जी जातिहरुको हक अधिकार तथा महिलाहरुलाई पनि अरु महिला जस्तै जागिर दिनु पर्ने र अब बन्ने संविधानमा यी नै कुराहरु लेखिनु पर्ने सुझाव उनको रहेको छ ।

**ख.श्रीमती कुमारी चाहार :**

३६ वर्षिय कुमारी चाहारको इलाम जिल्ला इलाम नगरपालीका वार्ड नं २ मा भएको हो । बाबु मुकेश चाहार र आमा हर्कमाया चाहारको जेठी सुपुत्री हुन् । उनले एस.एल.सी.उत्तीर्ण गरेकी छन् । उनको विवाह इलाम नगरपालीका वार्ड नं ३ मा बसोबास गर्ने बिर बहादुर चाहारसँग आजभन्दा दशवर्ष अगाडि विवाह भएको हो ।

कुमारी चाहार परिवारमा उनका श्रीमान् सासु ससुरा २ छोरी र १ छोरा रहेका छन । सासु ससुरा अनपढ छन भने उनका श्रीमान् सासु ससुरा २ छोरी र १ छोरा रहेका छन् । सासु ससुरा अनपढ छन् भने उनका श्रीमान्ले उच्च शिक्षासम्म अध्ययन गरेका छन् । उनका तीनै जना छोरा छोरी नजिकैको निजी विधालयमा पढ्छन । उनको छोरा कक्षा २ मा अध्ययन गर्दछन भने जेठी छोरी कक्षा १ मा र कान्छी छोरी कक्षा एल के.जी.मा अध्ययनरत छन् ।

कुमारीको घरको आर्थिक अवस्था राम्रो छ । उनको इलाम नगरपालीकामा २ रोपनी जग्गा छ । यो जग्गा जमिनको आम्दानी अन्य व्यापार व्यवसायको आम्दानीबाट राम्रोसँग खान लाउन पुग्छ भन्छिन् । आर्थिक अवस्था राम्रो भएकाले उनी र उनको श्रीमान्ले जागीर खाने तर्फ मन गरेनन् । आफु र आफना श्रीमान् बीचको सम्बन्ध पनि राम्रो रहेको बताउँछिन् ।

कुमारीलाई राजनीति प्रति खासै चासो नभए पनि मन परेको पार्टीको उम्मेदवारलाई भोट दिएको बताउँछिन् । संविधान सभाको चुनावमा भोट हालेको उम्मेदवार र पार्टीको नाम बताउन नचाहने कुमारीले पहिला पहिलाको संसदीय तथा स्थानीय निर्वाचनमा भन्दा यसपालिको निर्वाचनमा भोट हाल्न गाह्रो परेको बताउँछिन ।

परिवार नियोजनको बारेमा थाहा भएको बताउने आफुले परिवार नियोजनको लागि डि.पो.प्रोभेरा सुई लगाएको बताउँछिन । अब अरु बढि सन्तानको चाहना नरहेको र परिवार नियोजन कार्यालयबाट संचालन हुने कार्यक्रमहरुमा समय समयमा भाग लिने गरेको र सो सम्बन्धमा साथिहरुसँग कुरा समेत हुने बताउँछिन् । बिरामी पर्दा निजी क्लीनिकमा जँचाएर औषधि खाने गरेको र अस्पतालमा भन्दा निजी क्लीनिकमा राम्रो उपचार हुने बताउँछिन् ।

दर्जी जातिको हक अधिकार र महिलाहरुको हक अधिकारको बारेमा सामान्य जानकारी भएको बताउने कुमारीको सरकार प्रति गुनासो छ । सरकारले दर्जी जातिहरुको अधिकार प्रति वेवास्ता गरेको छ उनीहरुलाई राज्यको सम्पूर्ण संरचनामा सहभागी गराएको छैन त्यसैले २०७२ सालको संविधानमा दर्जीजातिहरुको अधिकारहरु पनि समेटिएको बताएकी छिन् । अहिलेको बनिएको संविधानमा दर्जी महिलाहरुको हक र अधिकार सुरक्षीत भएको भन्ने कुरामा भने उनी आशावादी देखिन्छन ।

# अध्याय छ
# सारांश, निश्कर्ष र सुझाव

## ६.१ सारांश :

नेपालमा एक बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक भएको राष्ट्र हो । नेपालका विभिन्न जाति मध्ये दर्जी जाति पनि एक हो । दर्जी जातिको बाहुल्य क्षेत्र दोलखा जिल्लाका वरिपरिका जिल्लाहरु भए पनि धेरै थोरै मात्रामा नेपालका विभिन्न जिल्लाहरुमा छरिएर रहेका छन् । इलाम, नगरपालीकामा बसोबास गर्ने दर्जी जातिका आफनै प्रकारका मौलिक धार्मिक, भाषा, सांस्कृतिक र संस्कार रहेको छ । यो जाति नेपालका जाति मध्ये जनसंख्याको हिशाबले छैटौ स्थानमा पर्दछ । वि.स. २०५८ को राष्ट्रिय जनगणना अनुसार यो जातिको कुल जनसंख्या १२,८२,३०४ रहेको छ । सम्पूर्ण जनजातिहरुको रहन सहन जनजीवन लगायत आर्थिक सामाजिक सांस्कृतिक शैक्षिक पक्षहरुको जानकारी पनि सम्पूर्ण नेपालीहरुले जानकारीमा राख्नु जरुरी छ । यसै परिवेशमा प्रस्तुत शोधपत्रमा इलाम नगरपालीकाका दर्जी महिलाहरुको वास्तविकता जीवनको यथार्थता स्पष्ट पार्ने प्रयास गरिएको छ ।

यो अध्ययन इलाम जिल्ला इलाम नगरपालीकाका दर्जी महिलाहरुको लैंगिक अवस्थाको अध्ययन सँग सम्बन्धित छ । समयको गति सँगै आजको विश्व विज्ञानको युगमा प्रवेश गरिसकेको छ । समाजका विभिन्न पक्षहरुमा परिर्वतन र विकास भएका छन् । यस परिप्रेक्ष्यमा दर्जीहरुको अवस्था के छ ? बदलिंदो समय र परिस्थितिसँग दर्जीहरुले के कसरी आत्मसाथ गरेका छन् वा छैनन् ? आफनो जीवन स्तरलाई माथि उकास्न दर्जी महिलाहरुले के कस्तो योगदान गरेका छन् ? मुख्यत :दर्जी महिलाहरुको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक अवस्था साथै निर्णय प्रकृयामा यस नगरपालीकाका दर्जी महिलाहरुको लैंगिक अवस्थाको बारेमा गहन रुपमा बिश्लेषण तथा व्याख्या गिरिएको छ । यसैमा आफनो अध्ययन केन्द्रित छ । यीनै प्रश्नहरुको सेरोफेरोमा शोधपत्र तयार गरिएको छ ।

यो शोधपत्र उल्लेख गरिएको उद्धेश्यलाई पूरा गर्नको लागि २५ जना उत्तरदाताहरुलाई नमूनाको रुपमा समेटिएको छ । यस अध्ययनमा प्राथमिक तथ्याङकको साथै द्धितीय तथ्याङकको पनि प्रयोग गरिएको छ ।

अनुसन्धानको कममा अध्ययनको उद्धेश्य पूरा गर्न विभिन्न किसिमको तथ्याङकीय विधिहरुको प्रयोग गरिएको छ । ती विधिहरु अध्ययनका उद्धेश्य अनुसारका प्रश्नावली, अन्तर्वाता र दर्जी महिलाहरुको प्रत्यक्ष रुपमा अवलोकन, अध्ययन क्षेत्रसँग सम्बन्धित विभिन्न दर्जी महिलाहरु मध्ये २ जना महिलाको वैयक्तिक अध्ययन गरिएको छ । समग्रमा भन्नु पर्दा यो अध्ययन इलाम नगरपालीकाका दर्जी महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक र निर्णय प्रकृयामा दर्जी महिलाहरुको लैंगिक अवस्थाको खोज मूलक एवम वर्णनात्मक अध्ययन हो । दर्जी जातिको बाहुल्य क्षेत्र दोलखा जिल्ला, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रसुवा, धादिङ, रामेछाप, तेह्रथुम, धरान, धनकुटा मुगु, हुम्ला आदि रहेता पनि मुलुकको चारैतिर थोर बहुत रुपमा फैलिएर रहेको यो जाति इलाम नगरपालीकामा पनि रहेका छन् । अन्य जाति तथा जनजातिसँग मिलेर बसेको यो जातिका घरहरु रातो वा सेतो रंगले पोतेको भेटिन्छ । शारीरिक रुपमा यो जातका महिला तथा पुरुषहरु अन्य जातका मानिसहरु भन्दा पृथक देखिन्छन् । नेपाली

भाषालाई मातृ भाषाकोरुपमा बोल्ने यो जातिका युवापिडि भने नेपाली भाषा बोल्न नै रुचाउँछन् । यी जातिहरु बौद्धधर्म र हिन्दू धर्म अर्न्तगतका विभिन्न संस्कारहरुमा आफुलाई समायोजन गर्दे आएको पाइन्छ ।

एकात्मक र संयुक्त दुवै थरीको पारिवारिक प्रणालीमा रमाउने यो जातिको सामाजिक, आर्थिक, शैक्षिक र पारिवारिक निर्णय प्रकृयामा महिलाहरुको अवस्था राम्रै रहेको छ । आफनो जागीरे पेशा नभएपनि नगदेबाली र रोजगारीका अन्य बैकल्पिक अवसर प्राप्त हुने हुँदा हातमुख जोड्न त्यति समस्या परेको पाइदैन । रोजगारी र आयस्रोतको लागि दुग्ध व्यवसाय नगदेबाली जाँड रक्सी उत्पादन र बिकी गर्ने व्यवसायबाट जीविको पार्जन गरेको पाइन्छ । सम्पत्तिमा दर्जी महिलाहरुको दोहोरो अधिकार रहने भएका कारणले महिलाहरुका आर्थिक स्थिति मजबुद नै देखिन्छ ।

मजबुत आर्थिक स्थितिले गर्दा घरेलु पारिवारिक निर्णय प्रकृयामा दर्जी महिलाहरुको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । यस जातिमा सामाजिक र सांस्कृतिक बन्देज कम भएको हुनाले महिलाहरु स्वतन्त्र र खुल्ला देखिन्छन् । सामाजिक र सांस्कृतिक बन्देज कम भएपनि यस जातिमा पितृसत्तात्मक सोच कायमै रहेको पाइन्छ । परिवारमा आर्थिक र पारिवारिक निर्णयमा अन्तिम निर्णय दर्जी पुरुषले नै गर्दछन् । आफनो स्वतन्त्र पेशा भएका र नभएका यो जातिका मानिसहरु सबै भूमिहीन छैनन् । महिला र पुरुष बीच काममा त्यति विभेद नभए पनि महिलाहरु भने घरायसी काम गर्दछन् । यस जातिमा अन्य जातिको भन्दा महिलालाई आदरको दृष्टिले हेरिन्छ । कोदाको ढिंडो माछा मासु यिनीहरुको मनपर्दो खाद्य परिकार हो । जाँडरक्सी त धार्मिक दृष्टिले नै उपयुक्त छ ।

यस जातिमा सामान्यतया महिलाहरु साक्षर नै रहेका छन् । यस अध्ययनमा उच्च शिक्षा सम्म अध्ययन उत्तरदाताहरु पाइएको छ भने रोजगारीको लागि सरकारी पेशामा संलग्न रहेको १ जना उत्तरदाता मात्र पाइयो । उत्तरदाताहरु मध्ये कसैले पनि गैर सरकारी संघ संस्थामा भने संलग्न भएको पाइएन । दर्जी महिलाहरु घरेलु प्रयोजनको लागि बुनाई कार्यमा संलग्न रहेको पाइयो । यो जातिको कतिपय सामाजिक र सांस्कृतिक पक्षहरु अन्य जातिसँग मिल्दो देखिन्छ । परम्परागत मागी विवाहको अतिरिक्त प्रेम विवाह चोरी विवाह, जबरजस्ती विवाह, जारी विवाह, विधवा विवाह, अर्न्तजातीय विवाह र मामा चेला फुपु चेली बीच हुने विवाह बिद्यमान रहेको पाइन्छ । विवाहको लागि पहिलो आधिकारिक पुरुष मामाको छोराहरु हुन्छ भने विवाहको लागि केटीको भन्दा केटीकी आमाको मन्जुरी अनिवार्य मानिन्छ । यस जातिको परम्परागत भेषभूषा र गरगहनामा भन्दा पनि आधुनिक भेषभूषा र गरगहनामा आकर्षित हुर्दै गएको पाइन्छ । यो जातिहरुले आफनो चाडपर्वहरु विशेष उत्साहका साथ मनाउँछन् । त्यसमा पनि नयाँ वर्ष बैशाख महिनालाई विशेष महत्व दिएको पाइयो । दर्जी महिलाहरु महिला अधिकारको बारेमा भन्दा जनजाति अधिकारको बारेमा जानकार रहेको पाइयो । दर्जी महिलाहरुको मुख्य समस्या भनेको पितृसत्तात्मक सोच, सांस्कृतिक आर्थिक नै रहेको छ पितृसत्तात्मक सोच अवधारणाले दर्जी महिलाहरुको क्षमता र व्यक्तित्व विकासमा नकारात्मक प्रभाव पारेको छ ।

सबै भन्दा जडकुरा शिक्षाको कमि र चेतनाको विकास नहुनु हो । दर्जी महिलाहरु साक्षर परिश्रमी, मेहनती तथा क्षमतावान हुँदा हुँदै पनि परम्परागत घरायसी कार्यमा सिमित रहेका छन । दर्जी समाजको सामाजिक ढाँचा पनि पुरुष प्रधान रहेको छ । यस समाजमा सुनामको स्थान

उच्च रहेको र सबै दर्जी पुरुषहरु सुनाम बन्न सक्ने र महिलाहरुको अशुद्धताहरु यिनै सुनामहरुबाट मात्र हट्न सक्ने भन्ने मान्यता रहेकोले पनि महिलाहरुलाई वस्तुको रुपमा हेरिएको छ। यसरी महिलाहरुलाई वस्तुको रुपमा र पुरुषहरुलाई ज्ञानको दाताको रुपमा हेरिनुले पनि दर्जी समाजमा महिलाहरुको स्तर माथि उठ्न सकेको पाईदैन । यस समुदायमा विवाह पछि एउटी महिला लोग्नेको घर जानु र त्यहाँ पनि ्उसले आफनो परम्परागत कामलाई नै निरन्तरता दिनु पर्ने हुदा उसको व्यक्तित्व विकास हुन सकेको पाइदैन । दर्जी महिलाहरुको सम्पत्ति माथिको दोहोरो अधिकार रहे पनि पितृसत्तात्मक सोचको कारण आर्थिक क्षेत्रमा अन्तिम निर्णय गर्ने अधिकार पुरुष दर्जीमा नै रहेको छ । साथै पारिवारिक खर्च गर्नमा पनि पुरुष दर्जीको अनुमति लिनु पर्नाले पनि महिलाहरु पुरुष प्रति आश्रीत हुनु पर्ने बाध्यता रहेको पाईन्छ ।

दर्जी समाजमा बाबुको पहिचानलाई बढि महत्व दिनु, सुनाम ग्रन्थ पनि स्वयं पनि पितृ प्रधान स्वभावको पुरुषहरु ज्ञानको दाता हुनु र जाति एकताको लागि पुरुषको भूमिकालाई महत्व दिनु महिलाहरु घरायसी कार्यमा संलग्न हुनु विवाह अघि र पछि जातिय परम्परालाई कायम राखि परम्परागत पेशा र व्यवसायलाई नै निरन्तरता दिनु पर्ने बाध्यात्मक परिस्थीतिले दर्जी महिलाहरुको स्तर बृद्धिमा सकारात्मक परिर्वतन हुन सकेको छैन । बाह्रय कार्यको सम्पर्कको अभावले उनीहरुको क्षमतामा विकास हुन सकेको छैन । राजनीति क्षेत्रमा पनि महिलाहरुको पहुँच पुग्न सकेको छैन । विश्वको आधा भन्दा बढी आकाश ओगट्न सफल महिलाहरुको विकास नभई समग्र विकासका लागि सम्पूर्ण पक्षमा दर्जी महिलाहरुको स्तरलाई माथि उठाउनु पर्ने आवश्यकता देखिन्छ ।

## ६.२ निष्कर्ष :

नेपालमा बसोबास गर्ने विभिन्न जनजातिहरु मध्ये दर्जी जाति पनि एक हो । उनीहरुको आफनै सामाजिक, सांस्कृतिक, मूल्य मान्यता परम्परा भए पनि अन्य जातिहरुसँग मिलेर नै बसेका छन । दर्जी जातिको पुरुषको तुलनामा महिलाहरुको स्तर माथि उठ्न सकेको छैन । साक्षरता प्रतिशत आर्थिक स्थीति सामाजिक स्तर र सांस्कृतिक हैसियत निम्न देखिन्छ । यस्तो देखिनुमा पितृसत्तात्मक सोच नै बढि जिम्मेवार रहेको देखिएको छ ।

आफ्नै जातिय संस्कृति, भाषा र रहन सहनमा रमाउन चाहाने यी जाति परम्परागत धारणाबाट ग्रसित छ । दर्जी महिलाहरुको शैक्षिक स्तर र आर्थिक अवस्था अपेक्षीत रुपमा राम्रो रहेको छ पारिवारिक निर्णय प्रकृयामा पनि महिलाहरुको सहभागिता रहेको पाईन्छ । यो जातिको समुदायमा दाइजो प्रथाको विकृति छैन । विवाहमा केटा पक्षबाट भने केटी पक्षलाई रित ( विवाह खर्च ) व्यर्होनु पर्ने परम्परा छ । आर्थिक क्षेत्र र आयश्रोतलाई हेर्दा परम्परागत जाँड रक्सी व्यवसाय अपनाएका बढि महिला पाइन्छन् । दुग्ध जन्य पदार्थको बिकि र नगदे बालिलाई पनि आयश्रोतको रुपमा अपनाएका छन् । राजनीतिक क्षेत्रमा पछाडि रहेता पनि यहाँका महिलाहरु स्वास्थ्य शिक्षा प्रति भने सचेत रहेका छन् । सामाजिक र सांस्कृतिक पक्षहरुमा स्वतन्त्रता खुल्ला रहेता पनि समाजमा पितृसत्तात्मक अवधारणाले जरो गाडेको हुँदा पुरुषको तुलनामा महिलाहरुको अवस्था कमजोर देखिन्छ ।

दर्जी जातिका महिलाहरु परिश्रमी मेहनती तथा क्षमतावान भए पनि पितृसत्तात्मक सोचले उनीहरु पछाडि परेका छन् । आर्थिक परिचालनमा पुरुष प्रति आश्रीत छन । योग्यता अनुसारको अवसर पाउन सकेका छैनन । त्यसै गरि राज्यले महिलाहरुको लागि ठोस कार्यक्रम नल्याउनु, दर्जी महिलाहरुको स्तर माथि उठाउन गैर सरकारी संस्थाहरु पनि आकर्षित नहुनु र राजनीतिक चेतनाको विकास हुन नसक्नु पनि महिला पछाडि पर्नुको कारण हुन । निष्कर्षमा के भन्न सकिन्छ भने मानिसको आर्थिक शैक्षिक स्तर राम्रो हुदैमा मानिसको विकास हुन सक्दैन । विकासका लागि सम्पूर्ण पक्षको विकास हुनु पर्दछ । यहाँ पनि दर्जी महिलाहरुको आर्थिक र शैक्षिक स्तर राम्रो देखिए तापनि पितृसत्तात्मक सोच, सामाजिक र सांस्कृतिक मुल्य मान्यताहरुले गर्दा पुरुषको तुलनामा महिलाहरुको स्तर र व्यक्तित्व विकास हुन सकेको छैन । जीवनको हरेक अवसरबाट बन्चीत छन । पुरुष प्रति आश्रीत छन । तर आधुनिक दर्जी युवा युवतिहरुमा भने परम्परागत सोचमा परिर्वतन हुदै गएको पाउँछौ । घरायसी काम भन्दा पनि बाह्य कामलाई महिलाहरुले बढि महत्व दिन थालेका छन । यिनीहरुमा राजनीतिक चेतनाको विकास हुदै गएको छ । यसरी नयाँ पुस्तामा समय सापेक्ष परिर्वतनहरु देखा पर्दै जानुले पनि भविश्यमा पर्याप्त सुधार प्रगति हुने सम्भावना देखिन्छ ।

## ६.३ सुझाव :

यस अध्ययनमा दर्जी महिलाहरुको लैंगिक अवस्थाको बारेमा प्राप्त तथ्याङक यसको परिणामबाट यिनीहरुको वर्तमान स्थीतिको बारेमा स्पष्ट रुपमा विभिन्न कुराहरुको बारेमा जानकारी प्राप्त भएको छ । साथै दर्जी महिलाहरु पुरुषको तुलनामा पछाडि पर्नुमा पितृसत्तात्मक सोच, सामाजिक सांस्कृतिक र आर्थिक असमानता र राजनीतिक चेतनाको अभाव नै प्रमुख कारकको रुपमा देखिएको छ । त्यसैले एउटा रथका दुई पाँग्रा भनिने महिलाहरुको आर्थिक सामाजिक राजनीतिक शैक्षिक क्षेत्रको विकासका लागि देहाय अनुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

१. पितृसत्तात्मक सोच र परम्परागत जातिय संस्कारबाट यिनीहरु ग्रसित भएको हुँदा त्यसबाट मुक्त गर्न सरकारी तथा गैर सरकारी संस्थाहरुबाट चेतनामूलक कार्यक्रमहरु संचालन गनु पर्दछ ।

२.राज्यका सम्पूर्ण क्षेत्रमा महिलाहरुको पहुँच बढाउन राज्यले प्याकेज कार्यक्रम बनाई लागु गर्नु पर्ने र त्यस कार्यक्रमलाई कडाईका साथ कार्यान्वयन गर्नु पर्दछ ।

३. दर्जी महिलाहरुको स्तर बृद्धि हुने खालका विकासका रणनीतिहरुलाई राज्यले अंगाल्नु पर्ने देखिन्छ ।

४.राजनीतिमा महिला सहभागिता बृद्धि गर्दै विभिन्न राजनीतिक दलहरुले दर्जी महिलाहरुलाई उचित स्थान दिनु पर्दछ ।

५.दर्जी महिलाहरुलाई राज्यको सम्पूर्ण संरचनाहरुमा सहभागि गराउनलाई आरक्षणको व्यवस्था गनुपर्दछ ।

६.दर्जी महिलाहरुको शिक्षा मूलक कार्यक्रम र चेतना मूलक कार्यक्रम ल्याईनु पर्दछ ।

यसरी माथि उल्लेखित विभिन्न सुझावहरुलाई लागु गर्न सके इलाम नगरपालीकाका महिला लगायत समस्त महिलाहरुको उन्नती प्रगति र व्यक्तित्व विकास हुन्छ र टोल गाउँ जिल्ला हुदै समग्र राष्ट्रको नै उन्नति गर्न सकिन्छ ।

# परिशिष्ट १

अध्ययनको क्रममा इलाम नगरपालीकाका दर्जी महिलाहरुलाई सोधिएका प्रश्नहरु

१.व्यक्तिगत विवरण :

क.नाम　　　　　　　　　　　　ख.थर

ग.उमेर　　　　　　　　　　　　घ.लिंग

ङ.धर्म　　　　　　　　　　　　च.जन्म स्थान

छ. न.पा.　　　　　　　　　　　ज.वार्ड नं.

झ. साक्षर　निरक्षर　　　　　　　ञ. परिवार संख्या

ट. पिता वा पतिको नाम

२. परिवारको आर्थिक विवरण :

क.परिवारको आय, श्रोत

अ.कृषि　　　　　　　　　　　　आ.व्यापार व्यवसाय ( जाँड रक्सी )

इ.मजदुरी　　　　　　　　　　　ई. नोकरी

उ.अन्य

ख. आयश्रोतले कति महिना खान पुग्छ ?

अ.३ महिना　　　　　　आ.६महिना

इ.९महिना　　　　　　ई.वर्ष भरी नै

ग.मासिक सदर आम्दानी कति हुन्छ ?

घ.मासिक सरदर खर्च कति हुन्छ ?

ङ बैकिङ कारोबार कहाँ कुन संस्थामा गर्नु हुन्छ ?

अ.बैक　वित्तिय संस्था

आ.साहुमहाजन

इ.दुवैबाट

च.घर खेतीबारी कति छ ?

छ.घर खेतीबारी कस्को स्वामित्वमा छ ?

ज.घर पालुवा जनावर छन् । छैनन् ?

झ.छन् भने कतिवटा के के छन् ?

३. घरको बनावट :

क.घर के ले बनेको छ ?

अ. ढुंगा र माटोले　　　　　　　　आ. रड सिमेन्टले

इ. टाटीले बारेको　　　　　　　　ई. पक्की

ख.घरको छाना के को छ ?

अ. पक्की　　　　　　　　　　　आ.जस्तापाता

इ.खर । पराल

ग.घरमा कस्तो रंग लगाउनु हुन्छ ?

अ.रातो आ. सेतो इ.अन्य

घ. खाना पकाउन कस्तो इन्धन प्रयोग गर्नु हुन्छ ?

अ.ग्यास आ.मट्टीतेल इ.दाउरा

ई.कोइराला

४.शिक्षा सम्बन्धी विवरण :

क. लेखापढी गर्न आउँछ आउँदैन ?

ख.कति सम्म पढ्न भएको

४.शिक्षा सम्बन्धी विवरण :

क. लेखापढी गर्न आउँछ आउँदैन ?

ख.कति सम्म पढ्न भएको छ ?

अ. सामान्य लेखपढ आ.प्राथमिक तह सम्म

इ.मा.वि.तह सम्म ई.उच्च शिक्षा

५.स्वास्थ्य सम्बन्धी विवरण :

क.बिरामी हुँदा कहाँ जानु हुन्छ ?

अ.धामी झाक्री आ.हेल्थपोष्ट

इ. अस्पताल ई. क्लिनिक

ख.परिवार नियोजनको साधन प्रयोग गर्नु हुन्छ ? हुन्छ भने

अ.स्थायी बन्ध्याकरण आ.डिपोप्रोभेरा

इ. निलोकन चक्की ई.कण्डोम

ग.खानेपानीको सुविधा छ की छैन ?

अ.छ आ. छैन

६.विवाह सम्बन्धी विवरण :

क.छोराको कति वर्षमा विवाह गर्न हुन्छ ?

अ.सानै उमेरमा आ.७ देखि १४ वर्ष भित्र

इ. १५ वर्ष देखि २० वर्ष सम्म ई. २१ वर्ष देखि २५ वर्ष सम्म

उ.२६ वर्ष भन्दा माथि

ख.छोरीको कति वर्षमा विवाह गर्ने चलन छ ?

अ. सानो उमेर मै आ.५वर्ष देखि १० वर्ष सम्म

इ. १० वर्ष देखि १५ वर्ष सम्म ई. १५ वर्ष देखि २० वर्ष सम्म

उ. २० वर्ष देखि माथि

ग.परिवारमा छोरा वा छोरी कस्को जन्ममा बढी खुशी हुन्छन् ?

अ.छोरा आ.छोरी ई. दुवै

७. महिला अधिकार सम्बन्धी ज्ञान

क.महिला अधिकार के हो थाहा छ ?

अ.थाहा छैन आ.अलि अलि थाहा छ इ. थाहा छ ।

ख. दर्जी अधिकार भनेको के हो थाह छ ?

अ. छ । आ.अलि अलि थाह छ ? इ.थाह छैन ।

# परिशिष्ट २

सामुहिक छलफल एवं प्रश्नहरु

१.नाम

२.ठेगाना

३. उमेर

४. पिता पतिको नाम

५. शिक्षा

६.आम्दानी कति छ ?

७. तपाईको परिवारको मुली को हो ?

८.तपाइहरुको मुख्य चाड के हो ?

९.राजनीतिमा लाग्ने चाहना इच्छा कति छ ?

१०. बोक्सीको बारेमा धारणा के छ ?

११. सम्पत्तिमा महिलाको पहुँच कस्तो हुनु पर्छ ?

१२.पुरुष सरह महिलाले अधिकार प्राप्त गर्न के गर्नु पर्छ ?

१३.तपाईको आर्थिक, राजनीतिक, शैक्षिक स्थितिमा सुधार ल्याउन के गर्नुपर्छ ?

१४.सरोकारबाट के आशा राख्नु भएको छ ?

१५. छोरा छोरीलाई खोप लगाउनु भएको छ ?

१६.छोरा र छोरीलाई समान दृष्टिबाट हेर्नु हुन्छ ?

१७.सामान्यतया कति वर्षमा विवाह हुन्छ ?

१८. सुत्केरी कहाँ गराउनु हुन्छ ?

१९.लोग्नेबाट यातना पाउनु भएको छ कि माया ?

२०.समस्त महिलाको स्थितिमा सुधार ल्याउन के गर्नु पर्ला ?

# **Biblography**( सन्दर्भ सामाग्री )

१. आचार्य, बलराम ( २०६४ ) : प्रतिवेदन लेखन चौथो संस्करण ।
२.भण्डारी के पी : समाजशास्त्र र मानवशास्त्र अनुसन्धानका पद्धतिहरु ।
३.शर्मा, डा.गोपाल : अर्न्तराष्ट्रिय मानवअधिकार ।
४.जिल्ला विकास समिती इलाम ( २०७० ) : महिला शसक्तिकरण ।
५.इलाम नगरपालीकाको कार्यालय, इलाम ( २०६९) : महिला हिंसा विरुद्ध अभियान ।
६.महिला जागरण संघ इलाम ( २०६९ ) : महिला हक हित र अधिकार ।
७.शर्मा नगेन्द्र (२०६७ ) : जातीय संस्कार एक परिचय, काठमाण्डौ साझा प्रकाशन ।
८.दर्नाल प्रकाश ( २०४१ ) : दमाई जातिका सामाजिक संस्कार, पेज १३७ ।
९.शर्मा जनकलाल (२०६६ ) : हाम्रो समाज एक अध्ययन, काठमाण्डौ साझा प्रकाशन ।
१०.जोशी सत्यमोहन (२०२८ ) : कर्णाली लोक संस्कृति, इतिहास १ पृष्ठ ३ ।
११.बन्धु चुडामणि (२०२८ ) : नेपालमा जातीय संस्कार ।
१२.खत्री प्रा.डा.प्रेम (२०७०) : नेपालका जातीय संस्कार, खण्ड दुई, ने.प्र.प्र.कमलादी काठमाण्डौ
१३.कार्की, रण बहादुर (२०५८) : इलाम दर्शन ।
१४.केन्द्रीय तथ्याङक विभाग ( २०६१ ) : इलाम जिल्ला एक चिनारी, थापाथली काठमाण्डौ, केन्द्रीय तथ्याङक विभाग ।
१५.जिल्ला विकास समिति (२०६० ) : जिल्ला पार्श्वचित्र, इलाम जिल्ला विकास समिति ।
१६.विष्ट, डोर बहादुर (२०३० ) : सबै जातको फुलबारी : काठमाण्डौ, साझा प्रकाशन ।
१७.श्रीस (थापा ) धर्म प्रसाद (२०३८ ) : मगराती संस्कृति, बाग्लुङ ।
१८.रिमाल प्रदीप (२०२८ ) : कर्णाली लोक संस्कृति भाग ५, ने.रा.प्र.प्र. कमलादी ।
१९.सापकोटा महानन्द (२०२७ ) : दमाई, मधुपर्क वर्ष ३, अंक ३ गो.प.संस्थान काठमाण्डौ ।
२०.योगी नरहरिनाथ ( २०२२ ) : इतिहास प्रकाशन सन्धिपत्र सङग्रह भाग १ ।

विभिन्न मासिक पत्र पत्रिकाहरु

हिमपात (२०६३ वर्ष ५ अंक ९ ) ।
निर्देशिका ( २०५८ ) नेपाल दर्जी संघ, इलाम ।